सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

# नयाँ पत्रिका

nayapatrikadaily.com

२४ जेठ २०८३, आइतबार (7 June 2026, Sunday) ■ नेपाल संवत् ११४६ ■ वर्ष २० ■ अंक ५५ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

## आन्तरिक सुरक्षामा झन्डै आधा बजेट कटौती



अधिल्लो वर्षभन्दा गृहको ४८ प्रतिशत बजेट कटौती, रक्षाको बजेट भने बढेको-बढ्यै

(विस्तृत पृष्ठ ३)

## नेपाल–रुस सम्बन्धको बिर्सिन नहुने इतिहास



अग्रलेख

● प्राडा रतिन्द्रनाथ श्रेष्ठ

नेपाल र रुसबिचको सम्बन्ध कूटनीतिक औपचारिकतामा मात्र सीमित नभई दशकौँ लामो मित्रता, सहयोग र पारस्परिक समानताको इतिहासमा आधारित छ

(पृष्ठ ४)

## मोदीलाई बलियो हुन सघाइरहेको गान्धी परिवार



लेख

● रामचन्द्र गुहा

मोदी र अमित शाहको शासनलाई सुदृढ बनाउनमा जानी-नजानी सोनिया गान्धी, राहुल गान्धी र उनीहरूका चाटुकारको पनि हात छ

(पृष्ठ ५)

## बुढीगण्डकी निर्माणमा जानुअघि ड्यामको उचाइ पुनरवलोकन गरिँदै



सिएफआरडी मोडेलअनुसार ड्यामको उचाइ धेरै भएको प्रारम्भिक अनुमान

## उत्पादनमूलक उद्योगको वृद्धि सुस्त

एक दशकमा समग्र अर्थतन्त्रको औसत वृद्धिदर ४ प्रतिशत हुँदा उत्पादनमूलक उद्योगको वृद्धिदर २.९ प्रतिशत मात्रै

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

# सत्तारूढ रास्वपाको यस्तो छ महाधिवेशन तयारी

वडा र पालिकाको अधिवेशन सकिएर जिल्लाको सुरु, केही ठाउँमा विवाद, प्रदेश अधिवेशनपछि ७ असारदेखि चितवनमा महाधिवेशन

### पाँच लाखभन्दा बढीले लिए सदस्यता, थपिने क्रम जारी
### तीन हजारभन्दा बढी प्रतिनिधि हुने

● कवीन्द्र बुर्लाकोटी, महामन्त्री



महाधिवेशन तयारीका लागि सभापति रवि लामिछानेको अध्यक्षतामा महाधिवेशन मूल आयोजक समिति र ३० वटा उपसमिति बनाइएको छ। उपसमितिहरूले आ-आफ्नो काम गरिरहेका छन्। महाधिवेशनअगाडि तल्ला कमिटीको अधिवेशन भइरहेका छन्। वडा, पालिका, जिल्ला, प्रदेश, केन्द्रीय विभाग र प्रवास विभागबाट प्रतिनिधि सहभागी हुनेछन्। विधान संशोधनको पनि गृहकार्य भइरहेको छ।

**कमलराज भट्ट**/नयाँ पत्रिका

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले आफ्नो प्रथम महाधिवेशनको तयारी तीव्र पारेको छ। ७ असार ०७९ मा स्थापना भएको पार्टीले चार वर्षपछि स्थापना दिवसकै अवसरमा ७-९ असारसम्म चितवनमा पहिलो महाधिवेशन गर्दै छ। महाधिवेशन तयारीका लागि रास्वपाले पार्टी सभापति रवि लामिछानेको अध्यक्षतामा महाधिवेशन मूल आयोजक समिति गठन गरेको छ। यस्तै, ३० वटा अरू उपसमिति पनि बनाइएको छ। उपसमितिहरूले काम गरिरहेको महामन्त्री कवीन्द्र बुर्लाकोटीले बताए।

सभापति नेतृत्वको मूल आयोजक समितिमा डा. स्वर्णिम वाग्ले, कवीन्द्र बुर्लाकोटी, भूपदेव शाह, विपिनकुमार आचार्य, लिमा अधिकारी, बसुमाया तामाङ, मनीष झा, विराजभक्त श्रेष्ठ, दीपकराज बोहरा, गणेश पराजुली, सोविता गौतम, शिशिर खनाल, हरि ढकाल, सरिता

» पृष्ठ २ मा क्रमशः

### विधानमा के-के संशोधन हुँदै छ ?

रास्वपाले सहमहामन्त्री विपिन आचार्यको संयोजकत्वमा विधान संशोधन समिति बनाएर काम गरिरहेको छ। समितिले विधानमा संशोधन गर्नुपर्ने विषय पहिचान गरेर सुझावका लागि केन्द्रीय सचिवालय र केन्द्रीय समितिमा पेस गरेको छ। संयोजक आचार्यले केन्द्रीय समितिको सुझावपछि मस्यौदालाई अन्तिम रूप दिएर पारित गरिने बताए। उनका अनुसार पार्टी संगठनलाई आगामी दिनमा प्रभावकारी रूपमा सञ्चालन गर्ने प्रक्रियाहरू व्यावहारिक बनाउने हिसाबले विधान संशोधन हुनेछ। उनले भने, 'पदाधिकारी संख्या हेरफेरदेखि आवश्यक नीतिगत व्यवस्था परिमार्जन गरिएको छ।' महामन्त्री एकजना भएकोमा दुईजना राखिएको छ। बालेन्द्र शाह समूहबाट भूपदेव शाह दोस्रो महामन्त्री छन्। यसलाई विधानले समेटेको छ। यसैगरी, उपसभापति दुई थियो, एकजना थपेर तीन पुऱ्याइयो। सहमहामन्त्री तीनजना थियो, एक थपेर चार बनाइएको छ। सहप्रवक्ता एकजना थप्ने केन्द्रीय समितिको निर्णयअनुसार विधानमा व्यवस्थापन गरिएको छ।

## ६६ जिल्लामा अधिवेशन सुरु

मोरङ, सुनसरी, पर्सा, पाल्पा र बर्दियामा विवाद

■ बारामा २६ जेठ र १० जिल्लामा महाधिवेशनपछि अधिवेशन हुने

■ ६ वडा र ५ पालिकामा हुन सकेन अधिवेशन

बागमतीमा २६ जेठ, कोशीमा २७, मधेशमा २८, गण्डकीमा २९, लुम्बिनीमा ३० जेठ, कर्णालीमा ३१ जेठ र १ असारमा सुदूरपश्चिम प्रदेशको अधिवेशन हुने कार्यतालिका

पार्टी स्थापनाको चार वर्षपछि आगामी ७ देखि ९ असारसम्म चितवनमा पहिलो राष्ट्रिय महाधिवेशन तयारीमा जुटेको सत्तारूढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले जिल्ला नेतृत्व चयन सुरु गरेको छ। महामन्त्री कवीन्द्र बुर्लाकोटीले शनिबार र आइतबार देशका ६६ जिल्लामा पहिलो अधिवेशन हुने बताए। यसैअनुसार शनिबार ३७ जिल्लामा अधिवेशनको उद्घाटन भएको छ। उनका अनुसार आइतबार २९ जिल्लामा अधिवेशन सकिँदै छ। बारामा भने २६ जेठमा अधिवेशन गर्ने तयारी छ। पार्टीको प्रथम राष्ट्रिय महाधिवेशनअगावै ६७ जिल्लामा र बाँकी १० जिल्लामा महाधिवेशनपछि अधिवेशन गर्ने रास्वपाको तयारी छ। ती जिल्लामा सदस्यतालगायत प्राविधिक कामसमेत बाँकी रहेको बताइएको छ।

तर, सुनसरी, पर्सा, पाल्पा र बर्दियामा भने अधिवेशनका क्रममा तनाव सिर्जना भएको छ। सुनसरीमा जेन-जी र असन्तुष्टलाई पेलेर अगाडि बढ्न खोजेपछि विवाद भएको थियो। केही युवालाई प्रतिनिधिबाट हटाएको विरोधमा केही युवा धर्नामा बसेका थिए। उनीहरूलाई हटाएर चुनावी प्रक्रिया अगाडि बढाएपछि हात हालाहालको अवस्था भएको थियो। यद्यपि, विवादकै बिच अधिवेशन प्रक्रिया भने अगाडि बढाइएको छ।

यस्तै, पर्सामा उम्मेदवारी दर्ताकै बिच विवादपछि आइतबार बिहान ८ बजेसम्मका लागि प्रक्रिया स्थगित गरिएको छ। मोरङमा विवादका बिच नेतृत्व चयनका लागि मतदान भए पनि मतगणना रोकिएको छ।

संगठन विभागका सचिव शंकर श्रेष्ठका अनुसार रास्वपाको कमिटी भएको ४,२५० वडामध्ये बिहीबारसम्म ४,२४६ र कमिटी रहेका ५१७ पालिकामध्ये ५१२ मा अधिवेशन भइसकेको छ। महामन्त्री बुर्लाकोटीले वडादेखि जिल्लासम्मको अधिवेशनमा कतै सर्वसम्मत त कतै लोकतान्त्रिक प्रतिस्पर्धा भइरहेको बताए। 'मिश्रित छ, तर लोकतान्त्रिक प्रक्रिया फलो गरिएको छ,' उनले भने।

अधिवेशनको पूर्वसन्ध्यामा सभापति रवि लामिछानेको सन्देश-

### अब 'म'बाट 'हामी'मा रूपान्तरण हुने वेला आएको छ



● पार्टीको सर्वोपरि हितका लागि हरेक तहमा सक्षम, इमानदार र जनमैत्री नेतृत्व आवश्यक छ। संवाद, सहमति र आन्तरिक निर्वाचनजस्ता लोकतान्त्रिक विधि अपनाएर नेतृत्व चयन गरिनु नै हाम्रो संस्कार हो। यही प्रक्रियाबाट पार्टी अझ बलियो र परिपक्व बन्दै जान्छ।

● स्थापनाकालमा सीमित दायरामा सहमतिका आधारमा बोर्डिएका तदर्थ जिम्मेवारीलाई स्थायी मानक मानेर पदोन्नतिको अपेक्षा राख्ने वा 'योगदान'को हिसाबकिताब खोज्ने प्रवृत्ति पार्टी जीवनका लागि हितकर हुँदैन। चार वर्षमै यस्तो प्रवृत्तिले जरा गाड्न खोज्नु चिन्ताको विषय हो, जसलाई हामीले समयमै सच्याउनुपर्छ। यस्ता प्रवृत्तिलाई अधिवेशनकै लोकतान्त्रिक प्रक्रियाबाट न्यूनीकरण गर्नु आजको आवश्यकता हो।

● अब हाम्रो लक्ष्य केवल वैकल्पिक शक्ति बन्ने होइन, मुलुकको नेतृत्व गर्ने सक्षम राजनीतिक शक्ति बन्ने हो। त्यसका लागि पार्टीलाई अझ फराकिलो, समावेशी र सुदृढ बनाउनुपर्छ। तर, संगठन विस्तार हुँदा 'म रहन्नँ कि' भन्ने संकीर्ण चिन्तालाई त्यागनुपर्छ। पार्टी ठुलो हुँदा हामी सबैको भूमिका अझ अर्थपूर्ण हुन्छ।

● युगले दिएको अभिभारा पूरा गर्न, पछिल्लो जनमतलाई अझ विस्तार गर्न र राजनीतिलाई सुसंस्कृत, पारदर्शी तथा जनमैत्री बनाउन हामी सबैले धैर्य, त्याग र समर्पण देखाउनुपर्छ। अब 'म'बाट 'हामी'मा रूपान्तरण हुने वेला आएको छ। पहिलो महाधिवेशन प्रक्रिया सभ्य, भव्य, सुसंस्कृत र सन्देशमूलक बनोस्।

## सोधपुछ भन्दै प्रहरीले गऱ्यो निर्घात कुटपिट

नयाँ पत्रिका

सिराहाको लहान नगरपालिका- २४ का एक युवकले गाउँका साथीले बालिका भगाएको विषयमा सोधपुछ गर्न भन्दै प्रहरीले नियन्त्रणमा लिएर निर्घात कुटपिट गरेको आरोप लगाएका छन्। काठमाडौंमा होटेल म्यानेजमेन्ट पढ्दै गरेका लहान- २४ का २० वर्षीय अभिषेक पासवानले आफूलाई 'सोधपुछ गर्नुपर्नेछ' भन्दै गाउँ पुगेका प्रहरीले बिहीबार इलाका प्रहरी कार्यालय लहानमा ल्याई निर्घात कुटपिट तथा मानसिक यातना दिएको आरोप लगाएका हुन्।



क्याम्पस छुट्टी भएपछि दुई दिनअघि मात्र घर आएका उनले आफूलाई मुद्दा शाखाका प्रहरीले 'बालिकालाई तेरो साथीले कहाँ लुकाएर राखेको छ ?' भन्दै एउटै प्रश्न पटक-पटक सोध्दै रातभर प्लास्टिकको पाइपले कुटपिट गरेको बताए। प्लास्टिकको पाइपले कुटपिट गर्दा दुवै खुट्टा, हातमा चोटपटक लागेको उनले बताए। 'बालिका भगाएको विषयमा मेरो कुनै संलग्नता पनि छैन र कहाँ राखेको छ भन्नेबारे पनि कुनै जानकारी छैन,' उनले भने, 'गाउँका मेरै उमेरका साथीले लहानकी १६ वर्षीया बालिकालाई भगाएको रहेछ, त्यही विषयमा सोधपुछ गर्ने नाममा ममाथि निर्घात कुटपिट भएको हो। बालिका लिएर भागेका साथीले मसँग एकपल्ट मात्र मोबाइलमा कुराकानी गरेका थिए, त्यसपछि कुनै सम्पर्क, कुराकानी केही भएको छैन,' उनले भने।

■ दिल्लीमा नेपाल-भारत परराष्ट्रमन्त्रीस्तरीय वार्तामा सहमति

## दुई देशका सबै विद्यमान संयन्त्र सक्रिय पार्ने, काठमाडौंमा परराष्ट्रमन्त्रीस्तरीय बैठक बस्ने

**परराष्ट्रमन्त्री शिशिर खनालले दिल्लीबाट टेलिफोनमा भने-**

दुई देशका सबै पक्षमा अत्यन्तै सकारात्मक संवाद भयो। हामी विद्यमान संयन्त्रहरूलाई सक्रिय बनाउन सहमत भयौं। छलफलमा भएका विषयहरूमा ती संयन्त्रले छलफल गर्नेछन्। त्यसपछि चाँडै नै (दुई परराष्ट्रमन्त्रीबिच) अर्को बैठक बस्ने सहमति भएको छ।

**पशुराम काफ्ले**/नयाँ पत्रिका

रास्वपा सभापति रवि लामिछाने फर्किएकै दिन भारत भ्रमणमा गएका परराष्ट्रमन्त्री शिशिर खनाल र भारतीय समकक्षी डा. एस जयशंकरबिच शनिबार नयाँदिल्लीमा भेटवार्ता भएको छ। वार्तामा दुई देशबिच सीमा, डुबान, बाढी नियन्त्रणदेखि ऊर्जा, जलस्रोत, विद्युत् प्रसारण लाइनलगायत विद्यमान संयन्त्र सक्रिय गराउन सहमति जनाएका छन्। संयन्त्रहरू सक्रिय

» पृष्ठ २ मा क्रमशः



● भारतीय विदेश मन्त्रालयले वार्तापछि शनिबार जारी गरेको विज्ञप्तिमा भनेको छ-

मन्त्रीहरूले विभिन्न क्षेत्रमा द्विपक्षीय सहकार्यमा हासिल भएको प्रगतिप्रति सन्तोष व्यक्त गरे र नवप्रवर्तन (इन्नोभेसन) तथा स्टार्टअप, डिजिटल र वित्तीय प्रविधि एवं तालिम तथा क्षमता अभिवृद्धिजस्ता क्षेत्रमा सहकार्य बढाउन हालै गरिएका प्रयासहरूको स्वागत गरेका छन्।

सम्भौताले सीमापार अपराधहरूसँग सम्बन्धित अनुसन्धान, अभियोजन र न्यायिक प्रक्रियाको प्रभावकारिता बढाउन एक संस्थागत कानुनी ढाँचा प्रदान गरी भारत र नेपालका जनतालाई फाइदा पुऱ्याउनेछ।

कोशीमा ज्येष्ठ नागरिक ग्राम निर्माण योजना गायब

## खरिद गरेको ३२ बिघा जमिन पनि बेवारिसे, अधिकांश अतिक्रमणको चपेटामा

विराटनगरमा **गणेश लम्साल**

कोशी प्रदेश सरकारले असहाय वृद्धवृद्धालाई आश्रम दिन मोरङको ग्रामथान गाउँपालिका- ७, नेताचोकमा ०७५ मै शिलान्यास गरिसकेको ज्येष्ठ नागरिक ग्रामको योजना अलपत्र बनेको छ। ज्येष्ठ नागरिकका लागि नलेज पार्क र उपचार केन्द्रसहितको सुविधासम्पन्न ग्राम बनाउन तत्कालीन सरकारले खरिद गरेको ३२ बिघा जमिन पनि बेवारिसे छ।

बेसहारा, अशक्त, असाहय, अनाथ र अभिभावकविहीन सडकआश्रित मानिस र उपेक्षित ज्येष्ठ नागरिकको संरक्षणका लागि जमिन खरिद गरेर डिपिआरसमेत सम्पन्न गराई ग्राम निर्माणका लागि तीन करोड ५० लाख बजेट विनियोजन भयो। तर, शिलान्यासको आठ वर्ष बितिसक्दा पनि सरकारले ग्राम निर्माण अगाडि बढाएको छैन।

» पृष्ठ २ मा क्रमशः



असाहय वृद्धवृद्धालाई आश्रम दिन मोरङको ग्रामथान गाउँपालिका- ७, नेताचोकमा बनाउने भनिएको 'ज्येष्ठ नागरिक ग्राम'को थ्रिडी रेन्डर

कोशीका पूर्वसामाजिक विकासमन्त्री **जीवन घिमिरे** भन्छन्-



पहिलो वर्ष कार्यदलबाट अध्ययन गराएँ, दोस्रो वर्ष जग्गा खरिद गरेर डिपिआर गराएँ। तेस्रो वर्ष बजेट विनियोजन गराएर शिलान्यास पनि गराएँ। तर, मन्त्रीबाट हटेपछि बजेट नै रकमान्तर भयो। त्यसपछि त योजनै हरायो। अहिले प्रदेश सरकारको एक मात्र लालपुर्जा भएका जमिन पनि बेवारिसे भएर अतिक्रमणको चपेटामा परिसकेको छ।

भीमदत्त राजमार्ग स्तरोन्नतिको काम ठप्प

## बिटुमिन अभाव र इन्धनको मूल्य बढेको भन्दै निर्माण कम्पनीले रोक्यो काम



गोदावरी नगरपालिकाको बुढीतोलामा ०८० साउनमा पहिरोले बगाएपछिको सडक अझै कालोपत्रे भएको छैन

धनगढीमा **तेजराज भट्ट**

सुदूरपश्चिमको तराई र पहाडलाई जोड्ने एक मात्र सडक भीमदत्त राजमार्ग स्तरोन्नतिको काम ठप्प भएको छ। इन्धनको मूल्य बढेको र कालोपत्रेका लागि बिटुमिन (अलकत्रा)को अभाव भएको भन्दै एक महिनायता काम रोकिएको हो।

स्तरोन्नतिअन्तर्गत कैलालीको गोदावरीदेखि सहजपुरसम्म ३१ किलोमिटर सडकमा कालोपत्रे थप्न थालिएकामा २५

» पृष्ठ २ मा क्रमशः

# सत्तारूढ रास्वपाको...

पृष्ठ १ बाट क्रमशः

ज्ञवाली, सागर ढकाल तथा सबै केन्द्रीय सदस्य र सबै प्रदेश सभापति सदस्य छन् । मूल आयोजक समितिअन्तर्गत १८ वटा उपसमिति पनि गठन गरिएको छ । जसमा कार्यक्रम सञ्चालन एवं व्यवस्थापन, गुनासो व्यवस्थापन, प्रतिवेदन तथा प्रस्ताव मस्यौदा, आर्थिक व्यवस्थापन, महाधिवेशन प्रतिनिधि व्यवस्थापन, कानुनी समन्वय, प्रचारप्रसार तथा सञ्चार समन्वय र सुरक्षा तथा स्वयंसेवक परिचालन उपसमिति छन् ।

यस्तै, सूचना प्रविधि, आवास तथा भोजन व्यवस्थापन, अतिथि सत्कार, हल तथा मञ्च व्यस्थापन, स्वास्थ्य सेवा, सांस्कृतिक कार्यक्रम, यातायात व्यवस्थापन, स्थानीय समन्वय सहकार्य, अभिलेखीकरण तथा दस्तावेजीकरण र अनुशासन उपसमिति बनाइएको छ ।

यसअघि केन्द्रीय समितिले महाधिवेशन तयारीका लागि १२ वटा उपसमिति गठन गरेको थियो । जसमा प्रतिनिधि व्यवस्थापन, प्रतिवेदन तथा प्रस्ताव मस्यौदा, आर्थिक व्यवस्थापन, प्रचारप्रसार, सुरक्षा, सूचना प्रविधि, साजसज्जा, आवास तथा भोजन, स्वास्थ्य तथा प्राथमिक उपचार, सांस्कृतिक कार्यक्रम, अतिथि सत्कार र विधान संशोधन समिति छन् । यी समितिले पनि आफ्नो काम गरिरहेको महामन्त्री बुर्लाकोटीले बताए ।

## स्थान टुंगिन बाँकी

चितवनमा महाधिवेशन तय गरेको रास्वपाले कुन स्थानमा गर्ने भन्ने तय भएको छैन । उद्घाटन नारायणी किनार र बन्दसत्र सौराहमा गर्ने विकल्पमा छलफल भइरहेको छ । 'ठाउँ हेरिरहेका छौँ । ३५ सयजनाजति अट्ने ठाउँ हेरिरहेका छौँ । चितवनको गर्मीमा सहज हुनेलगायत हेरेका छौँ,' संगठन विभाग सचिव शंकर श्रेष्ठले, 'उद्घाटन सत्र खुला चौरमा गर्ने कि टेन्ट हाल्ने भन्नेलगायतमा कुरा चलिरहेको छ ।'

## तीन हजार प्रतिनिधि

रास्वपाको प्रथम महाधिवेशनमा तीन हजारभन्दा बढी प्रतिनिधि सहभागी हुने देखिएको छ । महामन्त्री बुर्लाकोटीका अनुसार वडा, पालिका, जिल्ला, प्रदेश, केन्द्रीय विभाग र प्रवास विभागबाट प्रतिनिधि सहभागी हुने र त्यो संख्या तीन हजारभन्दा बढी हुने बताए ।

## सदस्य कति छन् ?

संगठन विभागका अनुसार आजको दिनमा रास्वपासँग पाँच लाखभन्दा बढी संगठित सदस्य छन् । बिहीबारसम्म पाँच लाख १२ हजार ७४५ जनाले रास्वपाको सदस्यता लिएका छन् । दिनहुँ हजारभन्दा बढीले सदस्य लिइरहेको विभागका सचिव श्रेष्ठले बताए । उनका अनुसार रास्वपाको डिजिटल एप डाउनलोड गरेर आफ्नो विवरण भरेर अनलाइनमार्फत सदस्यता लिन सकिन्छ भने अर्को अफलाइन फाराम भर्ने, यो डिजिटल तथा इन्टरनेट पहुँच नभएका शुभेच्छुकका लागि हो । अफलाइन फारामलाई पछि अनलाइनमा इन्ट्री गरिन्छ । अझै ५० हजारभन्दा माथि अफलाइन फाराम इन्ट्री हुन बाँकी रहेको छ । यो हालको सदस्यतामा जोडिएको छैन ।

## मूल नेतृत्व परिवर्तन नहुने

महाधिवेशन नजिकिँदै गर्दा पदाधिकारीमा नेताहरूले आ-आफ्नै तरिकाले आकांक्षा राखिरहेका भए पनि महाधिवेशनले मूल नेतृत्व भने परिवर्तन नगर्ने निश्चित छ । महामन्त्री कवीन्द्र बुर्लाकोटीले महाधिवेशनबाट सभापति रवि लामिछाने नै हुने तथा वरिष्ठ नेतामा बालेन्द्र शाह दोहोरिने बताए । 'पार्टीको मौजुदा संरचना ख्यालमा राखेर पार्टीले नै सरकार सञ्चालन गरिरहेको छ । सबैलाई सन्तुलनमा राखेर हेर्दा पार्टीको मूल नेतृत्व परिवर्तन हुने संकेत छैन,' उनले भने, 'पार्टी सभापति रवि लामिछानेज्यू नै हुनुहुन्छ । र सरकारको नेतृत्व पार्टीका वरिष्ठ नेता र संसदीय दलका नेताले गरिरहनुभएको छ । यो सन्तुलन मिलाएर पार्टी अगाडि बढ्छ ।'

अन्य पदाधिकारी पदमा भने प्रतिस्पर्धा हुन सक्ने उनको भनाइ छ । सभापति एक, उपसभापति महिलासहित तीन, महामन्त्री दुई, सहमहामन्त्री चारजना हुने गरी विधान प्रस्तावित भएको छ । केन्द्रीय समितिको सुझावका आधार थपघट हुनेछ । उपसभापति एकजना थपेर चार बनाउनेबारे छलफल चलिरहेको, तर टुंगिनसकेको उनको भनाइ छ । 'यसमा संख्याभन्दा आवश्यकताका आधारमा प्रस्ताव भइरहेको छ,' उनले भने । केन्द्रीय समिति १२१ बाट बढाउने तयारी छ ।

## अन्य आकांक्षी को-को ?

नेताहरूका अनुसार सभापतिमा रवि लामिछाने, उपसभापतिमा स्वर्णिम वाग्ले, महामन्त्रीमा कवीन्द्र बुर्लाकोटी र भूपदेव शाह दोहोरिने निश्चित छ । बाँकी दुई उपसभापतिमा विराजभक्त श्रेष्ठ र सुनील लम्साललगायतको नाम चर्चामा छ । महिला उपसभापतिमा सोविता गौतम, प्रतिभा रावल, लिमा अधिकारी, समीक्षा बाँस्कोटा र बसुमाया तामाङलगायतको नाम चर्चामा छ । सहमहामन्त्रीमा विपिन आचार्य र दीपक बोहरासँगै थप ६ जनाले आकांक्षा देखाएका छन् । प्रवक्ता र सहप्रवक्ता भने सभापतिले मनोनीत गर्ने व्यवस्था छ । केन्द्रीय सदस्यका लागि विभिन्न आकांक्षी रहेको र कसरी व्यवस्थापन गर्ने भन्ने छलफल भइरहेको पदाधिकारीहरू बताउँछन् । पदको बाँडफाँटका सम्बन्धमा अब नेतृत्व तहमा छलफल गरेर जाने नेताहरू बताउँछन् । 'एकताको सन्देश दिने गरी मिलेर सर्वसम्मत वा लोकतान्त्रिक विधिबाट नेतृत्व र पदाधिकारी चयन हुन्छ,' महामन्त्री बुर्लाकोटीले भने ।

## तल्ला कमिटीको अधिवेशन धमाधम

केन्द्रीय महाधिवेशनअगाडि रास्वपाको तल्ला कमिटीको अधिवेशन धमाधम भइरहेको छ । संगठन विभागका सचिव शंकर श्रेष्ठका अनुसार रास्वपाको कमिटी भएको चार हजार २५० वडा समितिमध्ये बिहीबारसम्म चार हजार २४६ कमिटीको अधिवेशन सम्पन्न भइसकेको छ । चारवटा कमिटीको पनि सम्पन्न हुने चरणमा छ । प्रदेशगत तथ्यांकमा हेर्दा कोशीका ५६९, मधेश ७२०, बागमती ९००, गण्डकी ५२०, लुम्बिनी ७२०, कर्णाली ३३१, सुदूरपश्चिमका ४७६ वडा समितिको अधिवेशन सम्पन्न भएको छ ।

संगठन विभागको तथ्यांकअनुसार रास्वपाको ५१७ पालिकामा कमिटी छ । यीमध्ये ५१२ पालिका (महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिका) समितिको अधिवेशन भइसकेको संगठन विभाग सचिव श्रेष्ठले बताए । पाँचवटा पालिकाको अधिवेशन हुन बाँकी छ । प्रदेशगत रूपमा कोशी ६५, मधेश ६९, बागमती १०२, गण्डकी ६१, लुम्बिनी ८३, कर्णाली ५४ र सुदूरपश्चिमको ८० पालिकामा रास्वपाले अधिवेशन सम्पन्न गरेको छ ।

रास्वपाले ७७ वटै जिल्लाको अधिवेशन २३ र २४ जेठमा गर्दै छ । केन्द्रीय सदस्यलाई समन्वयका लागि खटाइएको छ । यसैगरी जेठ अन्तिम साता प्रदेश अधिवेशन गर्दै छ । बागमतीमा २६ जेठ, कोशीमा २७, मधेशमा २८, गण्डकीमा २९, लुम्बिनीमा ३० जेठ, कर्णालीमा ३१ जेठ र १ असारमा सुदूरपश्चिम प्रदेशको अधिवेशन हुने कार्यतालिका छ ।

## कसरी हुन्छ अधिवेशन ?

रास्वपाले वडादेखि केन्द्रसम्म अधिवेशन गर्न कार्यविधि बनाएको छ । संगठन विभाग सचिव शंकर श्रेष्ठका अनुसार अधिवेशन गर्न वडा कमिटीका कम्तीमा २१ सदस्य भेला भएर माग गर्नुपर्छ तथा पालिका हुँदै जिल्लाबाट अनुमति लिनुपर्छ । जिल्लाले स्वीकृत दिएर निर्वाचन समिति बनाइन्छ । निर्वाचन समितिले अधिवेशन गराउँछन् । यसैगरी पालिका समितिका लागि अधिकतम वडा प्रतिनिधि भेला भई अधिवेशन गर्न माग गरेपछि जिल्ला, प्रदेश हुँदै केन्द्रले अनुमोदन गर्छ । केन्द्रीय निर्वाचन आयोगले निर्वाचन समिति बनाएर पठाउँछ । जिल्लाको हकमा सबै पालिकाका प्रतिनिधिको भेलाले माग गरेबमोजिम प्रदेश हुँदै केन्द्रीय निर्वाचन आयोगले अनुमोदन गरेर निर्वाचन समिति पठाउँछ ।

## ६६ जिल्लामा अधिवेशन सुरु

पार्टी स्थापनाको चार वर्षपछि आगामी ७ देखि ९ असारसम्म चितवनमा पहिलो राष्ट्रिय महाधिवेशन तयारीमा जुटेको सत्तारूढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले जिल्ला नेतृत्व चयन सुरु गरेको छ । पार्टीको प्रथम राष्ट्रिय महाधिवेशनअगावै ६७ जिल्लामा र बाँकी १० जिल्लामा महाधिवेशनपछि अधिवेशन गर्ने रास्वपाको तयारी छ ।

महामन्त्री कवीन्द्र बुर्लाकोटीले शनिबार र आइतबार देशका ६६ जिल्लामा पहिलो अधिवेशन हुँदै छ । यसैअनुसार शनिबार ३७ जिल्लामा अधिवेशनको उद्घाटन भएको छ । उनका अनुसार आइतबार २९ जिल्लामा अधिवेशन सकिँदै छ । बारामा भने २६ जेठमा अधिवेशन गर्ने तयारी छ ।

शनिबार कोशी प्रदेशका आठ जिल्ला झापा, मोरङ, तेह्रथुम, ताप्लेजुङ, भोजपुर, संखुवासभा, ओखलढुंगा र सुनसरी तथा मधेश प्रदेशका दुई जिल्ला महोत्तरी र रौतहटमा अधिवेशन सम्पन्न भएको छ । त्यस्तै, बागमती प्रदेशका नौ जिल्ला दोलखा, काठमाडौं, भक्तपुर, नुवाकोट, धादिङ, मकवानपुर, काभ्रे, सिन्धुपाल्चोक र सिन्धुलीमा अधिवेशन सम्पन्न भएका छन् ।

दोलखामा जिल्ला तदर्थ समितिका निवर्तमान अध्यक्ष दिनेश बस्नेत नै पुनः सर्वसम्मत जिल्ला अध्यक्ष चुनिएका छन् । त्यस्तै, गण्डकी प्रदेशका पाँच जिल्ला स्याङ्जा, कास्की, पर्वत, बागलुङ र म्याग्दी तथा लुम्बिनी प्रदेशका आठ जिल्ला गुल्मी, नवलपरासी, पाल्पा, कपिलवस्तु, दाङ, बाँके, बर्दिया र रोल्पा, कर्णाली प्रदेशका दुई जिल्ला कालीकोट र सल्यान तथा सुदूरपश्चिम प्रदेशका तीन जिल्ला बैतडी, बझाङ र दार्चुलामा अधिवेशन सम्पन्न भएको छ ।

रास्वपाका अनुसार आइतबार कोशी प्रदेशका चार जिल्ला उदयपुर, सोलुखुम्बु, खोटाङ र इलाम, मधेश प्रदेशका चार जिल्ला सिराहा, धनुषा, पर्सा र सर्लाही तथा बागमती प्रदेशका दुई जिल्ला चितवन र ललितपुरमा अधिवेशन सम्पन्न हुँदै छ ।

त्यस्तै, गण्डकी प्रदेशका चार जिल्ला तनहुँ, नवलपुर, गोरखा र लमजुङ, लुम्बिनी प्रदेशका तीन जिल्ला अर्घाखाँची, रुपन्देही र प्युठान, कर्णाली प्रदेशका ६ जिल्ला सुर्खेत, जाजरकोट, दैलेख, रुकुम, मुगु र जुम्ला तथा सुदूरपश्चिम प्रदेशका ६ जिल्ला अछाम, डोटी, डडेलधुरा, कैलाली, कञ्चनपुर र बाजुरामा अधिवेशन सम्पन्न हुँदै छ ।

विशेष परिस्थितिका कारण बारा जिल्ला अधिवेशन २६ जेठमा आयोजना गरिने रास्वपाले जनाएको छ । त्यस्तै, आगामी २६ जेठमा सातवटै प्रदेशको अधिवेशनको तयारी भइरहेको भइरहेको र पहिलो प्रदेश अधिवेशनका रूपमा बागमती प्रदेशबाट सुरु हुँदै गरेको पनि रास्वपाले जनाएको छ ।

# दुई देशका सबै...

पृष्ठ १ बाट क्रमशः

भएपछि दुई महिनामा भारतीय विदेशमन्त्री जयशंकर नेपाल आउने र पुनः द्विपक्षीय एजेन्डामा छलफल गर्ने सहमति भएको छ ।

द्विपक्षीय वार्तापछि शनिबार राति परराष्ट्रमन्त्री खनालले दिल्लीबाट टेलिफोनमा भने, 'दुई देशका सबै पक्षमा अत्यन्तै सकारात्मक संवाद भयो । हामी विद्यमान संयन्त्रहरूलाई सक्रिय बनाउन सहमत भयौँ । छलफलमा भएका विषयहरू ती संयन्त्रले छलफल गर्नेछन् । त्यसपछि चाँडै नै हाम्रो (दुई परराष्ट्रमन्त्रीबिच) अर्को बैठक बस्ने सहमति भएको छ ।'

स्रोतका अनुसार जयशंकरले शनिबार भएका छलफल कार्यान्वयनमा लैजानुपर्ने र यसको समीक्षासहित अर्को बैठक छिट्टै गर्ने प्रस्ताव राखेका थिए । त्यसपछि खनालले उनलाई नेपाल भ्रमणको निमन्त्रणा दिएका छन् । जयशंकर संयुक्त राष्ट्रसंघको आगामी महासभाअघि नै नेपाल आउन सहमत भएका छन् ।

वार्तामा परराष्ट्रमन्त्री खनालसँगै कार्यवाहक नेपाली राजदूत डा. सुरेन्द्र थापा, परराष्ट्रको दक्षिण एसिया महाशाखा प्रमुख गेहेन्द्र राजभण्डारीलगायत थिए । भारतीय पक्षबाट जयशंकरसँगै भारतीय विदेशसचिव विक्रम मिश्री, नेपालका लागि राजदूत नवीन श्रीवास्तव, भारतीय विदेश मन्त्रालयको उत्तरी महाशाखा (नेपाल र भुटान सम्बन्ध हेर्ने) प्रमुख अतिरिक्त सचिव मनु महावरलगायत थिए ।

वार्ताको सुरुवातमा दुवै परराष्ट्रमन्त्रीले मन्तव्य राखेपछि विषयगत एजेन्डामा छलफल भएको थियो । औपचारिक वार्तामा परराष्ट्रमन्त्री खनालले सीमापार कनेक्टिभिटी (पूर्वाधार सञ्जाल), ऊर्जा साझेदारी, जलस्रोत व्यवस्थापन, विकास सहायता, बहुपक्षीय सहकार्य, खेलकुदलगायतमा नेपालको चासो राखेका थिए । कूटनीतिक स्रोतका अनुसार भारतीय विदेशमन्त्री डा. जयशंकरले परराष्ट्रमन्त्री खनालका सबै एजेन्डामा सकारात्मक जवाफ दिएका थिए ।

खनालले वर्षायाम नजिकिँदै गरेको अवस्थामा बाढी र डुबानसम्बन्धी संयुक्त संयन्त्र सक्रिय हुनुपर्ने धारणा राखेका थिए, जसमा जयशंकर सहमत थिए । सीमासम्बन्धी संयन्त्र सक्रिय गराउन, नेपालले मागेको एयर इन्ट्री रुटबारे प्राविधिकस्तरमा छलफल गरेर टुंगो लगाउनुपर्ने, जनकपुर-अयोध्या रेल सञ्चालनदेखि पूर्व-पश्चिम रेलमार्ग कनेक्टिभिटीमा सीमापार रेलमार्ग जोड्नुपर्नेमा परराष्ट्रमन्त्री खनालको जोड थियो । 'अहिले सञ्चालित परियोजना सम्पन्न गरौँ, नयाँ परियोजना समयबद्ध तालिकाअनुसार कार्यान्वयन गर्ने गरी तय गरौँ,' परराष्ट्रमन्त्रीलाई उद्धृत गर्दै कूटनीतिक स्रोतले भन्यो, 'परिणाम देखिने गरी काम गरौँ ।'

भारतीय विदेशमन्त्री जयशंकरले नेपालमा भारतीय लगानीकर्तालाई जलविद्युत् क्षेत्रमा सहज रूपमा काम गर्ने वातावरण बनाउन अनुरोध गरे । परराष्ट्रमन्त्री खनालले लगानीको सुरक्षासहित सहज वातावरण रहेको र उनीहरूको चासो सम्बोधन गर्ने प्रतिबद्धता जनाए । ट्रान्समिसन लाइन, सूचना प्रविधिमा सहकार्य, एआईमा आधारित विभिन्न मोडलमा थप सहकार्य, ऊर्जा व्यापारका विषयमा पनि सघन छलफल भएको थियो ।

दुई देशबिच सीमासम्बन्धी फिल्ड सर्भे टिमले काम गरिरहेको दुवै पक्षको समीक्षा थियो, त्यसभन्दा माथिका संयन्त्रहरूको बैठक क्रमैसँग राख्नुपर्नेमा दुवै पक्ष सहमत भएका थिए । 'लामो समयदेखि निष्क्रिय भएका सबै संयन्त्रलाई अब सक्रिय बनाउनुपर्छ र सबै विषयमा खुला एवं सघन छलफल गरौँ,' परराष्ट्रमन्त्रीको भनाइ थियो । जसमा विदेशमन्त्री जयशंकरले सहमति जनाएका थिए । उनले भारतीय प्रतिनिधिमण्डलसँग भनेका थिए, 'सबै संयन्त्रहरूको बैठक बस्नु उपयुक्त हुन्छ, भेटेर छलफल गर्नु राम्रो हो ।' दुवै परराष्ट्रमन्त्रीले परिणाम दिने गरी काम गर्नुपर्नेमा पटक-पटक जोड दिएका थिए ।


परराष्ट्र मन्त्रालय र भारतीय विदेश मन्त्रालयबिच समग्र परियोजना कार्यान्वयनका लागि अर्को संयन्त्र बनाउने प्रस्ताव नेपालको थियो, त्यसमा जयशंकरले सहमति जनाएका छन् । हाल परियोजना कार्यान्वयन अनुगमन संयन्त्र भए पनि सक्रिय छैन ।

## सुरुवातमा परराष्ट्रमन्त्रीद्वयले के-के भने ?

वार्ताको सुरुवातमा भारतीय विदेशमन्त्री जयशंकर बोलेका थिए । उनले दुई देशको सम्बन्ध आपसी विश्वासमा आधारित तथा विशेष रहेको बताएका थिए । जयशंकरले स्टार्टअप, एआई सूचना प्रविधि, नवीकरणीय ऊर्जाजस्ता नयाँ विधाहरूमा सहकार्य गर्दै सम्बन्ध अघि बढाउने अवसर प्राप्त भएको पनि बताएका थिए । उनले खुला सिमानालाई विशिष्ट भन्दै सीमा सुरक्षा कायम गरेर दुई देशले सहकार्य गरिरहेको उल्लेख गरे । 'लामो र विशिष्ट रूपमा खुला सिमानामा सुरक्षा कायम राख्न हामीले निकटताका साथ सहकार्य गरिरहेका छौँ । संकटका वेला दुई देश सधैँ एक-अर्काको साथमा उभिएका छन्,' उनले भने, 'पश्चिम एसिया (मध्यपूर्व)मा जारी संकटको अवस्थामा पनि हामीले नेपालतर्फको इन्धन आपूर्तिलाई निरन्तर र निर्बाध रूपमा सुनिश्चित गरेका छौँ ।'

परराष्ट्रमन्त्री खनालले सुरुवाती मन्तव्यमा भारतले विभिन्न संकटको समयमा नेपाललाई इन्धन, मललगायत आपूर्तिमा गरेको सहयोगको खुलेर प्रशंसा गरे । भारतसँगको सम्बन्धलाई नेपालले सर्वोच्च प्राथमिकतामा राखेको उल्लेख गर्दै खनालले थपे, 'नयाँ सरकारको नेतृत्वमा हामी ठोस, उद्देश्यपूर्ण र सम्भव भएसम्मको उच्चतम तहमा सामेल हुन तयार छौँ । भारतसँगको सम्बन्ध ऐतिहासिक मात्र नभएर संकटको समयमा (विपत्का वेला होस् वा आजको पश्चिम एसिया संकटका वेला पनि इन्धन र रासायनिक मलको आपूर्तिमा) सधैँ बलियो आधार बन्नुभएको छ, यो हाम्रा लागि निकै महत्त्वपूर्ण हो ।'

परराष्ट्रमन्त्री खनालले दुई देशको सम्बन्धमा विगतको बोझ नभएको समेत बताए । 'आज हामीले यो ठोस र समर्पित द्विपक्षीय संवादको अवसर पाएका छौँ । नेपालको नयाँ सरकारसँग सुशासन, आर्थिक रूपान्तरण र परिणाममुखी कूटनीतिका लागि स्पष्ट र निर्णायक जनादेश छ,' उनले भने, 'हामीसँग कुनै पुरानो बोझ छैन, बरु निकट छिमेकी र सबैभन्दा महत्त्वपूर्ण साझेदारसँग वास्तविक रूपमै रूपान्तरणकारी सम्बन्ध निर्माण गर्ने दृढ संकल्प मात्र छ ।' खनालले यही विषय भारतीय टेलिभिजन एनडिटिभीलाई शनिबार दिएको



अन्तर्वार्तामा पनि उल्लेख गरेका थिए । 'हामी विगतका कुनै पनि पुरानो बोझ बोकेर आएका छैनौँ । विगतका पुराना समस्या र बोझहरूबाट बाँधिएका छैनौँ । त्यसैले सीमाको दुवैतर्फका जनतालाई सशक्त बनाउने द्विपक्षीय सम्बन्धको गतिशीलतामा केन्द्रित हुन चाहन्छौँ,' उनले भनेका थिए ।

जयशंकरले रास्वपा सभापति लामिछानेको भारत भ्रमण उत्कृष्ट भएको चर्चा गरे । 'दुई देशको सम्बन्धलाई दुवै पक्षले कति महत्त्व दिएका छन् भन्ने कुरा हालै रास्वपा सभापति रवि लामिछानेको उत्कृष्ट भारत भ्रमणले पनि प्रस्ट पारेको छ,' उनले भने, 'तपाईंको सरकारले अघि सारेका उद्देश्यहरू र भारतले छिमेकी देशहरूका लागि चालेका कदमहरूबिच बलियो पूरकता (समानता) रहेको छ । र, आज म सहकार्य र सहयोगका लागि एकदम प्रस्ट र दृढ सन्देश दिन चाहन्छु ।'

त्यस्तै, दुई देशबिच सम्बन्धको मार्गचित्रलाई निर्णायक रूपमा बदल्ने अवसर आएको पनि उनले बताए । 'हाम्रो विश्वास छ कि आज भारत-नेपाल सम्बन्धको मार्गचित्रलाई निर्णायक रूपमा बदल्ने र हाम्रा सम्बन्धहरूको पूर्ण सम्भावनालाई साकार पार्ने एउटा अवसर आएको छ,' जयशंकरले भने, 'आजको हाम्रो छलफलले यस उद्देश्यतर्फ अघि बढ्न मद्दत पुऱ्याउनेछ । नेपालसँग आपसी प्रगति, समृद्धि र दुवै देशको हितका लागि मिलेर काम गर्ने प्रधानमन्त्री नरेन्द्र मोदीको प्रतिबद्धता र भावनालाई पुनः दोहोऱ्याउन चाहन्छु ।'

परराष्ट्रमन्त्री खनालले पनि पार्टी सभापति लामिछानेको हालैको भारत भ्रमण, भारतीय पत्रिकामा प्रकाशित लेख तथा प्रधानमन्त्री मोदीको नेपालप्रतिको भनाइ सम्झेका थिए । 'प्रधानमन्त्री नरेन्द्र मोदीजीले पनि सहर्ष स्वीकार गर्नुभएजस्तै नेपाल र भारत केवल दुईवटा देश मात्र होइनन्, हामी एउटा गौरवशाली प्राचीन सभ्यताका हिस्सेदार हौँ । हामी यो सभ्यताको बन्धनलाई आधुनिक, विकासकेन्द्रित साझेदारीमा बदल्न चाहन्छौँ,' उनले भने ।

यो भेटवार्ताले भविष्यमा उच्चस्तरीय भ्रमणका लागि आधार तयार गर्ने पनि खनालले बताए । 'हाम्रो छलफल फलदायी, स्पष्ट र परिणाममुखी हुने अपेक्षा गर्दछु, जसले आगामी उच्चस्तरीय भ्रमणका लागि आधार तयार गर्नेछ र हाम्रो द्विपक्षीय सम्बन्धमा एउटा नयाँ अध्यायको सुरुवात गर्नेछ,' उनले भने ।

नयाँदिल्लीस्थित नेपाली दूतावासले पनि नेपाल-भारत द्विपक्षीय सम्बन्धका समग्र पक्षहरूमा विस्तृत र फलदायी छलफल भएको जनाएको छ । 'छलफलमा व्यापार तथा आर्थिक सहयोग, सीमापार कनेक्टिभिटी (पूर्वाधार सञ्जाल), ऊर्जा साझेदारी, जलस्रोत व्यवस्थापन र खेलकुदका माध्यमबाट समेत जनस्तरको सम्बन्धलाई प्रवर्द्धन गर्नेजस्ता क्षेत्रहरू समेटिएका थिए,' दूतावासले वार्तापछि जारी विज्ञप्तिमा भनेको छ, 'दुवै पक्षले दुई छिमेकी मुलुकहरूबिचको चिरस्थायी साझेदारीलाई थप सुदृढ बनाउने आफ्नो प्रतिबद्धतालाई पुनः दोहोऱ्याए ।' भारतीय विदेश मन्त्रालयले पनि विज्ञप्ति जारी गरी दुई परराष्ट्रमन्त्रीहरूबिच सम्बन्धका सबै विषयमा फलदायी छलफल भएको जनाएको छ ।

भेटवार्तापछि भारतीय विदेशमन्त्री जयशंकरले सामाजिक सञ्जाल एक्समा आफ्नो धारणा सार्वजनिक गरेका छन् । उनले भने, 'हाम्रो विशिष्ट साझेदारीका विविध पक्षहरू, जस्तै : विकास सहयोग, कनेक्टिभिटी (पूर्वाधार सञ्जाल), ऊर्जा (विशेषगरी जलविद्युत् विकास), शिक्षा, स्वास्थ्य, क्षमता अभिवृद्धि, डिजिटल क्षेत्र, संस्कृति तथा खेलकुदका विषयमा विस्तृत छलफल भयो । दुवै देशका जनताको आपसी प्रगति, समृद्धि र कल्याणका लागि नेपालसँग मिलेर काम गर्ने भारतको प्रतिबद्धतालाई पुनः दोहोऱ्याएँ ।'

वार्तापछि परराष्ट्रमन्त्री खनालले एक्समा लेखेका छन्, 'हाम्रा दुई देशबिच बहुआयामिक सम्बन्धका सबै क्षेत्रमा विस्तृत र फलदायी छलफल गर्न पाउँदा अत्यन्तै खुसी लाग्यो । हाम्रा जनताको पारस्परिक हितका लागि भारतसँग निकट रहेर काम गर्न नेपाल सधैँ प्रतिबद्ध छ ।'

भारतीय विदेश मन्त्रालयले वार्तापछि शनिबार जारी गरेको विज्ञप्तिमा दुई पक्षबिच विकास सहयोग, कनेक्टिभिटी, व्यापार तथा पारवहन, ऊर्जा र जनस्तरको सम्बन्धलगायत भारत-नेपाल द्विपक्षीय सम्बन्धका समग्र पक्षहरूको समीक्षा भएको उल्लेख गरेको छ । 'मन्त्रीहरूले विभिन्न क्षेत्रमा द्विपक्षीय सहकार्यमा हासिल भएको प्रगतिप्रति सन्तोष व्यक्त गरे र नवप्रवर्तन (इनोभेसन) तथा स्टार्टअप, डिजिटल र वित्तीय प्रविधि एवं तालिम तथा क्षमता अभिवृद्धिजस्ता क्षेत्रमा सहकार्य बढाउन हालै गरिएका प्रयासहरूको स्वागत गरेका छन्,' विदेश मन्त्रालयले भनेको छ ।

दुवै मन्त्रीहरूले फौजदारी मामिलामा पारस्परिक कानुनी सहायतासम्बन्धी नेपाल-भारत सम्झौता लागू गर्ने आन्तरिक प्रक्रिया पूरा भएकोमा स्वागत गरेको विदेश मन्त्रालयले जनाएको छ । 'सम्झौताले सीमापार अपराधहरूसँग सम्बन्धित अनुसन्धान, अभियोजन र न्यायिक प्रक्रियाको प्रभावकारिता बढाउन एक संस्थागत कानुनी ढाँचा प्रदान गरी भारत र नेपालका जनतालाई फाइदा पुऱ्याउनेछ,' मन्त्रालयको विज्ञप्तिमा छ ।

## राष्ट्रिय सुरक्षा सल्लाहकारसँग बेग्लै वार्ता

परराष्ट्रमन्त्री खनालले शनिबार साँझ भारतीय राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभालसँग पनि भेटवार्ता गरे । उनले नेपालका तर्फबाट भारतको सीमाक्षेत्रमा व्यक्त सुरक्षा चासो सम्बोधन गरेको बताए । 'सुरक्षा पनि तिनै महत्त्वपूर्ण मुद्दामध्ये एक हो । हाम्रो लामो र खुला सिमानाका कारण दुवैतर्फ सुरक्षाका केही जायज चासोहरू छन्,' डोभालसँगको भेटमा खनालले भनेका थिए, 'सुरक्षाका मामिलामा दुवै पक्षबिच विगतदेखि नै निकै राम्रो र बलियो सहकार्य हुँदै आएको छ । नेपालको भूमि कुनै पनि हालतमा भारतीय राष्ट्रिय सुरक्षा स्वार्थविरुद्ध कसैलाई पनि प्रयोग गर्न दिइनेछैन ।'

नयाँ सरकारका तर्फबाट भारतलाई स्पष्ट सन्देश दिएको उनको भनाइ थियो । डोभालसँग कुराकानी बहुआयामिक र हार्दिक रहेको उल्लेख गर्दै खनालले थपे, 'मैले राष्ट्रिय सुरक्षा सल्लाहकारमा निकै न्यानोपन र खुलापन पाएँ,' परराष्ट्रमन्त्री खनालले भने, 'हामी हाम्रो सम्बन्धलाई 'रिसेट' गर्न चाहन्छौँ, ताकि हामी पनि विकासको गतिलाई भेट्टाउन सकौँ ।'

## एआई, डिजिटल भुक्तानीमा सहकार्य, ८४ आयोजना हस्तान्तरण

परराष्ट्रमन्त्रीबिच भएको वार्ताका क्रममा दुई देशबिच सीमापार डिजिटल भुक्तानी कारोबारको सुरुवात, पुनर्निर्मित स्वास्थ्य र सांस्कृतिक क्षेत्र हस्तान्तरण तथा एआईसम्बन्धी सहकार्यमा समझदारीपत्र आदनप्रदान भएको छ ।

सन् २०२३ जुनमा एनसिएचएल र एनपिसिआईबिच हस्ताक्षर भएको समझदारीपत्रअन्तर्गत शुक्रबार पी-टु-पी सीमापार भुक्तानी कारोबारको सुरुवात भएको छ । दुवै मन्त्रीहरूले सुरुवातको घोषणा गरेका छन् । सीमापार व्यक्तिगत रेमिट्यान्स (विप्रेषण)लाई सहज बनाउन भारतको युपिआई र भारतको एनपिआईबिच कारोबार सुरुवातको घोषणा भएको हो ।

त्यस्तै, भारतको विकास सहायतामा नेपालमा निर्माण भएका भूकम्पपछिका ७२ स्वास्थ्य क्षेत्र र १२ सांस्कृतिक क्षेत्र गरी ८४ क्षेत्रका पुनर्निर्माण आयोजनाको भर्चुअल हस्तान्तरण भएको छ । ०७२ को भूकम्पपछि भारतीय सहयोगमा ती आयोजना निर्माण हुँदै आएका थिए ।

एआईसम्बन्धी समझदारीपत्र पनि आदनप्रदान भएको छ । 'नेपालका लागि 'भ्वाइस फस्ट' भाषा अनुवाद प्लाटफर्मको राष्ट्रिय डिजिटल पूर्वाधार निर्माण गर्न काठमाडौँ विश्वविद्यालय स्कुल अफ इन्जिनियरिङको सेन्टर फर डिजिटल पब्लिक इन्फ्रास्ट्रक्चर एन्ड आर्टिफिसियल इन्टेलिजेन्स र डिजिटल इन्डिया भाषिनी डिभिजनबिच समझदारीपत्र आदानप्रदान भएको छ ।

# खरिद गरेको...

पृष्ठ १ बाट क्रमशः

पूर्वसामाजिक विकासमन्त्री जीवन घिमिरेका अनुसार ग्रामथान गाउँपालिकासमेतको सहकार्यमा निर्माण गरिने ज्येष्ठ नागरिक ग्रामको गुरुयोजना पनि पूर्वीमिस नेपाल शृंखला खतिवडाको टिमले नै तयार पारेको थियो । ग्रामभित्र अलग-अलग ७२ वटा घर निर्माण गर्ने गरी डिपीआर तयार गरिएको थियो । तर, राजनीतिक उतारचढावले सरकार परिवर्तन भएसँगै ०७६ मा बहुवर्षे योजनाअन्तर्गत विनियोजन भएको साढे तीन करोड बजेट पनि सामाजिक विकास मन्त्रालयले रकमान्तर गरेर खर्च गरेको थियो ।

उनकाका अनुसार ज्येष्ठ ग्राम निर्माणका लागि प्रदेश सरकार स्थापना भएको ०७४ देखि नै प्रक्रिया सुरु भएको थियो । तर, फेरिएका मन्त्रीहरूले चासो नदिँदा योजना हराउन पुगेको हो । हाल ज्येष्ठ ग्राम निर्माण गर्न प्रदेश सरकारले खरिद गरेको ३२ बिघा जमिन पनि अतिक्रमण भइसकेको छ । 'पहिलो वर्ष कार्यदलबाट अध्ययन गराएँ, दोस्रो वर्ष जग्गा खरिद गरेर डिपिआर गराएँ । तेस्रो वर्ष बजेट विनियोजन गराएर शिलान्यास पनि गराएँ । तर, मन्त्रीबाट हटेपछि बजेट नै रकमान्तर भयो । त्यसपछि त योजनै हरायो । अहिले प्रदेश सरकारको एक मात्र लालपुर्जा भएका जमिन पनि बेवारिसे भएर अतिक्रमणको चपेटामा परिसकेको छ,' घिमिरेले भने ।

उनका अनुसार आधुनिक ग्रामभित्र सडकमा भौँतारिने मानसिक रोगी र असाहयलाई संरक्षण गर्ने मानव सेवा आश्रम मानसिक रोगीलाई भर्ना लिएर उपचार गराउन १५ शय्याको अस्पताल पनि निर्माण गर्ने योजना थियो ।

### बजेट विनियोजन गर्न-गराउन ज्येष्ठ नागरिक बौद्धिक मञ्चको माग

ज्येष्ठ नागरिकको हकहितका लागि काम गर्दै आएका विराटनगरका बौद्धिक व्यक्तित्वले अलपत्र ज्येष्ठग्राम निर्माणबारे चासो दिएका छन् । अध्ययन प्रतिवेदनअनुसार निर्माण गर्ने भनिएको ग्रामका लागि आगामी वर्ष बजेट विनियोजन गराउन कोशी प्रदेश सरकारसँग आग्रह गरेका छन् । ज्येष्ठ नागरिक अगुवा कृष्णप्रसाद भण्डारीका अनुसार अलपत्र ग्राम निर्माण गराउन ज्येष्ठ नागरिक बौद्धिक मञ्च दबाब समूह गठन भएको छ । मञ्चले आफ्नै लालपुर्जा भएको जमिनमा ज्येष्ठ नागरिक ग्राम निर्माणका लागि आर्थिक वर्ष ०८३/८४ को बजेटमा रकम विनियोजन गर्न माग गरेको छ । 'सरकारले लगानी भइसकेको करोडौँ रकम खेर जान दिनुहुँदैन । आगामी वर्षको बजेटमा पर्याप्त बजेट विनियोजन गरेर ज्येष्ठ नागरिक ग्राम निर्माण सुरु गराउनुपर्छ,' भण्डारीले भने ।

# बिटुमिन...

पृष्ठ १ बाट क्रमशः

प्रतिशत मात्र काम भएको छ । यही ३१ किलोमिटरभित्र गोदावरी नगरपालिकाको बुढीतोलामा पहिरोले बगाएको ३४० मिटर सडक कालोपत्रे गर्नुपर्ने छ ।

आगामी २० असारभित्र स्तरोन्नति गरिसक्नेगरी सडक डिभिजन कार्यालय कञ्चनपुरले गत ११ पुसमा राजधानी कन्स्ट्रक्सनसँग ६ करोड ९५ लाख लागतमा सम्झौता गरेको थियो । तर, अहिलेसम्म भौतिक प्रगति २५ प्रतिशतमात्र रहेको र एक महिनादेखि काम रोकिएको सडक डिभिजन कार्यालयका डिभिजन प्रमुख राकेशकुमार यादवले बताए । 'ठेक्का लिएपछि जसरी पनि काम गर्नु पऱ्यो भनेर हामीले ताकेता गरिरहेका छौँ,' उनले भने, 'निर्माण कम्पनीले महङ्गी र सामान अभावका कारण देखाएर काम रोकेको छ ।'

कालोपत्रेमाथि कालोपत्रे थप्ने 'ओभर ले' गर्ने र पहिरो गएको ठाउँमा सडक कालोपत्रे गर्ने ठेक्का रहेको उनले बताए । सडक डिभिजन कार्यालयका अनुसार अहिले काम ठप्प रहेको र आर्थिक वर्ष सकिन थोरै समय बाँकी रहेकाले यस वर्ष काम पूरा नहुने देखिएको छ । यो राजमार्गका धेरै ठाउँमा खाल्डाखुल्डी र टुटफुट भएको छ । ३१ किलोमिटर लामो खण्डमा कालोपत्रे थपिए यात्रुलाई आवतजावतमा निकै सहज हुने छ ।

निर्माण कम्पनीका प्रतिनिधि प्रकाश धामीले कालोपत्रेका लागि चाहिने बिटुमिन नपाइएकाले काम रोक्नु परेको बताए । उनले इन्धनमा भारी मूल्य वृद्धि भएपछि ढुवानी लागत पनि निकै बढेको बताए । 'बिटुमिनको मूल्य दोब्बरभन्दा बढी पुगेको छ, त्यो पनि पाइएको छैन । इन्धनको मूल्य बढेपछि ढुवानी लागत पनि दोब्बर पुगेकोले काम रोक्नुपर्ने बाध्यता भएको हो,' धामीले भने, 'अब थोरै समय रहेकाले यस वर्ष काम सकिदैन, म्याद थपको माग गर्छौं ।'

आपूर्तिकर्ताले बिटुमिन दिन नसकेर आफूहरूले दिएको रकम पनि फिर्ता गरिदिएको उनले बताए । इन्धन र बिटुमिनको मूल्य झण्डै दोब्बर पुगे पनि सरकारले मूल्य समायोजन नगरिदिएको निर्माण कम्पनीको गुनासो छ ।

सुदूरपश्चिमका नौ जिल्लामध्ये सातवटा पहाडी जिल्लालाई तराइका दुई जिल्ला कैलाली, कञ्चनपुरसँग जोड्ने एकमात्र राजमार्ग हो । पहाडी जिल्ला जोड्ने अन्य सडक निर्माणाधीन भए पनि कालोपत्रे भएका छैनन् ।

मूल्य वृद्धि र निर्माण सामग्रीको अभावले कैलाली र कञ्चनपुरमा पूर्व-पश्चिम राजमार्ग पटके मर्मतको काम पनि प्रभावित भएको सडक डिभिजन कार्यालय कञ्चनपुरका सूचना अधिकारी एवम् इन्जिनियर हरिसप्रसाद जोशीले बताए । उनका अनुसार दुई जिल्लामा पर्ने राजमार्गको एक सय २७ किलोमिटर खण्डमा पाँचवटा खण्डमा पटके मर्मतको काम भइरहेको थियो ।

हालसम्म एउटा खण्डको काममात्र पूरा भएको इन्जिनियर जोशीले जानकारी दिए । निर्माण सामग्रीको अभाव कायम रहे राजमार्ग पटके मर्मतको काम पनि यस वर्ष पूरा नहुनसक्ने उनले बताए । '८/१० दिनमै सकिने काम हो, हेरौँ, अझै समय बाँकी छ' जोशीले भने ।

### तीन वर्षअघि पहिरोले बगाएको सडक कालोपत्रे भएन

राजमार्गअन्तर्ग गोदावरी नगरपालिको बुढीतोलामा पहिरोले तीन वर्षअघि बगाएको ३४० मिटर सडक अझै कालोपत्रे भएको छैन । राजमार्ग स्तरोन्नतिको ठेक्काअन्तर्गत यो खण्ड पनि कालोपत्रे गरिनुपर्ने हो । तर, निर्माण सामग्रीको अभाव भएको भन्दै काम रोकिएकाले यो खण्ड यस वर्ष पनि कालोपत्रे नहुने देखिएको छ ।

साउन ०८० मा बुढीतोलामा ठूलो पहिरो आएर सडक बगाएपछि केही दिन राजमार्गनै बन्द भएको थियो । त्यसयता उक्त खण्डमा बर्खामा हिलो र अरुबेला धुलोले यात्रुले सास्ती खेप्दै आएका छन् । सडक डिभिजन कार्यालय कञ्चनपुरका अनुसार पहिरोपछि प्राविधिकले गरेको अध्ययनमा जमिनमुनि पानीको मुल रहेकाले उक्त क्षेत्रमा सडक बनाउनु उपयुक्त देखिएको थिएन ।

अहिले जमिनमुनि पोखरी बनाएर उक्त क्षेत्रमा सडक बनाउन मिल्ने बनाइएको डिभिजन प्रमुख राकेशकुमार यादवले बताए । पानीको चुहावट नहोस् भनेर मुलको पानी संकलन गर्न जमिनमुनि ५० फिट गहिराइका पाँचवटा इनार बनाइएका छन् । इनारमा जम्मा हुने पानी पाइपबाट भित्रभित्रै तल फालिएको उनले बताए ।

त्यस्तै उक्त क्षेत्रमा पहिरो नियन्त्रणका काम पनि गरिएको सडक डिभिजनले जनाएको छ । पाँच करोड रुपैयाँ लागतमा इनार निर्माण र पहिरो नियन्त्रणका काम गत वर्ष सकिएको डिभिजन प्रमुख यादवले बताए । यही बाटो भएर कैलाली, कञ्चनपुरबाट पहाडी जिल्ला डोटी, डडेल्धुरा, अछाम, बाजुरा, बैतडी, दार्चुला र बझाङ जान तथा त्यहाँबाट तराइ आउन दैनिक दर्जनौं सवारी साधन सञ्चालन हुन्छन् ।

# आन्तरिक सुरक्षामा झन्डै आधा बजेट कटौती

## अघिल्लो वर्षभन्दा गृहको ४८ प्रतिशत बजेट कटौती, रक्षाको बजेट भने बढेको-बढ्यै

● **हेमन्त मल्ल**, पूर्वडिआइजी



मुलुकमा आन्तरिक मात्र होइन, बाह्य सुरक्षा चुनौतीसमेत बढेको छ। जसलाई ट्याकल गर्नु अहिलेको आवश्यकता हो। यसका लागि सूचना संकलन पहिलो सर्त हो। तर, यसमा बजेटले खासै सम्बोधन गरे जस्तो देखिएन। सुरक्षा संयन्त्रमा कृत्रिम बौद्धिकतामाथिको लगानी पनि अर्को आवश्यकीय पक्ष हो। सरकारको ध्यान त्यसमा पनि गएको देखिएन। त्यसो हुँदा यो पुरानो घरमा नयाँ चुना लगाएजस्तै देखियो।

**टेकराज थामी**/नयाँ पत्रिका

सरकारले आगमी आर्थिक वर्षका लागि गृह मन्त्रालयअन्तर्गतका निकायको बजेटमा भारी कटौती गरेको छ। जुन गत आर्थिक वर्ष विनियोजित बजेटको तुलनामा ४८.२५ प्रतिशतले कम हो।

सरकारले चालू आर्थिक लागि दुई खर्ब आठ अर्ब ६२ करोड ४४ लाख रुपैयाँ बजेट विनियोजन गरेको थियो। तर, आगामी आर्थिक वर्षका लागि मात्रै एक खर्ब सात अर्ब ९५ करोड २८ लाख रुपैयाँ बजेट विनियोजन भएको छ। यो चालू आर्थिक वर्षको तुलनामा एक खर्ब ७६ करोड १६ लाख रुपैयाँले कम हो। अर्थात् सरकारले गृहलाई विनियोजन गरेको आगामी आर्थिक वर्षको बजेट चालूको भन्दा ४८.२५ प्रतिशतले कम हो।

नेपाल प्रहरीका पूर्वडिआइजी तथा सुरक्षाविद् हेमन्त मल्लले गृहका लागि विनियोजित बजेटले वर्तमान सुरक्षा चुनौती नधान्ने बताए। 'मुलुकमा आन्तरिक मात्र होइन, बाह्य सुरक्षा चुनौतीसमेत बढेको छ। जसलाई ट्याकल गर्नु अहिलेको आवश्यकता हो। यसका लागि सूचना संकलन पहिलो सर्त हो। तर, यसमा बजेटले खासै सम्बोधन गरे जस्तो देखिएन। सुरक्षा संयन्त्रमा कृत्रिम बौद्धिकतामाथिको लगानी पनि अर्को आवश्यकीय पक्ष हो। सरकारको ध्यान त्यसमा पनि गएको देखिएन। त्यसो हुँदा यो पुरानो घरमा नयाँ चुना लगाएजस्तै देखियो,' उनले भने।

आन्तरिक सुरक्षाको जिम्मा गृह मन्त्रालयका मातहतका निकायले बहन गर्छन्। त्यसमा मुख्यतः नेपाल प्रहरी, सशस्त्र प्रहरी र मन्त्रालयमातहतका जिल्ला प्रशासन कार्यालयहरू पर्छन्। नेपाल प्रहरीलाई मुलुकका भिभिआइपीदेखि सामान्य नागरिकसम्मको सुरक्षा गर्ने अभिभारा छ। त्यसबाहेक भिड नियन्त्रण, आन्तरिक तथा अन्तरदेशीय अपराध अनुसन्धान, सूचना संकलन, आतंकवादी गतिविधिमा संलग्न समूह तथा व्यक्तिविरुद्ध निगरानी, नाका सुरक्षा, कारागार सुरक्षा नेपाल प्रहरीको जिम्मा छ।



सीमा क्षेत्र, विमानस्थलजस्ता सामरिक महत्त्वका स्थान सुरक्षाको जिम्मा सशस्त्र प्रहरीको हो। बदलिँदो परिस्थितसँगै सुरक्षा चुनौतीका 'मोडस अपरेन्डी'मा आकाशजमिन फरक आएका छन्। विशेषतः अहिलेका सुरक्षा चुनौती प्रविधिमा आधारित छन्। जसका लागि सूचना र प्रविधिमा लगानी बढाउन आवश्यक छ। तर, विनियोजित बजेटले त्यसतर्फ सम्बोधन गर्न नसकेको पूर्वडिआइजी मल्लले बताए। उनले भने, 'नेपालको सुरक्षा संयन्त्रमा सूचना संकलनको स्थिति कस्तो छ भन्ने त जेन-जी आन्दोलनले नै देखाइसक्यो। त्यसो हुँदा वर्तमान सुरक्षा चुनौतीसँग लड्न नयाँ ढंगले नसोची धरै छैन। यो भनेको सुरक्षा संयन्त्रको सूचना संकलनलाई नयाँ ढंगले विकास गर्नु हो। तर, यसतर्फ बजेटले सम्बोधन गरेजस्तो देखिँदैन।'

नेपाल प्रहरी विशेषतः प्रत्येकपटकको भिड नियन्त्रणमा अलोचित हुने गर्छ। कारण हो घातक हतियार प्रयोग। गत २३ र २४ भदौमा भएको जेन-जी आन्दोलनका क्रममा पनि घातक हतियार प्रयोग भए। सोहीकारण मुलुकमा ठुलो धनजनको क्षति निम्तियो। नेपाल प्रहरी यी आलोचनाबाट सचैँका लागि मुक्त हुन चाहन्छ। त्यसका लागि ऊ चाहन्छ, कम घातक हतियार प्रयोग। तर, विनियोजित बजेटले त्यसलाई सम्बोधन गर्न सकेको छैन। यो तथ्यलाई नेपाल प्रहरीका पूर्वडिआइजी केशव अधिकारी पनि स्वीकार गर्छन्। वर्तमान सुरक्षा चुनौतीसँग लड्न नेपाल प्रहरीलाई बलियो बनाउनुपर्ने, तर बजेटले त्यसतर्फ सम्बोधन नगरेको उनको भनाइ छ।

'सुरक्षा चुनौती फरक ढंगले बढेको छ। त्यसलाई झेल्न नेपाल प्रहरीको विकल्प छैन। विगतका दिनमा पनि यस्ता चुनौतीसँग नेपाल प्रहरी नै लड्दै आएको हो। यसक्रममा नेपाल प्रहरी विवादित पनि बन्दै आयो। विशेषगरी घातक हतियार प्रयोगका सन्दर्भमा यस्तो देखियो। प्रहरी यस्ता हतियार प्रयोग गर्न चाहँदैन। यसको ठाउँमा नेपाल प्रहरीलाई जतिसक्दो चाँडो कम घातक हतियार दिनुपर्छ। तर, बजेटले यसलाई सम्बोधन गरेको देखिएन,' उनीले भने।

### आन्तरिक सुरक्षामा विनियोजित बजेटको ५.०८% मात्रै हिस्सा

सरकारले आगामी आर्थिक वर्षका लागि गृहलाई विनियोजन गरेको रकम कुल बजेटको मात्रै ५.०८ प्रतिशत हिस्सा हो। जबकि चालू आवमा सरकारले गृहलाई विनियोजित कुल बजेको १०.६२ प्रतिशत हिस्सा छुट्याएको थियो। त्यसबेला सरकारले १९ खर्ब ६४ अर्ब ११ करोड रुपैयाँ बजेट ल्याएको थियो। आगामी आवका लागि सरकारले २१ खर्ब २४ अर्ब ३४ करोड रुपैयाँ बजेट ल्याएको छ।

विनियोजित बजेटले नेपाल प्रहरी र सशस्त्र प्रहरीको अवकाशको सेवा अवधि र निवृत्तिभरण सुरु हुने अवधिबिच रहेको विद्यमान अन्तरपुनरावलोकन गर्ने विषयमा अध्ययन गर्ने भनेको छ। सशस्त्र प्रहरीलाई अन्तर्राष्ट्रिय सीमा सुरक्षाको डेडिकेटेड व्यावसायिक फोर्सका रूपमा विकास गर्ने लक्ष्य लिएको छ। कारागारको सुदृढीकरण, क्षमता विस्तार तथा खुला कारागारको अवधारणा कार्यान्वयन गरी सुधारगृहका रूपमा रूपान्तरण गर्दै लगिने भनिएको छ।

### सेनाको बजेट भने बढ्यो

विनियोजित बजेट तथ्यांकअनुसार रक्षा मन्त्रालयअन्तर्गतका निकायहरूका लागि भने प्रत्येक वर्ष बजेट बढेको देखिन्छ। जुन आगामी आर्थिक वर्ष पनि कायम रहेको देखिएको छ। सरकारले आगामी आवका लागि रक्षाअन्तर्गत ६४ अर्ब ९६ करोड ७५ लाख रुपैयाँ बजेट विनियोजन गरेको छ। यो चालू आवमा विनियोजन भएको बजेटभन्दा २९ दुई अर्ब ९५ करोड ५४ लाख रुपैयाँ अर्थात् ४.७६ प्रतिशतले धेरै हो। रक्षाअन्तर्गत नेपाली सेना रहेको छ। विनियोजितमध्ये झन्डै ९५ प्रतिशत बजेट सेनाका लागि खर्च हुने गर्छ।

### गृहलाई बजेट

| आव | बजेट |
|---|---|
| ०८३/८४ | १ खर्ब ७ अर्ब ९५ करोड २८ लाख |
| ०८२/८३ | २ खर्ब ८ अर्ब ६२ करोड ४४ लाख |
| ०८१/८२ | १ खर्ब ९८ अर्ब ४८ करोड ३२ लाख |
| ०८०/८१ | २ खर्ब ६३ करोड ३२ लाख |
| ०७९/८० | १ खर्ब ६५ अर्ब ७२ करोड ८६ लाख |
| ०७८/७९ | १ खर्ब ८२ अर्ब ४८ करोड ५१ लाख |

### रक्षालाई बजेट

| आव | बजेट |
|---|---|
| ०८३/८४ | ६४ अर्ब ९६ करोड ७५ लाख |
| ०८२/८३ | ६२ अर्ब १ करोड २१ लाख रुपैयाँ |
| ०८१/८२ | ५७ अर्ब ३८ करोड ५१ लाख |
| ०८०/८१ | ५९ अर्ब २३ करोड ४७ लाख |
| ०७९/८० | ५१ अर्ब ७२ करोड ५४ लाख |
| ०७८/७९ | ५३ अर्ब १८ करोड २९ लाख |

# कांग्रेसमा कसैको पनि क्रियाशील सदस्यता स्वतः अद्यावधिक नहुने

**नयाँ पत्रिका**

कांग्रेसमा कसैको पनि क्रियाशील सदस्यता स्वतः अद्यावधिक नहुने भएको छ। पार्टीका वरिष्ठ नेताहरूको क्रियाशील सदस्यता स्वतः अद्यावधिक हुने चर्चालाई क्रियाशील सदस्यता छानबिन समितिले निराधार भनेको छ। समिति सदस्य एवं सहमहामन्त्री प्रकाश स्नेहीले सदस्यता अद्यावधिक स्वयं सदस्यले नै गर्नुपर्ने उनले स्पष्ट पारे।

'सदस्यले स्वयं सदस्यता अद्यावधिक गर्नुपर्छ। लोकतान्त्रिक पार्टीमा कसैलाई पनि अतिरिक्त सुविधा हुँदैन। कसैको पनि स्वतः अद्यावधिक हुँदैन। नियम सबैलाई समान रूपमा लागू हुन्छ,' उनले भने। अद्यावधिकको विषयलाई अतिरञ्जित गर्न नहुने उनको भनाइ छ।

'अद्यावधिक गर्ने भनेको कांग्रेसका सबै सदस्यलाई प्रविधिमा जोड्ने हो। टेलिफोन नम्बर, सामाजिक सञ्जाललगायतका विवरण रेकर्डमा राख्ने हो। जरासम्म कांग्रेस पुग्याउने हो,' स्नेहीले भने। सदस्यता अद्यावधिक पार्टी पुनर्निर्माणका लागि कोसेढुंगा साबित हुने उनले दाबी गरे। 'क्रियाशील सदस्यहरूले बुझ्दै जानुभएको छ। सोचेभन्दा राम्रो संख्यामा अद्यावधिक हुन्छ,' उनले भने।

गत १ वैशाखदेखि कांग्रेसमा क्रियाशील सदस्यता अद्यावधिकको काम जारी छ। सुरुमा वैशाख महिनाभर समय तोकिए पनि दुईपटक समय थपेर २८ जेठसम्म पुग्याइएको छ। पहिलोपटक २१ जेठसम्म अद्यावधिकको समय दिइएको थियो। उक्त अवधिमा करिब चार लाखले मात्रै सदस्यता अद्यावधिक गरेपछि अन्तिमपटकका लागि भन्दै समय थपिएको छ। शनिबार साँझसम्म साढे चार लाख सदस्यता अद्यावधिक भएको सहमहामन्त्री स्नेहीले बताए।

१४औँ महाधिवेशनपछि लागू हुने गरी स्वीकृत भएका क्रियाशील सदस्यहरूको अद्यावधिक र नवीकरणसम्बन्धी समस्या र गुनासो

● **प्रकाश स्नेही**, सहमहामन्त्री, कांग्रेस



सदस्यले स्वयं सदस्यता अद्यावधिक गर्नुपर्छ। लोकतान्त्रिक पार्टीमा कसैलाई पनि अतिरिक्त सुविधा हुँदैन। कसैको पनि स्वतः अद्यावधिक हुँदैन। नियम सबैलाई समान रूपमा लागू हुन्छ।

संकलनको जिम्मा कांग्रेसले केन्द्रीय कार्यालयका सचिव मुक्तिप्रसाद आचार्यलाई तोकेको छ। क्रियाशील सदस्यता नवीकरणका सम्बन्धमा गत पुस मसान्तसम्ममा प्रविष्ट गरिएका र प्रविष्ट गर्दा गर्दै सिष्टम बन्द भएर रोकिएका वा विविध कारणले तहगत सिफारिसमा छुट भई नवीकरण छुट भएका क्रियाशील सदस्यहरूको छुट नवीकरण गर्न आवश्यक समन्वय गर्न केन्द्रीय कार्यालयका सचिव प्रेम केसीलाई जिम्मा दिइएको छ। प्रतिनिधिसभा क्षेत्रीय सभापतिद्वारा नयाँ क्रियाशील सदस्यता सिस्टममा प्रविष्ट गरिएका र प्रविष्ट गर्दागर्दै सिस्टम बन्द भएर रोकिएका वा विविध कारणले तहगत सिफारिसमा छुट भई नयाँ क्रियाशील सदस्यताबाट छुट हुन गएका क्रियाशील सदस्य, अनलाइनमार्फत वितरण गरिने नयाँ क्रियाशिल सदस्यतालाई आवश्यक समन्वय गर्न केन्द्रीय कार्यालयका सचिव प्रेम केसीलाई सम्पर्क व्यक्ति तोकिएको छ।

यस्तै, क्रियाशील सदस्यतासम्बन्धी समस्या र गुनासाहरूलाई लिखित रूपमा केन्द्रीय कार्यालयमा जानकारी गराउन केन्द्रीय कार्यालयका हरिचन्द्र खनाललाई सम्पर्क व्यक्ति तोकिएको छ। अन्य पार्टी परित्याग गरी कांग्रेसमा प्रवेश गरेका व्यक्तिहरूले कांग्रेसको क्रियाशील सदस्यता प्राप्त गर्ने सम्बन्धमा आवश्यक समन्वयका लागि केन्द्रीय कार्यालयका विष्णुदेव ठाकुरलाई सम्पर्क व्यक्ति तोकिएको छ।

## संक्षेप

### टीकापुरमा संघ र सातै प्रदेशका सभामुखको सम्मेलन

**धनगढी**/कैलालीको टीकापुरमा अन्तरव्यवस्थापिका सम्मेलन सुरु भएको छ। सम्मेलनमा प्रतिनिधिसभाका सभामुख, उपसभामुख, राष्ट्रिय सभाका अध्यक्ष, उपाध्यक्ष, सातवटै प्रदेशका सभामुख, उपसभामुख, संघ र प्रदेश संसद्का सचिवलगायतको सहभागिता छ। सम्मेलनको उद्घाटन गर्दै सभामुख डोलप्रसाद अर्यालले कानुन निर्माणमा तीनै तहका सरकारबिच समन्वय, संवाद र सहकार्य हुनुपर्ने बताए। प्रादेशिक कानुन, स्थानीय कानुन र संघीय कानुन एकआपसमा नबाझिने गरी समन्वयमा निर्माण गर्नुपर्नेमा उनले जोड दिए। एक-आपसमा समन्वय गरी कानुन निर्माणमा आफू निरन्तर प्रयासरत रहने अर्यालले बताए। तीनै तहको सहकार्य, समन्वय र संवादमा निरन्तरता र सक्रियता हुनुपर्छ। यसलाई हामीले महत्त्व दिनुपर्छ,' उनले भने, 'आपसी सहकार्यले मात्र जनताका अपेक्षा बुझेर काम गर्ने वातावरण बन्छ।' जनताको चेतनाको स्तर बुझेर भूगोल सुहाउँदो कानुन निर्माणमा कमीकमजोरी नरहने सभामुख अर्यालको भनाइ छ। अर्यालले कानुन निर्माण गर्दा लक्षित वर्गलाई केन्द्रमा राख्नुपर्ने धारणा व्यक्त गरे। कानुन बनेपछि मात्र जनताले थाहा पाउने प्रवृत्तिलाई अब निरन्तरता दिन नहुने उनले बताए। कानुन निर्माण गर्दा सरोकारवाला पक्षसँग छलफल हुनुपर्नेमा उनले जोड दिए। राष्ट्रिय सभाका अध्यक्ष नारायणप्रसाद दाहालले तीनै तहको समन्वयले मात्र कानुन निर्माण सहज हुने बताए। गणतन्त्र र संघीयता मजबुत बनाउने गरी काम गर्नुपर्ने उनले बताए। तीनै तहका सरकारबिच समन्वयको अभाव रहेको विषयलाई प्रतिनिधिसभाले सम्बोधन गरेर जानुपर्ने धारणा उनले राखे।

सुदूरपश्चिमका सभामुख भीमबहादुर भण्डारीले सम्मेलनमा हुने छलफल र संवादले सभा सञ्चालन र कानुन निर्माणका सन्दर्भमा भोगिरहेका समस्या समाधानमा सहज हुने बताए। अन्तरव्यवस्थापिका मञ्चको आयोजना तथा सुदूरपश्चिम प्रदेश सभाको व्यवस्थापनमा सुरु भएको सम्मेलन दुई दिनसम्म चल्नेछ। सम्मेलनले घोषणापत्र जारी गर्नेछ। सम्मेलनमा विज्ञहरूले कार्यपत्र पनि प्रस्तुत गर्नेछन्।

### रड प्रहार गरी श्रीमतीको हत्या गर्ने थापा पक्राउ

**काठमाडौं**/ श्रीमतीको हत्या गरेको आरोपमा 'नेपाली ब्रो' भनिने कुमार थापा पक्राउ परेका छन्। उनले रड प्रहार गरी श्रीमतीको हत्या गरेका थिए। काठमाडौंको तारकेश्वर नगरपालिका- ६ लोलाङ पैंयुटारमा घरायसी विवादका क्रममा ४२ वर्षीय थापाले ४२ वर्षीया श्रीमती ईश्वरी भुजेलमाथि फलामको रड प्रहार गरी हत्या गरेको प्रहरीले जनाएको छ। शुक्रबार राति १० बजे रड प्रहारबाट गम्भीर घाइते भएकी भुजेलको उपचारको क्रममा त्रिवि शिक्षण अस्पताल, महाराजगन्जमा मृत्यु भएको हो। रड प्रहार गर्ने थापालाई पक्राउ गरी प्रहरी वृत्त बालाजुमा राखिएको छ। घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीको भनाइ छ।

### सुमो र बोलेरो ठोक्किँदा १४ जना घाइते

**मकवानपुर**/ मकवानपुरको इन्द्रसरोवर गाउँपालिका- ३, धाराढोला (खोल्सा)स्थित दक्षिणकाली सडकखण्डमा सुमो र बोलेरो एक-आपसमा ठोक्किँदा १४ जना घाइते भएका छन्। शनिबार हेटौंडाबाट काठमाडौंतर्फ जाँदै गरेको ना. १ ज ७२०७ नम्बरको सुमो र विपरीत दिशाबाट आउँदै गरेको बा ९७६८ नम्बरको बोलेरो ठोक्किँदा बोलेरोचालकसहित दुवै सवारीसाधनमा सवार यात्रुहरू घाइते भएका हुन्। प्रहरीका अनुसार घाइतेमध्ये चारजनाको अवस्था गम्भीर र १० जनाको अवस्था मध्यम छ। सबै घाइतेलाई उद्धार गरी थप उपचारका लागि काठमाडौं पठाइएको छ। दुर्घटनाबारे थप अनुसन्धानका लागि सुमोचालकलाई प्रहरीले नियन्त्रणमा लिएको जनाएको छ।

# 'एआई एक्सरे'बाट क्षयरोग संक्रमित खोज्दै तुलसीपुर

दाङमा **दीपक बोहरा**

दाङको तुलसीपुर उपमहानगरपालिकालाई क्षयरोगमुक्त बनाउनका 'एआई एक्सरे' मेसिनबाट संक्रमित पहिचान गर्न थालिएको छ। तुलसीपुरका १९ वडामध्ये १७ वटा वडामा 'एआई एक्सरे'बाट क्षयरोगका विरामी खोजिएको फोकल पर्सन शिवप्रसाद तिवारीले बताए। उनका अनुसार तुलसीपुरको २ र १३ नम्बरमा भने अझै त्यसरी विरामी खोजिएको छैन। अन्य १७ वटा वडामा 'एआई एक्सरे'बारे बिरामी खोजिएको उनको भनाइ छ। विभिन्न शिविरमा मेसिन प्रयोग गरेर संक्रमित खोज्ने गरिएको छ। जसले चिकित्सकहरूलाई क्षयरोग पहिचान गराउन सहज भएको उनको भनाइ छ। 'पहिले साधारण एक्सरेबाट क्षयरोग पहिचान गर्ने गरिन्थ्यो,' उनले भने, 'तर, अहिले एआई एक्सरेबाट रोग पहिचान गर्ने गरेका छौं, त्यसले सहज बनाएको छ।' एआई एक्सरेले साधारण माइक्रोस्कपी गर्दा पनि नदेखिएको क्षयरोगको संक्रमण देखाउने गरेको तुलसीपुर उपमहानगरपालिकाका जनस्वास्थ्य प्रवर्द्धन शाखा प्रमुख ओमपी न्यौपानेले बताए। उनका अनुसार एआई एक्सरेमा संक्रमण देखिएमा त्यसको पुष्टिका लागि पुनः 'जिन एक्सपर्ट' मेसिनमा परीक्षण गरिन्छ। त्यसले पनि 'पोजेटिभ' देखिएमा नियमित औषधि चढाउने गरिएको उनले बताए। 'हामीले पहिले एआई एक्सरे मेसिनबाट हेर्छौं, त्यसपछि जिन एक्सपर्ट मेसिनमा परीक्षण गरेपछि



पोजेटिभ देखिएमा उपचार सुरु गर्छौं', उनले भने, 'यसरी हामीले संक्रमित पहिचान गरी उपचार गर्ने गरेका छौं।'

संक्रमितलाई 'डट्स' अर्थात् प्रत्येक दिन निगरानी गरेर औषधि खुवाउने गरिएको न्यौपानेले भनाइ छ। ६ महिनासम्म प्रत्यक्ष स्वास्थ्यकर्मीको निगरानीमा औषधि खुवाउने गरिएको उनले बताए। तुलसीपुर उपमहानगरपालिकालाई क्षयरोगमुक्त पालिका बनाउने अभियानअन्तर्गत यसरी क्षयरोग संक्रमितको पहिचान गरी उपचार गर्ने गरिएको छ। हाल यो कार्यक्रम दोस्रो वर्षमा सञ्चालित छ। आर्थिक वर्ष ०८१/८२ देखि तुलसीपुरमा कार्यक्रम सञ्चालनमा आएको हो।

तुलसीपुर उपमहानगरपालिकाले ९७ प्रतिशत संक्रमितलाई उपचार गरिसकेको प्रमुख न्यौपानेले बताए। चालू आर्थिक वर्षको १८ जेठसम्म तुलसीपुरमा ३५५ जना संक्रमित पहिचान गरिएको छ। १५ वर्षमुनिका ३४ जना र १५ वर्षमाथिका तीन सय २१ जनामा क्षयरोग संक्रमण भएको पुष्टि भएको छ। प्रत्येक एक लाखमा दुई सय २७ जनामा क्षयरोग संक्रमण देखिएकोसमेत उनको भनाइ छ। हाल तुलसीपुरमा १३ डट्स केन्द्र, चार स्थानमा टिबी माइक्रोस्कोपी लागू गरिएको छ।

# रास्वपा सरकारको बजेटले नतिजा दिन सक्दैन : वर्षमान

**काठमाडौं**/ नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का नेता वर्षमान पुनले राष्ट्रिय स्वतन्त्र पार्टीको दुईतिहाइको सरकारले मुलुकको आवश्यकताअनुसार आर्थिक वृद्धि र रोजगारी सिर्जना गर्ने गरी बजेट ल्याउन नसकेको बताएका छन्। नेपाल व्यवस्थापन संघद्वारा आयोजित आगामी आर्थिक वर्ष ०८३/८४ को पोस्ट बजेटसम्बन्धी अन्तर्क्रियामा पुनले बजेटले कुनै पनि क्षेत्रमा नजिता दिने गरी 'फोकस' गर्न नसकेको बताए।

लोकप्रियतावादी सरकारले सबैले भन्दै आएको कर्णप्रिय कार्यक्रम समावेश गरेको भए पनि त्यसले आर्थिक समृद्धिको दिशामा ठोस नतिजा दिन नसक्ने टिप्पणी गरे। 'बजेटमा केही चिजमा 'फोकस' गरिएको छैन। हामीले नयाँ साथीहरूलाई 'पपुलिस्ट'को आरोप लगाउने गरेका छौं। 'पपुलिज्म'को विशेषता के भने सबैले भनेका 'कर्णप्रिय' लाग्ने कुरा भन्ने। तर, त्यो पूरा होस् नहोस्,' पुनले भने, 'सयबुँदे कार्यक्रम बनाउँदा पनि सबै राष्ट्रिय दलको लिएर राख्नुभयो। तर, उहाँहरूको आफ्नो नीति कुन त ? आफ्नो विचार, राजनीति, प्रवृत्ति वा जोड यो कुरामा भन्ने त्यहाँ देखाउन सक्नुभएन, बजेटमा पनि सबै भएजस्तो देखिने। सबै विगतका पार्टीले थालेका कार्यक्रमको निरन्तरताजस्तो देखिने। तर, केही नभएको जस्तो छ।'

सरकारले नीति-कार्यक्रम र बजेटमा केमार्फत अर्थिक वृद्धि, देशको रूपान्तरण र रोजगारीका अवसर सिर्जना गर्न चाहेको हो भन्ने स्पष्ट दिशा लिन नसकेको उनको भनाइ थियो।

■ परीक्षामा जफत गरिएका एक करोड मूल्यबराबरको मोबाइल नष्ट प्रकरण

# कानुनी परीक्षणको विषय बन्न सक्ने

लहानमा **मणिलाल विश्वकर्मा**

सिराहाका विभिन्न केन्द्रमा गत चैतमा सञ्चालित माध्यमिक शिक्षा परीक्षा (एसइई) र वैशाखको दोस्रो सातादेखि सञ्चालित कक्षा १२ को परीक्षामा विद्यार्थीबाट खोसिएका मोबाइल पानीमा डुबाएर नष्ट गरिएपछि चौतर्फी आलोचना भएको छ।

एसइई र कक्षा १२ को परीक्षामा विभिन्न परीक्षा केन्द्रहरूमा विद्यार्थीबाट खोसिएका सातवटा आइफोन, चार सय ८९ वटा विभिन्न कम्पनीका एन्ड्रोइड मोबाइल फोन तथा पाँचवटा स्मार्ट घडी शुक्रबार जिल्ला प्रहरी कार्यालयपरिसरमा पानीमा डुबाएर नष्ट गरिएपछि आक्रोश बढेको हो। विद्यार्थीहरूबाट बरामद गरी नष्ट गरिएको मोबाइलसहितका सामग्रीको बजारमूल्य करिब एक करोड रुपैयाँभन्दा बढी रहेको बताइएको छ।

स्थानीय प्रशासनले मोबाइल नष्ट गर्ने निर्णयप्रति अभिभावकहरूले प्रश्न उठाउँदै दुःख गरेर किनेको सम्पत्ति नष्ट गर्नु नाजायज रहेको स्थानीय अभिभावक नवीन यादवले बताए। 'परीक्षा केन्द्रमा बन्देज गरिएको मोबाइल लैजान हुँदैनथ्यो,' उनले भने, 'परीक्षा कोठामा प्रवेश गर्नुअगावै खानतलासी लिनुपर्ने प्रहरी, शिक्षा, कर्मचारीले कसरी मोबाइल लैजान दिए ? उनीहरूमाथि कारबाही हुनुपर्दैन ?' प्रतिप्रश्न गर्दै उनले भने। मर्यादित परीक्षाका लागि तोकिएको मापदण्डविपरीतका गतिविधि गर्ने विद्यार्थीमाथि कानुनी कारबाहीको बाटो हुँदहुँदै मोबाइल नै नष्ट गरिनु व्यक्तिको सम्पत्तिमाथिको हस्तक्षेप भएको उनको भनाइ छ।

खोसिएका मोबाइल नष्ट गर्ने स्थानीय प्रशासनको कदमलाई विवादास्पद भन्दै कानुन व्यवसायीहरूले कानुनको विषय बन्न सक्ने औंल्याए। अधिवक्ता चन्दनकुमार कर्णले मोबाइल व्यक्तिको निजी सम्पत्ति भएकाले त्यसलाई नष्ट गर्ने निर्णय कानुनी परीक्षणको विषय बन्न सक्ने बताए। 'मोबाइल नष्ट प्रकरणलाई लिएर अभिभावक अदालत पुगे संलग्न व्यक्तिविरुद्ध कारबाही र क्षतिपूर्ति दाबीसमेत हुन सक्छ,' उनले भने 'व्यक्तिगत सम्पत्तिको संरक्षण गर्नु राज्यको दायित्व हो।'



एसइई र कक्षा १२ का विद्यार्थीबाट जफत गरिएका मोबाइल पानीमा हालेर नष्ट गर्दै प्रहरी।

### गोपनीयता कायम राख्न मोबाइल नष्ट : सिडिओ पौडेल

सिरहाका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले व्यक्तिको गोपनीयता कम होस् भन्ने उद्देश्यले जफत गरिएका मोबाइल नष्ट गरिएको दाबी गरेका छन्। 'परीक्षामा बरामद गरिएका मोबाइल व्यक्तिको गोपनीयतासँग सम्बन्धित हुन्छ,' उनले भने, 'बरामद मोबाइलहरू लिलाम गर्न सकिने भए पनि अवाञ्छित व्यक्तिको हातमा पुगेको खण्डमा त्यसले ल्याउने दुर्घटना र सामाजिक अवरोध धेरै ठुलो हुन सक्ने जोखिमलाई मध्यनजर गर्दै नष्ट गरिएको हो।' राष्ट्रिय परीक्षा बोर्डको निर्णय र निर्देशन, प्रदेश शिक्षामन्त्रीको निर्णय तथा जिल्ला परीक्षा समन्वय समितिको निर्णयबमोजिम जफत गरिएका मोबाइलको व्यवस्थापनका लागि गठन गरिएको उपसमितिको निर्णयअनुसार नष्ट गरिएको उनले बताए। शिक्षा विकास तथा समन्वय एकाइ सिराहाका परीक्षा शाखा अधिकृत राजदेव यादवको संयोजकत्वमा जिल्ला प्रशासन कार्यालय, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र राष्ट्रिय अनुसन्धान विभागका प्रतिनिधि रहेको पाँच सदस्यीय उपसमिति गठन गरिएको थियो।

■ अधिवक्ता **चन्दनकुमार कर्ण** भन्छन् -



मोबाइल नष्ट प्रकरणलाई लिएर अभिभावक अदालत पुगे संलग्न व्यक्तिविरुद्ध कारबाही र क्षतिपूर्ति दाबीसमेत हुन सक्छ, व्यक्तिगत सम्पत्तिको संरक्षण गर्नु राज्यको दायित्व हो।

### 'विकृत मानसिकताको उपज'

शिक्षाविद् प्राडा मनप्रसाद वाग्लेले विद्यार्थीबाट खोसिएका मोबाइल पानीमा डुबाएर नष्ट गरिनु विकृत मानसिकताको उपज रहेको उल्लेख गरेका छन्। सामाजिक सञ्जालमा आफ्नो धारणा राख्दै उनले विदेशी मुद्रा तिरेर आयात गरेको करिब एक करोडभन्दा बढी मूल्यको मोबाइल र स्मार्टवाच नष्ट गर्नुअघि एकपटक किन सोचिएन भन्दै प्रश्न गरेका छन्। 'परीक्षाहलको प्रवेशद्वारमै किन चेकजाँच गरिएन, हलभित्र मोबाइल लैजान दिने (निरीक्षक/कर्मचारी)को कान निमोठ्ने कि विद्यार्थीको मोबाइल जलाउने ?' उनले भनेका छन्। 'प्रवेशद्वारमै मोबाइल राख्ने नियम बनाएर लकर वा टोकनको व्यवस्था गरेको भए यो हर्कत गर्ने कुबुद्धि आउँथ्यो ? त्यसो गर्न नसक्ने परीक्षा समितिका पदाधिकारीलाई नसिहत दिने कि विद्यार्थीको मोबाइल जलाउने ?'

# नेपाल–रुस सम्बन्धको बिर्सिन नहुने इतिहास

नेपाल र रुसबिचको सम्बन्ध कूटनीतिक औपचारिकतामा मात्र सीमित नभई दशकौँ लामो मित्रता, सहयोग र पारस्परिक समानताको इतिहासमा आधारित छ



● प्राडा रतिन्द्रनाथ श्रेष्ठ

अग्रलेख

नेपाल र तत्कालीन सोभियत संघ/रुसबिच कूटनीतिक सम्बन्ध स्थापना भएको ६० वर्ष पूरा हुँदै छ। नेपालले आफ्नो अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार गर्ने र सार्वभौमिकतालाई सुदृढ बनाउने क्रममा सन् १९५६ जुलाई २० मा तत्कालीन सोभियत संघसँग औपचारिक कूटनीतिक सम्बन्ध स्थापना गरेको थियो। कतिपय ऐतिहासिक स्रोतमा सन् १९५६ जुन ५ देखि जुलाई ९ को अवधिलाई पनि सम्बन्ध स्थापनाको प्रारम्भिक विन्दु मानेको पाइन्छ। १९५० को दशकमा नेपालले छिमेकी राष्ट्रहरूका अतिरिक्त विश्वका अन्य शक्तिशाली मुलुकसँग पनि कूटनीतिक सन्तुलन कायम गर्ने नीतिअनुरूप चालेको यो एक ऐतिहासिक कदम थियो, जसले नेपालको परराष्ट्र नीतिलाई बहुआयामिकता र बहुध्रुवीयता प्रदान गऱ्यो। नेपालको असंलग्न परराष्ट्र नीतिको अभिन्न अंगका रूपमा रहेको यो सम्बन्धले शीतयुद्धको समयमा पनि दुवै राष्ट्रबिच आपसी सम्मान र सहयोगको जग बसाल्यो।

**ऐतिहासिक विकासक्रम तथा सोभियत सहयोग** : नेपाल-सोभियत संघबिच द्विपक्षीय सम्बन्धको सुरुवाती चरण केही जटिल र चिसो रहेको देखिन्छ। सन् १९५० को दशकमा नेपालले संयुक्त राष्ट्र संघको सदस्यता प्राप्त गर्ने प्रयास गर्दा सोभियत संघले 'भिटो' प्रयोग गरिदिँदा कूटनीतिक गतिरोध उत्पन्न भएको थियो। तथापि, सन् १९५८ मा तत्कालीन राजा महेन्द्रले गरेको सोभियत संघको ऐतिहासिक भ्रमणपछि सम्बन्धमा तीव्र र सकारात्मक सुधार आयो। यस भ्रमणले नेपाल र सोभियत संघबिचको दूरीलाई कम गर्दै विकास साझेदारीको नयाँ ढोका खोल्यो।

सन् १९५९ देखि सोभियत संघले नेपालको आर्थिक तथा प्राविधिक विकासमा ठुलो मात्रामा अनुदान सहयोग उपलब्ध गराउन थाल्यो, जसले नेपालको प्रारम्भिक औद्योगिक र आर्थिक आधार खडा गर्न जगको काम गऱ्यो।

**२४ अप्रिल १९५९ को आर्थिक तथा प्राविधिक सहायता सम्झौता** : यस ऐतिहासिक सम्झौताअन्तर्गत सोभियत संघको पूर्ण अनुदान सहयोगमा नेपालको पहिलोमध्येको एक पनौती जलविद्युत् केन्द्र र त्यसको प्रसारण लाइन निर्माण भयो। यसका साथै वीरगन्ज चिनी मिल, जनकपुर चुरोट कारखाना र पूर्व-पश्चिम राजमार्गको पथलैया-ढल्केबर खण्डको प्रारम्भिक सर्वेक्षण र निर्माण कार्य सम्पन्न भयो।

**स्वास्थ्य र पूर्वाधार विकास** : परम्परागत सम्झौतामार्फत नेपालमा आधुनिक स्वास्थ्य सेवा विस्तारका लागि सोभियत संघले काठमाडौंमा कान्ति अस्पताल निर्माणमा महत्त्वपूर्ण आर्थिक तथा प्राविधिक अनुदान सहयोग उपलब्ध गरायो।

**८ अप्रिल १९६४ को सम्झौता** : नेपालको कृषि क्षेत्रलाई यान्त्रिकीकरण र आधुनिकीकरण गर्न वीरगन्जमा कृषि औजार कारखाना निर्माण गरियो, जसले देशको तत्कालीन कृषि उत्पादकत्व बढाउन ठुलो भूमिका खेल्यो।

**बहुआयामिक सहकार्य** : सन् १९६४ मा सांस्कृतिक-वैज्ञानिक सहकार्य सम्झौता, सन् १९७० मा व्यापार सम्झौता तथा सन् १९७३ मा थप आर्थिक-प्राविधिक सहयोग सम्झौता सम्पन्न भए। जसअन्तर्गत भौतिक पूर्वाधार र यातायात सञ्जाल विस्तारलाई उच्च प्राथमिकता दिइयो।

शीतयुद्धको समयमा राजा महेन्द्रबाट कूटनीतिक चातुर्य प्रदर्शन गर्दै असंलग्न विदेश नीति अपनाइयो। यसरी नेपालले अमेरिका, चीन, भारत र सोभियत संघसँग सन्तुलित सम्बन्ध कायम गर्दा नेपालको औद्योगिक तथा जनशक्ति विकासमा तत्कालीन सोधियत संघबाट महत्त्वपूर्ण सहायता प्राप्त भयो।

यसै सन्दर्भमा नेपालबाट सोभियत संघ/रुस र पूर्वसोभियत गणराज्यबाट हालसम्म छात्रवृत्तिमा करिब आठ हजार नेपाली विद्यार्थी चिकित्सा, इन्जिनियरिङ, विज्ञान तथा अन्य प्राविधिक विषय पढेका दक्ष जनशक्ति अहिले पनि नेपालका विभिन्न क्षेत्रमा कार्यरत छन्। यस अर्थमा नेपालको प्रारम्भिक औद्योगिक विकास, शिक्षा तथा पूर्वाधार निर्माणमा सोभियत संघको महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ। त्यसमा पनि आजको विश्वमा हाम्रो जस्तो कम विकसित मुलुकको कूटनीतिको मुख्य आधारशिला नै आर्थिक कूटनीति भएकाले विदेशमा रहेका दूतावासलाई राजनीतिक सम्पर्क केन्द्रको साथसाथै लगानी, व्यापार, ऊर्जा, पर्यटन र आर्थिक सहकार्यको इन्जिन बनाउनुपर्छ।

**सोभियत संघको विघटन र रुसी महासंघसँगको सम्बन्ध** : सन् १९९१ मा सोभियत संघको विघटनपछि २८ डिसेम्बर १९९१ मा रुसी महासंघले सोभियत संघको कानुनी उत्तराधिकारी राष्ट्रका रूपमा आधिकारिक मान्यता प्राप्त गऱ्यो। त्यसयता नेपाल-रुस सम्बन्ध परम्परागत मैत्री र पारस्परिक सम्मानमा आधारित भएर निरन्तर अगाडि बढिरहेको छ।

नेपाल र रुसबिचको सम्बन्ध केवल कूटनीतिक औपचारिकतामा मात्र सीमित छैन। यो दशकौं लामो मित्रता, सहयोग र पारस्परिक समानताको इतिहासमा आधारित छ। विश्व राजनीति निरन्तर परिवर्तन भइरहेका वेला नेपाल र रुसबिचको सम्बन्धलाई नयाँ दृष्टिकोणबाट हेर्ने समय आएको छ। विगतका उपलब्धिलाई सम्झँदै भविष्यका सम्भावना पहिचान गर्नु आजको आवश्यकता हो।

**वर्तमान भूराजनीतिक परिदृश्यमा रुसको उपस्थिति** : नेपालको वर्तमान भू-राजनीतिक अवस्थालाई हेर्दा उत्तर र दक्षिणतर्फ सिमाना जोडिएका दुई विशाल छिमेकी रहेको तथा अमेरिकाको विश्वव्यापी प्रभाव रहेको स्थितिमा रुससँगको सम्बन्ध हाम्रो आर्थिक विकासका लागि सन्तुलनकारी साझेदारीका रूपमा उपयोगी हुन सक्छ। किनभने, रुसको हाम्रा दुवै छिमेकी राष्ट्रसँग घनिष्ट सम्बन्ध छ। तर, यसको अर्थ कुनै शक्तिविरुद्ध अर्को शक्तिलाई प्रयोग गर्नु होइन, बरु नेपालको राष्ट्रिय हितअनुकूल बहुआयामिक साझेदारी विकास गर्नु हो।




नेपालले रुससँगको सम्बन्ध विस्तार गर्दा भारत र चीनलाई प्रतिस्पर्धाका रूपमा हेर्न हुन्न। पश्चिमी देशको सहकार्यलाई कमजोर पार्न हुँदैन तथा कुनै पनि सैन्य गठबन्धनमा संलग्न हुनुहुँदैन। मुख्यतः हाम्रो आर्थिक कूटनीतिलाई नै प्राथमिकता दिनुपर्छ। नेपालको हित र प्राथमिकता स्पष्ट राखेर बहुध्रुवीय विदेशनीति अपनाउनु हो भने रुससँगको सम्बन्धले आर्थिक अवसर, प्रविधि हस्तान्तरण र कूटनीतिक विकल्प विस्तार गर्न हामीलाई मद्दत पुग्न सक्छ।

> नेपालले रुससँगको आर्थिक कूटनीतिलाई अगाडि बढाउँदा पश्चिमी देश वा छिमेकीसँगको परम्परागत सम्बन्धमा आँच आउन नदिने, कुनै पनि सैन्य वा सुरक्षा गठबन्धनमा सामेल नहुने र असंलग्नताको सिद्धान्तमा दृढ रहने सावधानी अपनाउनुपर्छ

**कूटनीतिक इंगेजमेन्टका सम्भावना** : नेपालमा तामा, फलाम, सुन, सिसा, जस्ता र चुनढुंगाजस्ता खनिज पदार्थको प्रचुर सम्भावना छ भने तराई र पहाडी क्षेत्रमा पेट्रोलियम तथा प्राकृतिक ग्यासको सम्भाव्यताबारे विभिन्न अध्ययन भएका छन्। यद्यपि, व्यावसायिक रूपमा ठुलो भण्डार प्रमाणित गर्न थप विस्तृत सर्वेक्षण र आधुनिक प्रविधिको आवश्यकता छ। रुस विश्वको अग्रणी ऊर्जा, खनिज र खानी प्रविधि सम्पन्न राष्ट्र भएकाले नेपालले रुसलाई निम्न रणनीतिक विधिबाट 'इंगेज' गराउन सक्छ :

**भूगर्भीय सर्वेक्षण र उत्खनन प्रविधि** : नेपालको कठिन र जटिल भूगोलमा काम गर्न सक्ने रुसी इन्जिनियरिङ र तेल-ग्यास अन्वेषण प्रविधिलाई नेपाल भित्र्याउन प्राविधिक सम्झौता गर्न सकिन्छ।

बहुराष्ट्रिय 'कन्सोर्टियम मोडेल' भारत र चीनबिचको प्रतिस्पर्धालाई सन्तुलनमा राख्न र कुनै एक राष्ट्रमाथिको अत्यधिक निर्भरता घटाउन नेपालले अन्तर्राष्ट्रिय बोलपत्रमार्फत संयुक्त लगानी मोडेल अपनाउन सक्छ। यसअन्तर्गत नेपालको सरकारी संस्था, रुसी प्राविधिक कम्पनी र भारतीय वा चिनियाँ लगानीकर्ताको संयुक्त सहभागितामा खानी उत्खनन अगाडि बढाउनु भूराजनीतिक रूपमा सन्तुलित र सुरक्षित देखिन्छ।

**मल कारखाना स्थापना** : नेपालले बर्सेनि व्यहोर्दै आएको रासायनिक मलको विकराल संकट समाधानका लागि विश्वको प्रमुख मल उत्पादक र निर्यातकर्ता राष्ट्र रुससँग प्राविधिक र औद्योगिक सहकार्य गरी स्वदेशमै प्राकृतिक ग्यासमा आधारित वा विद्युतीय मल कारखाना स्थापना गर्न सकिन्छ।

**हालैका कूटनीतिक विकासक्रम** : सन् २०२३ अप्रिल १९ देखि २४ सम्म नेपालका राष्ट्रिय सभाका तत्कालीन अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले गरेको रुसको औपचारिक भ्रमणका क्रममा दुई देशबीच अन्तर-संसदीय सहकार्य सम्झौतामा हस्ताक्षर भयो। जसलाई हालैका वर्षमा द्विपक्षीय सम्बन्धको महत्त्वपूर्ण उपलब्धिका रूपमा हेरिएको छ। यस भ्रमणका क्रममा रुस सरकारले प्रत्यक्ष नगद सहायताभन्दा पनि नेपालको दीर्घकालीन पूर्वाधार, कृषि, स्वास्थ्य र शिक्षा क्षेत्रमा लगानी र प्राविधिक सहकार्यका १३ वटा सम्भावित परियोजनाको विस्तृत प्रस्ताव (डिपिआर) मागेको थियो। ती विशिष्ट एजेन्डा र प्रस्तावलाई यसरी वर्गीकरण गर्न सकिन्छ :

| क्षेत्र | रुसद्वारा प्रस्तावित विशिष्ट सहकार्य तथा लगानीका क्षेत्रहरू |
|---|---|
| कृषि तथा खाद्य सुरक्षा | सरकार-सरकार संयन्त्रमार्फत रासायनिक मल, गहुँ तथा अन्य खाद्यान्नको दीर्घकालीन आपूर्ति साझेदारी सुनिश्चित गर्ने। |
| यातायात पूर्वाधार | नेपालको राष्ट्रिय गौरवको आयोजना 'पूर्व-पश्चिम विद्युतीय रेलमार्ग' निर्माणका लागि डिपिआरका माग र काठमाडौं उपत्यकाका लागि मस्को शैलीको आधुनिक मेट्रो/रेल प्रणाली निर्माणमा प्राविधिक रुचि। पोखरा-पर्वत-गुल्मी-रिडी सडक परियोजना (अनुमानित लागत चार अर्ब रुपैयाँ) मा रुसी लगानीको तत्परता। |
| स्वास्थ्य क्षेत्र | काठमाडौं र पोखरामा एक-एक गरी दुईवटा अत्याधुनिक बाल क्यान्सर अस्पताल निर्माण गर्ने र प्रारम्भिक चरणमा रुसी विशेषज्ञ चिकित्सक परिचालन गरी पछि नेपाली चिकित्सकलाई जिम्मेवारी हस्तान्तरण गर्ने मोडेल। |
| शिक्षा र छात्रवृत्ति | चिकित्सा इन्जिनियरिङ र अन्य प्राविधिक विधामा नेपाली विद्यार्थीका लागि वार्षिक १५० देखि २०० सम्म छात्रवृत्ति संख्या विस्तार गर्ने ठोस प्रस्ताव। |
| हवाई उडान र पर्यटन | सन् २००२ देखि स्थगन भएको काठमाडौं-मस्को सीधा हवाई उडान पुनः सञ्चालन गरी हिमाली, साहसिक र धार्मिक पर्यटन प्रवर्द्धन गर्ने र रुसीभाषी पर्यटन गाइड सेवा विकास गर्ने। |

हालसम्म यी प्रस्ताव नेपाल सरकारको कुनै दराजमा थन्किरहेका छन्। अब आशा गरौं, वर्तमान सरकारले मुलुकको दीर्घकालीन हितलाई ध्यानमा राखी ती प्रस्तावलाई कूटनीतिक क्षमता प्रदर्शन गर्दै अविलम्ब कार्यान्वनको दिशामा लैजानेछ।

**रणनीतिक निष्कर्ष र भावी कार्यदिशा** : रुस नेपालका लागि छिमेकी राष्ट्र भारत वा चीनको विकल्प होइन, तर नेपालको बहुध्रुवीय परराष्ट्र नीतिअन्तर्गत ऊर्जा, प्रविधि हस्तान्तरण, पूर्वाधार र औद्योगिक विकासका लागि एक भरपर्दो अतिरिक्त रणनीतिक साझेदार बन्न सक्छ। नेपालले रुससँगको आर्थिक कूटनीतिलाई अगाडि बढाउँदा पश्चिमी देश वा छिमेकीसँगको परम्परागत सम्बन्धमा आँच आउन नदिने, कुनै पनि सैन्य वा सुरक्षा गठबन्धनमा सामेल नहुने र असंलग्नताको सिद्धान्तमा दृढ रहने सावधानी अपनाउनुपर्छ।

नेपालको वास्तविक चुनौती विदेशी साझेदार वा लगानीको अभाव मात्र होइन, बरु इच्छाशक्तिको कमी विश्वसनीय भूगर्भीय तथ्यांकको कमी, नीतिगत र कानुनी स्थिरताको अभाव तथा वैदेशिक लगानी सुरक्षाको पूर्ण ग्यारेन्टी नहुनु हो। नेपालले आफ्ना नीतिगत, प्रशासनिक र कार्यान्वयनगत पक्षलाई सुदृढ बनाउँदै स्पष्ट आर्थिक एजेन्डा र परियोजना प्रस्ताव प्रस्तुत गर्न सकेमा रुससँगको ऐतिहासिक साझेदारीले नेपालको आर्थिक समृद्धि र भूराजनीतिक सन्तुलन दुवैलाई आगामी दिनमा थप मजबुत बनाउने निश्चित छ। यही दृष्टिकोणले नेपालको भू-राजनीतिक सन्तुलन र आर्थिक स्थितिलाई बलियो बनाउँछ।

अन्त्यमा, नेपाल र रुसको सम्बन्ध इतिहासको गौरवपूर्ण आधारमा उभिएको छ। विगतका सहयोग र मित्रतालाई स्मरण गर्दै दुवै देशले भविष्यमा अवसरलाई व्यावहारिक रूपमा उपयोग गर्न सकेमा सम्बन्ध अझै सुदृढ बन्न सक्छ। इतिहासलाई बिर्सने होइन, त्यसबाट प्रेरणा लिएर भविष्यका नयाँ अध्याय लेख्ने समय आएको छ।

## ३ प्रश्न

नेपाल प्रहरीका पूर्वडिआइजी **हेमन्त मल्ल ठकुरी**लाई



**'रेड नोटिस' जारी गर्नुपर्ने अवस्था र विधि कस्तो हुन्छ ?**

सामान्यतः देशभित्र गम्भीर खालका अपराध गरेर विदेश भागेका अभियुक्तलाई फिर्ता ल्याउडन 'रेड नोटिस' जारी गरिन्छ। इन्टरपोलले रेड, ब्लु, यल्लो, ब्लाकलगायत सात-आठ थरी नोटिस जारी गर्छ। पक्राउ गर्न जरुरी भएका अभियुक्तविरुद्ध रेड नोटिस जारी गर्न इन्टरपोल मुख्यालयमा अनुरोध गर्नुपर्छ। पहिले सरकारको अनुरोधपछि नोटिस जारी हुन्थ्यो। तर, अहिले तथ्य, प्रमाणसम्बद्ध कागजात अलि बढी नै माग्न थालिएको छ।

**कसैका नाममा रेड नेटिस जारी भइसकेपछि उसलाई पक्राउ गरेर नेपाल ल्याउन कति सजिलो छ ?**

कतिपय केसमा सजिलो हुन्छ भने कतिपयमा नहुन पनि सक्छ। खासगरी राजनीतिक प्रकृतिका मुद्दा र मानव अधिकार विषय बढी नै संवेदनशील मानिन्छन्। नेपाल पठाउँदा यहाँ 'फेयर ट्रायल' नहोला, उसको सुरक्षामा समस्या आउला भन्ने लाग्यो भने नोटिस जारी भइसकेपछि पनि अभियुक्तलाई पनि ल्याउन त्यति सजिलो छैन। रेड नोटिस भनेको पक्राउ पुर्जी होइन र इन्टरपोल आफैंले अभिययुक्तलाई खोजी गर्ने पनि होइन। नोटिस जारी गराउने देश आफैंले खोजी गरी सम्बन्धित देशलाई अनुरोध गर्ने हो। नेपालको कसैसँग पनि प्रत्यार्पण सन्धि नभएकाले द्विपक्षीय सरसहयोग मात्र हुने हो। तथ्य, प्रमाण 'भेरिफाई' गर्दा ठिक लागे सम्बन्धित देशले डिपोट गरिदिन सक्छ। गम्भीर खालका 'केस'मा भने उतै गएर ल्याउने पनि गरिन्छ।

**साना अभियुक्त समातिने र ठुला अभियुक्त पक्राउ नै नपर्ने अवस्था किन आउँछ ?**

सानालाई आफू कसरी बच्चे या रेड नोटिस कसरी छल्ने भन्ने थाहा नहुन सक्छ भने ठुलालाई सबै थाहा हुन्छ। ठुला मान्छेबारे सम्बन्धित देशलाई पनि थाहा हुन्छ। व्यक्ति स्वयं पनि सचेत हुन्छ। फेयर ट्रायल, मानव अधिकार सुरक्षा र सम्बन्धित व्यक्तिको लगानी आदिले पनि यसमा फरक पार्न सक्छ।

## प्रेरक प्रसंग

### प्रिन्सिपल र हराएको घडी

एकपटक एउटा कलेजका एकजना विद्यार्थीले प्रिन्सिपलसित आफ्नो घडी हराएको गुनासो गऱ्यो। प्रिन्सिपलले बुझ्दा घडी हराएको समयमा उसको कक्षाकोठाका विद्यार्थीबाहेक कोही पस्न सम्भव देखिएन। उनले कक्षाका सबै विद्यार्थीलाई एक स्थानमा लाममा उभिन लगाएर सबैलाई आँखामा पट्टी बाँध्न लगाए। प्रिन्सिपल सबैको खल्ती छाम्दै अघि बढे। एकैछिनमा घडी भेटियो। उनले सबैको खल्ती छामिसकेपछि घडी सम्बन्धित विद्यार्थीलाई बुझाइदिए।

घडी चोरी गर्ने विद्यार्थीको सातो गयो। अब प्रिन्सिपलले सबैलाई भनिदिन्छन्, कलेजभरि आफूले गरेको चोरीबारे सबैले थाहा पाउँछन् भनेर ऊ निकै डरायो। तर, दिनहरू बित्दै गए, यस विषयमा कसैले कुनै प्रश्न गरेन। कलेज जीवन सकियो, सबै विभिन्न काममा संलग्न भए।

घडी चोरी गर्ने विद्यार्थी एउटा ठुलै कम्पनीको मालिक बन्यो। ऊ सफल पनि भयो। एकपटक उसलाई सम्मान गर्ने कार्यक्रम थियो। त्यहाँ कलेजका तिनै प्रिन्सिपल पनि आएका थिए। प्रिन्सिपललाई नजिक पाउनासाथ उसले भन्यो- सर, आज म जहाँ छु, त्यसका लागि तपाईंको ठुलो हात छ। यसका लागि हजुरलाई धेरै-धेरै धन्यवाद ! उसका कुरा सुन्दा प्रिन्सिपल छक्क परे। उनले त्यसको कारण सोधे। उसले भन्यो- सर हजुरले मैले घडी चोरेको थाहा पाएर पनि कसैलाई भनिदिनुभएन। मलाई सुध्रने मौका दिनुभयो। र, आज म यहाँ छु। हजुरले त्यो सब भनिदिनुभएको भए म त्यतिखेरै आत्महत्या गर्ने थिएँ। हजुरको त्यो गुन जीवनभर भुल्नेछैन सर !

प्रिन्सिपलले छक्क पर्दै प्रश्न गरे- ओहो ! त्यो विद्यार्थी तिमी थियौ, जसको पकेटमा घडी थियो ? विद्यार्थीले जवाफ दिए- हो सर, तर तपाईंले मलाई कति छिटै भुल्नुभयो ? प्रिन्सिपलले भने- तिमीहरूका आँखामा पट्टी बाँधिसकेपछि मैले पनि मेरा आँखामा पट्टी बाँधेको थिएँ। म चाहन्थेँ, मेरो कुनै विद्यार्थी एउटा सानो गल्तीका कारण मेरो नजरबाट जीवनभर गिरोस् र अपराधबोध गरेर लज्जित भइरहोस्।

प्रिन्सिपलका कुरा सुन्दा ती विद्यार्थीका आँखा रसाए। उनले आफ्ना प्रिन्सिपललाई जोडले अँगालो हाले।

## टिप्पणी

nayapatrikaofficial
@naya_patrika

### ढल व्यवस्थापन कहिले गर्ने ?

काठमाडौं उपत्यकाभित्रका नदीनालामा जीवन समाप्त भएको वर्षौं भइसक्यो। यहाँका नदीमा पानी कम, ढल बढी बग्छ। नदी किनाराबाट यात्रा गर्दा दुर्गन्धको तीव्र आक्रमण झेल्नुपर्छ। तैपनि, तीनै तहका सरकारको ध्यान यसतर्फ जान सकेको देखिन्न। खासगरी नदीमा सीधै ढल मिसाउनुको साटो नदी किनाराका दुवैतिरका सडकमा ठुल्ठुला ढल बिछ्याएर कुनै पनि नदीमा ढल प्रवश गर्ने नदिने हो भने यस्तो प्रदूषणको समस्या केही हदसम्म कम हुन सक्छ। तर, ढल व्यवस्थापन मिलाउने, ढलको प्रशोधन गर्नेलगायत कार्यमा तीनै तहका अजंगका सरकारले ध्यान दिएको देखिन्न। के राजधानीका सबै नदीलाई नबचाउने नै हो त ?

● **अव्यक्ता राई,** पुल्चोक, ललितपुर

### संस्कृति जोगाउने सकारात्मक काम

प्रत्येक शनिबार काठमाडौंको असन क्षेत्रमा सवारी साधनको प्रवेश निषेध गरेर त्यहाँ स्थानीय संस्कृति र स्वाद पस्किने जुन काम सुरु गरिएको छ, त्यो निकै सराहनीय छ। यस कदमले एकातिर स्थानीय परिकारको संरक्षण हुन्छ भने नयाँ-नयाँ पुस्ताले पनि पुराना-पुराना स्थानीय परिकार र तिनको स्वादबारे थाहा पाउँछन्। यसका साथै, स्थानीय स्वाद र परिकार स्थानीय घरपरिवारको आयआर्जनको माध्यम बन्न पनि सक्छ। यसलाई निरन्तरता दिइयोस्।

● **सरस्वती बज्राचार्य,** बालाजु, काठमाडौं

### हामीले जरिवाना किन तिर्ने ?

सरकारले जेन-जी आन्दोलनका क्रममा बनिसकेका राष्ट्रिय परिचयपत्र जलेर नष्ट भएपछि पुनः आफैंले छापेर प्रथम कपीकै रूपमा दिनुपर्नेमा अहिले प्रतिलिपि भनेर दिने र त्यसको जरिवानास्वरुप पाँच सय रुपैयाँ पनि तिर्नुपर्ने भन्ने आशयको समाचार पढियो। अहिलेसम्म हामीले देख्दै नदेखेको कार्डको जरिवाना हामीले किन तिर्ने ? हामीले जलाएका हौं कि हामीले सुरक्षा दिन नसकेका हौं ? त्यसैले, सरकार गर्दै नगरेको गल्तीको सजाय हामीले किन भोग्ने ?

● **वीरबहादुर लामा,** लोकन्थली, भक्तपुर

### पदयात्रा मार्ग सफा राखौं

काठमाडौं उपत्यकाभित्र पदयात्राका लागि अत्यन्त सुन्दर, रमणीय र भ्रमण गर्नयोग्य स्थान हजारौं छन्। ती स्थानमा पुग्दा अलग्गै ऊर्जा प्राप्त भएको महसुस हुन्छ। साताभरिको कामको थकानपछि यसो मेसो मिलाएर ती स्थानमा पुग्दा आफूलाई 'रिचार्ज' गर्नु अवसर जुरेजस्तो लाग्छ।

तर, जहिले पनि यी स्थानमा पुग्दा मानिसहरूको अशोभनीय हर्कत देख्दा भने निकै दुःख लाग्छ। खासगरी पदयात्राका क्रममा जथाभावी फोहोरमैला फाल्ने गर्दा पदयात्रामार्ग नै कुरूप बन्दै गएका देखिन्छन्। पदयात्रा मार्ग प्लास्टिकका भोला, खानेकुराका प्याकेट र पेयपदार्थका बोतल या बट्टाले भरिएको देखिन्छ। के हामी आफूले लिएर गएको प्लास्टिकका भोलालगायत सामग्री आफूसँगै फिर्ता ल्याएर पदयात्रा मार्गलाई सफा राख्न सक्दैनौं ? कतै हामीले फोहोर जथाभावी फाल्नुलाई नै संस्कार ठानिरहेका त छैनौं ? नत्र हामीले किन यति धेरै असभ्यता देखाइरहेका छौं त ? निश्चित शुल्क लिएर स्थानीय सरकारले पदयात्रा मार्गका ठाउँ-ठाउँमा डस्टबिन राखिदिन किन सक्दैनन् ? कतैकतै भएका शौचालय पनि प्रयोग गर्न सकिने अवस्थामा छैनन्। ठाउँठाउँमा शौचालय निर्माण गरी पानीको पयाप्त व्यवस्था गरिदिए दयात्रीलाई सहज हुने थियो। यसतर्फ पनि स्थानीय सरकारको ध्यान जाओस्।

● **कोपिला स्याङ्तान,** चपली, काठमाडौं

# भारतीय पर्यटकको विश्वभर किन बढ्दै छ बदनामी ?

**मानिस धनी अहंकारीलाई त सहन सक्छन्, तर पैसा नभएका अहंकारीलाई कसैले मन पराउँदैनन्**



देश/विदेश

● वीर संघवी

*(छापा र टेलिभिजन पत्रकार संघवी टक सो पनि चलाउँछन्)*

'कुरूप भारतीय (पर्यटक)'बारे छलफल गर्नुअघि थोरै इतिहासतर्फ फर्कौं। सन् १९५० को दशकमा 'कुरूप' शब्द अमेरिकी पर्यटकका लागि प्रयोग गरिन्थ्यो। देशबाहिर घुम्न निस्किएका अमेरिकीको छवि अहंकारी, धनको प्रदर्शन गर्ने र भ्रमणमा गएका देशका मानिसलाई नराम्रो व्यवहार गर्ने भन्ने बनेको थियो।

पछि, अरू देशका मानिसले पनि यस्तै आलोचनाको सामना गर्नुपऱ्यो। जस्तो, सन् १९७० को दशकमा एसियाको यात्रा गर्ने 'अस्ट्रेलियाली'ले आफैंलाई विशेष सम्झिने र नश्लवादी व्यवहार गर्ने आरोप सामना गर्न थाले। तथापि, पछि 'हवाइट अस्ट्रेलिया' नीति अन्त्य भई बहुसांस्कृतिक देश बनेपछि नश्लवादी छवि बदलिँदै गयो। युरोपमा पनि, केही देशको छवि राम्रो थिएन। उदाहरणका लागि, 'ब्रिटिस फ्यान'को उपद्रवी व्यवहारले गर्दा अन्य देश ब्रिटिस फ्यान सहभागी हुन सक्ने खेल आयोजना गर्न डराउन थाले।

त्यस्तै गत दशक चिनियाँ पर्यटकको 'अभद्र' व्यवहारले एसियाका विभिन्न भागमा चिनियाँविरोधी भावना नै बढ्न गयो। निश्चित रूपमा कुनै देशका सबै नागरिकलाई एउटै धारणामा बाँध्ने शैली पूर्ण रूपमा सही होइन। तथापि, ती देशका केही नागरिकका व्यवहारले त्यस्तो छवि बन्न पुगेको भने सत्य हो।

कैयौं देशले विदेशी भूमिमा बिग्रिएको आफ्नो छवि सुधारेका पनि छन्। सन् १९६० र १९७० को दशकको 'काउन्टर-कल्चर' लहरसँगै स्थानीय संवेदनशीलताप्रति सम्मान गर्ने नयाँ अमेरिकी पर्यटकको जन्म भयो। बेलायत आफैंले आफ्ना झगडालु फुटबल 'फ्यान'माथि कारबाही गर्न थालेपछि तिनको छवि केही सुधियो। त्यसैले, देशको छवि परिवर्तन हुन सक्छ। यसैले, हालैका वर्षमा विश्वव्यापी रूपमा देखा परेको भारतीहरूको 'कुरूप' नयाँ छविमा पनि परिवर्तन आउन सक्छ। 'कुरूप भारतीय'को छवि 'कुरूप अमेरिकी' वा अन्य सम्पन्न देशका पर्यटकको बदनामीभन्दा केही भिन्न छ।

भारतीय पर्यटकको बदनामी मुख्यतः असभ्य, कन्जुस र अन्य देशको सभ्य मापदण्ड ख्याल नगर्ने नागरिकका रूपमा हेर्न थालिएको छ। जस्तो- कन्जुसको हकमा भारतीय पर्यटक दुईजनाका लागि होटेलको कोठा 'बुक' गर्छन् र दुई कोठामा सातजना बस्छन् भन्ने आरोप छ। त्यस्तै, रेस्टुराँभित्र पसेर आफैंले बोकेर हिँडेको खाना खान्छन्। अझ पकाउने भाँडासमेत लिएर हिँड्छन् र कुनै खुला स्थानमा पकाएर खान्छन् भन्ने आरोप पनि छ। र, आफूले गरेको फोहोर नउठाउने भारतीयमाथिको अर्को आरोप हो।

त्यस्तै भारतीयमाथि लाइनमा कुर्न नसक्ने र बिचमा नबस्ने, अरू शान्त रहेको रेलयात्रामा चर्को आवाजमा लामो भिडियो कल गर्ने आरोप पनि छन्। भारतीय अभिभावकले आफूसँग यात्रामा रहेका बालबच्चाले हल्ला र चकचक गर्दा चुप लगाउन खोज्दैनन् भन्ने पनि आरोप छ। गत साता भारतीय सामाजिक सञ्जालमै विदेश घुम्न गएका भारतीयले विमानस्थलको धावनमार्गमै 'गर्वा नाच' गरेको भिडियो भाइरल भएको थियो। त्यसपछि कतिपय भारतीयले नै आफ्ना देशवासीले विदेशमा लज्जित महसुस गराउने कुराको विरोध गरे। आखिर यस्तो अवस्था कसरी आयो ?

गत एक दशकको अवधिमा भारतीयहरूले आफैंप्रति अतिरञ्जित धारणा राख्न थालेको सत्य हो। धेरै भारतीयलाई आफ्नो देश विश्वव्यापी महाशक्ति बनिसक्यो भन्ने लाग्छ। यही गलत सोचका कारण विदेशमा रहँदा जे चाह्यो, त्यो गर्न सक्छौं भन्ने अहंकार बढेको छ। जबकि, यथार्थ भने भारत अहिले एउटा संघर्षरत अर्थतन्त्र हो र आमभारतीयले हरेक साता अवमूल्यन भइरहेको मुद्राका कारण कठिनाइ भोगिरहेका छन्। त्यसकारण, भारतीयको एक हिस्साले केही वर्षपहिले हासिल गरेको विदेशमा बिदा मनाउने आर्थिक क्षमता गुमाउँदै गएका छन्।

अहिलेसम्म हामी भारतीयले विदेश भ्रमण त गरिरहेका छौं, तर खर्च बचाउन विभिन्न चतुऱ्याइँको सहारा लिन थालेका छौं। भ्रमणमा निस्कने हामी भारतीयले खर्च घटाउन बाटामा आफूलाई चाहिने आवश्यक सामग्री बढाएर हिँड्न थालेका छौं। त्यस्तै, विदेशमा सामान किन्नैपरे बढीभन्दा बढी छुटका लागि 'बार्गेनिङ' गर्न थालेका छौं।

सन् १९५० को दशकमा अमेरिकीको छवि अहंकारी हुँदा उनीहरू आफू घुम्न गएका देशका नागरिकको संवेदनशीलतालाई बेवास्ता गर्थे भनिन्थ्यो। उनीहरू धनी थिए र त्यसैको अहंकार देखाउँछन् भनिन्थ्यो। तर, भारतीय यात्रीमध्ये धेरै त्यसवेलाका अमेरिकीजत्ति सम्पन्न छैनौं, तर अहंकारी भने उत्तिकै छौं। त्यसैले हिजोआज भारतीयहरू संसारमै सबैभन्दा कम रुचाइने पर्यटक बनेका छौं। मानिसहरू धनी अहंकारीलाई सहन सक्छन्, तर कम पैसा भएका अहंकारीलाई कसैले मन पराउँदैन।

*द प्रिन्टबाट*

# मोदीलाई बलियो हुन सघाइरहेको गान्धी परिवार

## मोदी र अमित शाहको शासनलाई सुदृढ बनाउनमा जानी-नजानी सोनिया गान्धी, राहुल गान्धी र उनीहरूका चाटुकारको पनि हात छ



● रामचन्द्र गुहा
गुहा भारतीय इतिहासकार तथा वातावरणविद् हुन् ।

भारतको प्रमुख प्रतिपक्षी दल 'भारतीय राष्ट्रिय कंग्रेस'का नेता राहुल गान्धीको नेतृत्वमा विगतमा भएको 'भारत जोडो' यात्राले उनको विश्वसनीयता बढाउन मद्दत गरेकोमा कुनै शंका छैन । तर, चुनावपछि पनि कंग्रेसलाई पारिवारिक फर्मको रूपमा जोड दिने कुराले त्यस यात्राका क्रममा हासिल भएको लाभमा धक्का पुग्यो । 'भारत जोडो यात्रा'पछि सम्पन्न सन् २०२४ को लोकसभा चुनावमा कंग्रेसले ९९ सिट जित्दा राहुल गान्धीवरपरका चाटुकरको समूहले उनलाई 'प्राइममिनिस्टर-इन-वेटिङ (भावी प्रधानमन्त्री)'का रूपमा पेस गर्न थाल्यो । नयाँदिल्लीका बुद्धिजीवी र पत्रकारले यी दाबीलाई बढावा दिन सघाए । तर, अहिले दुई वर्षपछि त्यो उत्साह क्षणिक भावावेश मात्र थियो भन्ने थाहा हुँदै छ ।

भारतका प्रभावशाली गुजरात, मध्यप्रदेश, हरियाणा अदि राज्यमा कुनै समय कंग्रेसको प्रभुत्व हुने गर्थ्यो । एकपछि अर्को गर्दै तिनमा 'भारतीय जनता पार्टी (भाजपा)'को सरकार गठन भयो । राहुल गान्धी भने आफू नेतृत्वको पार्टीको हार रोक्न असमर्थ देखिए । हालै 'द प्रिन्ट'मा प्रकाशित एक समाचारअनुसार सन् २००८ तिर राहुलले कंग्रेसको औपचारिक नेतृत्व सम्हालेदेखि देशभर कंग्रेस विधायकको संख्या लगभग आधाले घटेर एक हजार २०४ बाट ६७६ पुगेको छ ।

यस स्तम्भकारले पनि राहुल गान्धीलाई भेटेको छ । विभिन्न अवसरमा पत्राचार पनि भएका छन् । व्यक्तिगत रूपमा उनी सुसंस्कृत छन् । तर, राजनीतिमा उनको व्यवहार हेर्दा भने उनी आमा सोनिया गान्धीको मन नपरेको क्षेत्र (राजनीति)मा प्रवेश गरेका हुन् कि भन्ने लाग्छ । सोनियाकै जोडबलले उनी कंग्रेसको नेतृत्वमा छन् भन्ने कुरामा कसैलाई शंका पनि छैन । राहुलमा वर्तमान प्रधानमन्त्री नरेन्द्र मोदीलाई प्रस्थापित गर्न सक्ने व्यक्तिमा हुनुपर्ने स्तरको राजनीतिक अनुशासन, गुरुत्व र अनुभव छैन । यसैले, व्यक्तिका रूपमा असल हुँदाहुँदै पनि राहुल भाजपाको घृणायुक्त शासनविरुद्ध सफल प्रतिरोध चाहने समूहका लागि आशा गर्न लायकका व्यक्ति होइनन् ।

उनले एक समय भारतको निर्वाचन आयोगको पक्षपाती आचरणजस्ता महत्त्वपूर्ण मुद्दा उठाए । तर, त्यस्तो महत्त्वपूर्ण मुद्दालाई उनले जति लामो समय लिएर हिँड्नुपर्थ्यो, हिँडेनन् । अर्को अवसरमा उनले अचानक 'भोट चोरी'को विषयमा पत्रकार बोलाएको देखियो । र, जब त्यस विषयलाई जोडतोडका साथ अघि बढाउनुपर्थ्यो, उनी युरोप वा ल्याटिन अमेरिकाको भ्रमणमा निस्किए । यस्तो राजनीतिक अनुशासनहीनता भारतजस्तो देशको प्रमुख दलका नेतामा अनुपयुक्त हुन्छ ।

वास्तवमा, लोकसभा सदस्यका रूपमा पहिलोपटक चुनिएयताको २२ वर्षमा राहुलले आफ्ना मुद्दालाई लामो समय निरन्तरता दिएको एक मात्र अवसर 'भारत जोडो यात्रा' नै थियो । त्यस अभियानका केही महिना मात्र राहुल निरन्तर मैदानमा कठोर परिश्रम गरिरहेका देखिए । जबकि, यस्तो मैदानमा मिहिनेत भाजपा नेता सधैं गरिरहेका हुन्छन् । आजकल उनका राजनीतिक हस्तक्षेप प्रायः सामाजिक सञ्जाल 'एक्स'मा सीमित देखिन्छ । सामाजिक सञ्जालले तत्काल केहीको ध्यान आकर्षित गर्न नसक्ने होइन, तर धेरैले २४ घण्टाभित्रै त्यहाँ के लेखिएको थियो, बिर्सिसकेका हुन्छन् ।

अनुभवको हकमा उनीसँग हालसम्म कुनै पनि सरकारी पदमा बसेर काम गरेको अनुभव छैन । मनमोहन सिंह नेतृत्वमा रहेको 'युनाइटेड प्रोग्रेसिभ अलाइन्स (युपिए)'सरकारको दश वर्षसम्म विभिन्नपटक आग्रहका बाबजुद राहुलले मन्त्री पद लिन अस्वीकार गरे । भारतजस्तो विशाल र विविधतायुक्त देशको कुनै पदमा बसेर काम नगरेका व्यक्ति प्रभावकारी प्रधानमन्त्री हुन्छन् र भूराजनीतिक वातावरणमा काम गर्न सक्छन् भनेर आममतदाताले कसरी विश्वास गर्ने ?

राहुल गान्धीको अर्को कमजोर विगतका गल्तीबाट सिक्न नखोज्ने प्रवृत्ति पनि हो । सन् २०१९ को आमनिर्वाचनमा उनले मोदीविरुद्ध ल्याएको 'चौकीदार चोर है' अभियानलाई मोदीले चौकीदार समुदायविरुद्ध भएको बताएर उल्टै राहुललाई अप्ठ्यारोमा पारिदिए । त्यस अनुभवबाट पाठ सिकेर मोदीको शासकीय असफलतालाई निसाना बनाउनुको साटो राहुलले अझै प्रधानमन्त्रीमाथि 'कायर', 'बिकेको'जस्ता व्यक्तिगत आक्रमण गर्न छाडेका छैनन् ।



> राहुलमा वर्तमान प्रधानमन्त्री नरेन्द्र मोदीलाई प्रस्थापित गर्न सक्ने व्यक्तिमा हुनुपर्ने स्तरको राजनीतिक अनुशासन, गुरुत्व र अनुभव छैन । यसैले, व्यक्तिका रूपमा असल हुँदाहुँदै पनि राहुल भाजपाको घृणायुक्त शासनविरुद्ध सफल प्रतिरोध चाहने समूहका लागि आशा गर्नलायक व्यक्ति होइनन् ।

कंग्रेसभित्रका शीर्ष नेताहरू राहुलविरुद्ध गरिएका यी सबै आलोचनालाई स्वीकार गर्छन् । तर, गान्धी परिवारप्रतिको जीवनभरको समर्पणले हुन सक्छ, उनीहरू राहुलकी बहिनीलाई राहुलका विकल्प मान्छन् । र, उनै प्रियंका सफल प्रधानमन्त्री हुन सक्ने सोच राख्छन् । ढिलो गरी राहुल 'नयाँ नेहरू' नभएको बोध गरेका कंग्रेसीहरू प्रियंका 'नयाँ इन्दिरा' हुन सक्ने आशा राख्न थालेका छन् । निश्चित रूपमा बहुसंख्यक उत्तर भारतीयले बुझ्ने हिन्दी भाषामा प्रियंकाको भाषण उनको दाइको भन्दा धेरै राम्रो छ । तथापि, उनीमाथि निश्चित पारिवारको सदस्य भएको भार छ । र, विगतमा परीक्षणकै आधारमा हेर्ने हो भने उनी थप असफल देखिन्छिन् । सन् २०२२ को उत्तर प्रदेश विधानसभा चुनावमा उनले कंग्रेस पार्टीको चुनावी अभियानको नेतृत्व गरेकी थिइन् । त्यस चुनावमा कंग्रेसले निकै दयनीय रूपमा २.२७ प्रतिशत मात्र मत पाएको थियो ।

### ■ वंश परम्पराप्रति आम-असन्तोष

संयोगवश, हालै विभिन्न राज्यमा सम्पन्न विधानसभा चुनाव कमै ध्यान दिइएको एउटा समान प्रवृत्ति देखियो, वंश राजनीतिप्रति मतदाताको आम-असन्तोष । असाममा तरुण गोगोईका छोराले कंग्रेस अभियानको नेतृत्व गर्दा त्यहाँ भाजपालाई फाइदा पुग्यो । त्यस्तै, पश्चिम बंगालमा ममता बनर्जीले आफ्नो भदा अभिषेक बनर्जीलाई पदोन्नति गर्ने प्रयास गरेका थिए, जहाँ भाजपाले निकै राम्रो प्रदर्शन गऱ्यो ।

दक्षिणी राज्यमा पनि यही प्रवृत्ति देखियो । तमिलनाडुमा तत्कालीन मुख्यमन्त्री एम.के. स्टालिनले आफ्ना छोरा उदयनिधिलाई अगाडि बढाउन खोज्दा प्रतिद्वन्द्वीलाई फाइदा भयो । उता केरलामा कम्युनिस्ट मुख्यमन्त्री विजयनले आफ्ना ज्वाइँलाई अघि बढाउने प्रयास गरेका थिए । त्यहाँ कंग्रेसलाई फाइदा भयो । अवश्य पनि, ती राज्यको चुनावी परिणाममा अरू पनि धेरै कारकले काम गरेको थियो, तर वंश परम्पराप्रतिको आम-असन्तोष पनि एउटा प्रमुख कारण थियो ।

एउटा कुरा के स्पष्ट हुनुपर्छ भने कंग्रेसको 'फस्ट फ्यामिली' भनिने गान्धी परिवारको आलोचना वर्तमान मोदी सरकारको समर्थन अवश्य पनि होइन । सन् २०१४ मा नरेन्द्र मोदी सत्तामा आएदेखि सार्वजनिक संस्थानको निरन्तर क्षय भइरहेको छ । प्रेस र न्यायपालिकालाई त्रसित बनाइएको छ । लोकतान्त्रिक प्रक्रिया दिन-प्रतिदिन कमजोर बनेको छ । त्यस्तै, मोदीको आगमनपछि देशका धार्मिक अल्पसंख्यकविरुद्ध क्रूर व्यवहार भइरहेको छ । मोदी सरकारले कैयौं गलत विदेश नीति लियो । त्यस्तै, मोदीले 'क्रोनी' पुँजीवादलाई अँठ्याएर देशको वन, माटो, पानी र हावाको विनाश गरेको कुरा कसैबाट लुकेको छैन ।

मे २०१४ देखि भारतको गणतन्त्रको भइरहेको पतनका प्रमुख शिल्पकार नरेन्द्र मोदी, अमित शाह र उनीहरूको पार्टी भाजपा हुन् भन्ने कुरामा कुनै शंका छैन । तर, मोदी र अमित शाहको शासनलाई सुदृढ बनाउनमा जानी-नजानी सोनिया गान्धी, राहुल गान्धी र उनीहरूका चाटुकारको पनि हात छ ।

अहिले मोदी र उनको नेतृत्वमा रहेको भाजपा कसैले हराउन नसक्ने शक्ति देखिँदै छ । तर, केही अघिसम्म हंगेरीमा भिक्टर ओर्बान र उनको पार्टी फिडेज पनि त्यस्तै देखिन्थ्यो । तैपनि, उनीहरूलाई कमैले चिनेको पिटर मग्यार र उनी नेतृत्वको भर्खरै खोलिएको टिस्जा पार्टीले असाधारण हार चखायो । जित निकाल्न मग्यारले ठुलो मिहिनेत गरेका थिए ।

चुनाव आउन दुई वर्ष बाँकी छँदै उनी देशको कुनाकुना पुगे । यस क्रममा उनले साना सहर मात्र होइन, हंगेरीका गाउँगाउँसम्म पुगे । भ्रमणका क्रममा उनी ओर्बानको शासनमा संस्थानमा पुगेको क्षयबारे आफ्नो तर्क पेस गर्थे । त्यति मात्र होइन, मग्यारले ओर्बानविरुद्ध वामपन्थी, उदारवादी र मध्य दक्षिणपन्थी सबै दलको विपक्षी गठबन्धन निर्माण गर्न लगनशीलतापूर्वक काम गरे । उनी एक नयाँ अनुहार थिए, यसैले भ्रष्टाचार तथा वंश राजनीतिको छाप लगेको थिएन । र, त्योभन्दा बढी उनको कठोर परिश्रम उनको सबैभन्दा अतुलनीय सम्पत्ति थियो ।

फाइनान्सियल टाइम्सले उद्धृत गरेअनुसार हंगेरीका एक सम्पादकले मग्यारबारे यस्तो भनेका छन्, 'उनी अविश्वसनीय रूपमा सक्रिय र उत्प्रेरित देखिन्छन् । अरूसँग साधनस्रोत थिए होलान्, तर उनले भित्रसम्म पसेर मिहिनेत गरे ।' दुर्भाग्यवश, भारतमा राहुल वा प्रियंका गान्धीबारे कसैले यस्तो भन्न सक्दैनन् ।

मोदी नेतृत्वको भाजपामा अहिले कसैले हराउन सक्दैन भन्ने एक भावना व्याप्त छ । तर, आगामी वर्षमा यो भावनामा धक्का लाग्ने सम्भावना उच्च छ । मोदीको शासनमा सार्वजनिक शैक्षिक क्षेत्रमा ठुलो गडबडी भएको छ, पछिल्लो 'निट परीक्षा प्रकरण' यही गडबडीको लक्षण मात्र हो । केन्द्र सरकारको आर्थिक कुप्रबन्धनको मार सबैले भोग्दै छन् । पछिल्लो समय कक्रोच जनता पार्टीमार्फत सरकारविरुद्ध चलेको व्यंग्यात्मक 'मिम्स' अभियानको सफलताले पनि आमभारतीय युवाले सत्तारुढ दलको फ्रुट र प्रचारबाट बुझ्न थालेको संकेत गर्छ । (सरकारले यो व्यंग्यात्मक अभियानसमेत सहन सकेन र तीमाथि प्रतिबन्ध लगाउन थालेको छ ।)

तर, यहाँ पनि एउटा गम्भीर प्रश्न उठ्छ । जब वर्तमान शासनप्रति मोहभंग गहिरिँदै जान्छ, तब कसले यसलाई प्रभावकारी राजनीतिक प्रतिरोधको रूप देला ? कुन नेताले वर्तमान सरकारको असफलतामा मात्र जोड नदिई रचनात्मक आर्थिक तथा सामाजिक नवीकरणका कार्यक्रम प्रस्तुत गरेर देशभरका मतदातालाई प्रेरित गर्न सक्छ ? विगतको रेकर्डलाई हेर्दा यो काम राहुल गान्धी र प्रियंका गान्धीका दाजुबहिनीमध्ये एक वा दुवैबाट हुन सक्ने सम्भावना लगभग असम्भव छ ।

*- द टेलिग्राफबाट*

## इतिहासमा आज



**सन् १९७५** : पहिलो विश्वकप क्रिकेट सुरु । इंग्ल्यान्डले पहिलो संस्करणको आयोजना गरेको थियो । यो प्रतियोगिता आज विश्वको सबैभन्दा महत्त्वपूर्ण खेलकुद घटनामध्ये एक हो । वेस्ट इन्डिज पहिलोपटक विश्व क्रिकेट च्याम्पियन बनेको थियो ।

● **सन् १०९९** : इसाईहरूको उद्गमस्थल जेरुसेलमलाई नयाँ धर्म इस्लामको कब्जाबाट मुक्त गर्ने भन्दै युरोपबाट ठुलो समूह बनाई आएका क्रुसेडरको पहिलो समूह जेरुसेलम आइपुग्यो ।

● **सन् १४९४** : स्पेन र पोर्चुगलले 'टोरडेसिलास सन्धि'मा हस्ताक्षर गर्दै नयाँ पत्ता लागेको उत्तर तथा दक्षिण अमेरिकी महादेशलाई ३७० डिग्री देशान्तरलाई आधार मानी दुई मुलुकबिच भाग लगाए ।

● **सन् १७५३** : बेलायतको संसद्ले एक विधेयक पारित गर्दै ब्रिटिस संग्रहालय स्थापना गऱ्यो ।

● **सन् १७९८** : माल्थसको 'जनसंख्या सिद्धान्तबारे आलेख'को पहिलो संस्करण प्रकाशित भयो ।

● **सन् १८९३** : दक्षिण अफ्रिकामा रेलयात्रा गरिरहेका महात्मा गान्धीलाई गैरगोरा भएर पहिलो दर्जाको कम्पार्टमेन्टमा यात्रा गरेको भन्दै अपमानजनक रूपमा बाहिर निकालियो । भोलिपल्ट गान्धीले यस कदमको विरोधमा उनको जीवनको पहिलो सत्याग्रह गरे ।

● **सन् १९२९** : भ्याटिकन सिटी एक स्वतन्त्र राज्य बन्यो । सोही वर्षको फेब्रुअरी ११ मा हस्ताक्षर भएको लेटरन सन्धिलाई यसै दिन इटलीको फासिस्ट सरकारले अनुमोदन गरेको थियो । सन्धिले भ्याटिकन सिटीको राजनीतिक र क्षेत्रीय सार्वभौमसत्ताको ग्यारेन्टी गर्छ ।

● **सन् १९३९** : जर्ज छैटौं अमेरिका भ्रमण गर्ने पहिलो ब्रिटिस राजा बने ।

● **सन् १९४८** : चेकोस्लोभाकियाको सत्ता कम्युनिस्टहरूले कब्जा गरे ।

● **सन् १९५५** : अमेरिकी राष्ट्रपति ड्वाइट आइजेनहावर रंगीन टेलिभिजनमा देखिने पहिलो राष्ट्रपति बने ।

● **सन् १९५८** : साइप्रस टापुका दुई मुख्य सम्प्रदाय ग्रिक र टर्कीबिच द्वन्द्व भड्कियो । त्यस द्वन्द्वका कारण आजसम्म यो टापु यिनै दुई सम्प्रदायबिच बाँडिएको छ ।

## अदालतले उल्टाइदियो ट्रम्पको आप्रवासन नीति

**न्युयोर्क** / एसिया, ल्याटिन अमेरिका र अफ्रिका र मध्यपूर्वका नागरिकलाई आप्रवासनमा कडाइ गर्ने अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प प्रशासनको नीतिलाई त्यहाँको संघीय अदालतले उल्टाइदिएको छ । न्यायाधीश जोन म्याककोनेलले ट्रम्पको प्रशासनले ३९ देशका नागरिकलाई शरण, कार्य अनुमति, ग्रिन कार्ड र नागरिकताका लागि आवेदनमा कडाइ गर्ने नीति गैरकानुनी भएको ठहर गरेका हुन् । रोड आइल्यान्डको प्रोभिडेन्समा प्रमुख अमेरिकी जिल्ला न्यायाधीश म्याककोनेलले अमेरिकी नागरिकता तथा आप्रवासन सेवाहरूले अपनाएका नीतिको एक सूची खारेज गरे । न्यायाधीश म्याककोनेलले ट्रम्प प्रशासनको नीतिले अफ्रिकी, एसियाली, ल्याटिन अमेरिकी र मध्यपूर्वी देशका मानिसलाई 'अनिश्चित कानुनी अन्धविश्वास'मा छाडेको बताए ।



डेमोक्याटिक राष्ट्रपति बाराक ओबामाद्वारा नियुक्त ती न्यायाधीशले सरकारले वैधानिक र नियामक अधिकारविना नीति अपनाएको र बताउँदै फैसलामा अगाडि भनेका छन्, 'आप्रवासीविरोधी भावनाको आधारमा प्रशासनले आफ्नो निर्णय प्रक्रियामा प्रभाव पार्न निषेधको नीति अंगीकार गरेको छ ।' युएस सिटिजनसिप एन्ड इमिग्रेसन सर्भिस (युएससिआइएस) ले कानुनलाई नजरअन्दाज गरेको उनले बताएका छन् । यो फैसलाले आप्रवासी सेवा संस्थाहरू र श्रमिक संघहरूको गठबन्धनका लागि विजयको रूपमा लिइएको छ । गठबन्धनले मार्चमा अमेरिकी गृह मन्त्रालयको हिस्सा रहेको युएससिआइएसद्वारा अपनाइएका नीतिहरूलाई चुनौती दिन मुद्दा दायर गरेको थियो ।

'यो फैसलाले आधारभूत सिद्धान्तलाई पुनः पुष्टि गर्छ, संघीय सरकारले कानुनी आप्रवासन मार्गहरू बन्द गर्न सक्दैन वा मानिसहरू कहाँबाट आएका हुन् भन्ने आधारमा भेदभाव गर्न सक्दैन,' वादीहरूको प्रतिनिधित्व गर्ने उदारवादी कानुनी समूह डेमोक्रेसी फर्वार्डका प्रमुख स्काई पेरिम्यानले भने ।

# तालिबान-रुस सम्झौताले अफगानिस्तानलाई कति फाइदा ?

गत मे २७ मा तालिबान र रुसले एक सुरक्षा सहयोगसम्बन्धी 'समझदारीपत्र (एमओयू)'मा हस्ताक्षर गरे । विषयवस्तु गोप्य राखिएको भए पनि यसले एक बहस सिर्जना गरेको छ । समझदारी पत्रमा भएको हस्ताक्षरपछि यसले अफगानिस्तानको भविष्यको सुरक्षा, विदेश नीति र अन्तर्राष्ट्रिय स्थितिमाथि पार्न सक्ने प्रभावबारे संगीन प्रश्न उठेको छ ।

कानुनी दृष्टिकोणबाट व्यापक घरेलु वैधता र औपचारिक अन्तर्राष्ट्रिय मान्यता नपाएको सरकार (तालिबान सरकार)ले गरेको सम्झौताले कानुनी र राजनीतिक स्वीकृति पाउन कठिनाइ सामना गर्छन् । अझ महत्त्वपूर्ण कुरा रणनीतिक स्तरमा यस समझदारी पत्रले अफगानिस्तानको दीर्घकालीन राष्ट्रिय हितलाई अगाडि बढाउन सहयोग नगर्न सक्छ । बरु, यसले सो देशलाई क्षेत्रीय र विश्वव्यापी शक्ति प्रतिद्वन्द्वितामा अझ बढी तान्ने जोखिम राख्छ ।




> हालै हस्ताक्षर गरिएको सुरक्षा सहयोगसम्बन्धी सम्झौताले अफगानिस्तानको दीर्घकालीन राष्ट्रिय हितलाई अगाडि बढाउने सम्भावना छैन

### ■ समझदारीपत्रका कमजोरी

प्रत्येक देशसँग अन्य देशसँग कूटनीतिक सम्बन्ध स्थापित गर्ने र आपसी सहकार्य गर्ने सार्वभौम अधिकार हुन्छ । यद्यपि, अफगानिस्तानको वर्तमान भूराजनीतिक स्थिति भने जटिल छ । प्रमुख विश्वशक्तिले बिरलै अफगानहितलाई अगाडि बढाउन रणनीतिक साझेदारी गर्ने गरेका छन् । बरु, तिनीहरू आफ्नै राष्ट्रिय स्वार्थपूर्ति गर्न अफगानिस्तानसँग नजिकिरहेका छन् । रुसले पनि अहिलेको अफगान सरकारलाई रणनीतिक साझेदारीको रूपमा प्रस्तुत हुने खालको आर्थिक, सैन्य वा राजनीतिक समर्थन प्रदान गर्ने इच्छा देखाएको छैन र गरेको पनि छैन । यदि रुसलाई रणनीतिक साझेदारका रूपमा प्रस्तुत गरिने हो भने यस्तो सम्बन्धलाई कुन रणनीतिक अवसर वा खतराले अघि बढाउँछ ?

रुस र तालिबानबिचको बढ्दो संलग्नता गहिरो रणनीतिक साझेदारीभन्दा पनि तत्कालको सुरक्षा र राजनीतिक जोडघटाउका आधार चलेको देखिन्छ । रुसका लागि (धेरै हदसम्म चीनका लागि) अफगानिस्तानमा प्राथमिक चिन्ता अतिवादी मुस्लिम समूहले अफगान भूमिबाट आफूमाथि खतरा निम्त्याउला कि भन्ने छ । त्यस्तै अफगानिस्तान हुँदै हुने लागुऔषध प्रवाह कम गर्ने पनि ती मुलुकको उद्देश्य रहेको छ । यसबाहेक कुनै पनि देशले हाल अफगानिस्तानमा ठुलो आर्थिक लगानी गरेका छैनन् ।

ऐतिहासिक अनुभव पनि धेरै कुरा बताउँछ । अफगानिस्तानबाट सोभियत फौजको फिर्ता र सोभियत संघको पतनपछि रुसले अफगानिस्तानलाई उल्लेख्य सैन्य वा आर्थिक सहयोग प्रदान गरेन । अहिले पनि अफगानिस्तानलाई आर्थिक वा सुरक्षा सहयोग दिन मस्को तयार छ भन्ने कुनै प्रमाण भेटिँदैन । पाकिस्तानसँग बढ्दो तनावबिच तालिबानले अफगानिस्तानको स्थिति बलियो बनाउन खोजिरहेको छ । हालैका पाकिस्तानसँगको सीमा क्षेत्रमा भएको झडप र इस्लामाबादले अफगानिस्तानभित्रै गरेको हमलाले सार्वभौमिकता, सुरक्षा र क्षेत्रीय स्थिरताबारे चिन्ता बढाएको छ ।

पछिल्लो समय अफगानिस्तानको सैन्य क्षमता कम भएको छ । तालिबानले अघिल्लो अफगान सरकारबाट विरासतमा प्राप्त गरेको सैन्य उपकरणमा अमेरिकी र रुसी निर्मित प्रणालीको मिश्रण थियो । संयुक्त राज्य अमेरिकाले बिर्झिँदै गएका हतियार मर्मत गर्न सहयोग वा पार्टपुर्जा प्रदान गर्ने सम्भावना छैन । त्यसैले, अफगानिस्तानमा रहेका सोभियत युग वा रुसी निर्मित उपकरण धेरै पुराना वा काम गर्ने अवस्थामा नरहेको हुन सक्छ । यस पृष्ठभूमिमा रुससँगको सुरक्षा सम्झौताले पर्याप्त सैन्य सहयोगमा रूपान्तरण गर्ने अपेक्षा अवास्तविक साबित हुन सक्छन् ।

व्यावहारिक रूपमा रुस-तालिबानबिच भएको पछिल्लो सम्झौताले खासै मूर्त लाभ सिर्जना नगर्न सक्छ । बरु, रुससँग धेरै नजिकिए अफगानिस्तान क्षेत्रीय भूराजनीतिक प्रतिस्पर्धामा अझ फस्ने जोखिम बढाउँछ । अफगानिस्तानले प्रतिद्वन्द्वी देशसँग समान रणनीतिक सम्बन्ध कायम राख्न सक्दैन । भारत र पाकिस्तान, रुस र युक्रेन वा अमेरिका र चीनसँग उसले एकसाथ सम्बन्ध बनाउन अफगानिस्तानका लागि गाह्रो पर्नेछ । अत्यधिक प्रतिस्पर्धी भूराजनीतिक वातावरणमा सञ्चालन हुने कमजोर राज्यको रूपमा अफगानिस्तान अन्तर्राष्ट्रिय सहयोगको लाभार्थी हुनुको सट्टा ठुला शक्तिराष्ट्रको प्रतिस्पर्धाको सिकार बन्ने जोखिममा छ ।



● साहमहमुद मियाखेल
लेखक शासन, रक्षा र शान्ति निर्माणका अफगान विज्ञ हुन् ।

### ■ घरेलु वैधताको आवश्यकता

तालिबानले रुससँग हाल गरेको एमओयूजस्ता सम्झौतालाई आफ्नो अन्तर्राष्ट्रिय हैसियत बलियो बनाउने माध्यमको रूपमा हेर्न सक्छ । तर, यस्ता प्रयासले तालिबान सरकारको वैधताको संकटलाई सम्बोधन गर्ने सम्भावना भने कम छ । खासमा अन्तर्राष्ट्रिय वैधता घरेलु वैधताबाट सुरु हुन्छ । व्यापक सार्वजनिक स्वीकृति, राजनीतिक समावेशीकरण र प्रतिनिधिमूलक संस्थाको अभाव भएका सरकारले अर्थपूर्ण अन्तर्राष्ट्रिय मान्यता प्राप्त गर्न कठिनाइ सामना गर्छन् । यदि कसैगरी अन्तर्राष्ट्रिय मान्यता प्रदान भयो नै भए पनि घरेलु सहमति र राजनीतिक वैधता कमजोर छ भने यसले ठुलो अर्थ राख्दैन ।

सत्य के हो भने अमेरिका र अन्य पश्चिमी शक्तिको अडान नबदलिएसम्म बाँकी देशले तालिबान सरकारलाई औपचारिक रूपमा मान्यता दिने सम्भावना कम छ । रुस र चीनले तालिबानसँग आफ्नो संलग्नता विस्तार गरेका त छन् । तर, संयुक्त राष्ट्र संघको प्रतिबन्ध सूचीबाट तालिबान नेताको नाम हटाउनसमेत तिनले सकेका छैनन् । जबसम्म वर्तमान तालिबान सरकारका प्रमुख व्यक्तित्व नै संयुक्त राष्ट्र संघको प्रतिबन्धमा रहन्छन्, पूर्ण अन्तर्राष्ट्रिय मान्यता प्राप्त गर्न गाह्रो हुनेछ । यसैले, पहिले त तालिबानले घरेलु राजनीतिक कमजोरीलाई सम्बोधन गरेर देशभित्र वास्तविक वैधता निर्माण गर्न जोड दिनुपर्छ ।

अफगान सरकारको मार्गदर्शक सिद्धान्त कुनै पनि अन्य देशलाई खतरा नपुऱ्याउने हुनुपर्छ । त्यस्तै, क्षेत्रीय तथा विश्व शक्तिराष्ट्रले अफगानिस्तानलाई भूराजनीतिक प्रतिस्पर्धाको रंगमञ्चमा परिणत गर्नबाट टाढा रहनुपर्छ । प्रतिद्वन्द्वी देशको स्वार्थका लागि युद्धभूमि हुनुभन्दा अफगानिस्तानले क्षेत्रीय सम्पर्क, व्यापार र सहयोगका लागि एक मञ्च बन्ने आकांक्षा राख्नुपर्छ । त्यो दृष्टिकोण प्राप्त गर्न वैध, प्रतिनिधिमूलक र कानुनमा आधारित राजनीतिक प्रणाली आवश्यक पर्छ । पारदर्शी शासन, राजनीतिक समावेशीकरण र सार्वजनिक जवाफदेहिता नहुँदा शक्तिराष्ट्रले वास्तविक दीर्घकालीन साझेदारीभन्दा पनि छोटो अवधिको भूराजनीतिक गणना र सुरक्षा-सञ्चालित सम्बन्धमा काबुललाई तान्न खोज्ने सम्भावना हुन्छ । यस्तो सम्बन्धले अफगानिस्तानको स्थायी राष्ट्रिय हित नगर्ने इतिहासले नै देखाएको छ ।

अन्ततः, अफगानिस्तानको भविष्यको स्थिरता र अन्तर्राष्ट्रिय स्थिति प्रमुख शक्तिराष्ट्रसँगको सुरक्षा समझदारीमा भन्दा आफ्नै जनताको विश्वास र समर्थन प्राप्त गर्ने राजनीतिक व्यवस्थाको निर्माणले बलियो बनाउँछ । त्यसपछि मात्र अफगानिस्तान प्रतिद्वन्द्वी देशको खेलमैदानबाट क्षेत्रीय सहयोग, आर्थिक विकास र दिगो स्थिरताका लागि पुल बन्न सक्छ ।

- अलजजिराबाट

अर्थ पत्रिका
नयाँ पत्रिका
आइतबार २४ जेठ ०८३

# बुढीगण्डकी निर्माणमा जानुअघि ड्यामको उचाइ पुनरवलोकन गरिँदै

## ड्यामका लागि चाहिने ९० प्रतिशतभन्दा बढी जग्गा प्राप्ति भइसकेको छ, तर सिएफआरडी मोडेलअनुसार ड्यामको उचाइ धेरै भएको प्रारम्भिक अनुमान

**मिलन विश्वकर्मा**/नयाँ पत्रिका

राष्ट्रिय गौरवको १२ सय मेगावाटको बुढीगण्डकी जलाशययुक्त जलविद्युत् परियोजना निर्माणमा प्रवेश गर्नुअघि बाँधको उचाइका विषयमा 'पुनरवलोकन' गरिने भएको छ। गोरखा र धादिङ जिल्लाको सीमा भएर बग्ने बुढीगण्डकी नदी थुन्न दुई सय ६३ मिटर अग्लो कर्भेचरयुक्त आर्च बाँध बनाउने गरी सन् २०१५ मा डिजाइन फाइनल गरिएको थियो। अहिले ११ वर्षपछि निर्माणको तयारीका क्रममा बाँधको उचाइ पुनरवलोकन गर्न लागिएको हो।

सन् २०२८ देखि परियोजनाको निर्माण सुरु गर्ने लक्ष्य राखिएको छ। त्यसअघि एकपटक बाँधको उचाइ पुनरवलोकन गर्न खोजिएको हो। स्रोतका अनुसार बाँधको उचाइ नै घटाउने प्रस्ताव ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयमा पुगेको छ। यस सम्बन्धमा ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठको सचिवालयले समेत अध्ययन गरिरहेको स्रोतको भनाइ छ।

यो बाँध सिएफआरडी अर्थात् 'कंक्रिट फेसर रकफिल ड्याम' मोडेलमा निर्माण गरिँदै छ। यो मोडेलअनुसार ड्यामको उचाइ धेरै भएको प्रारम्भिक अनुमानसमेत गरिएको छ। बुढीगण्डकी जलविद्युत् कम्पनी लिमिटेडका प्रमुख कार्यकारी अधिकृत (सिइओ) अरुण रजौरियाले बाँध र हाइड्रोलोजी सम्बन्धमा डिजाइन पुनरवलोकन गरिने बताए। 'अब हामीले छिट्टै परामर्शदाता छनोटको प्रक्रिया अघि बढाउँदै छौं। सोही परामर्शदाता कम्पनीले मुख्य प्राथमिकताका साथ परियोजनाको बाँध र हाइड्रोलोजीको विषयमा पुनरवलोकन गर्नेछ,' उनले भने, 'अहिले सोहीअनुसार परामर्शदाता कम्पनीका लागि कार्यादेश बनाउने काम भइरहेको छ। छिट्टै यसको टेन्डर आह्वान हुन्छ।'

सन् १९७३/७४ मा पहिचान भएको यो आयोजनाको पूर्वसम्भाव्यता अध्ययन सन् १९८३/८४ मा भएको थियो। पहिला यो ६ सय मेगावाट क्षमतामा बनाउने भनिएको थियो। पछि नेपाल विद्युत् प्राधिकरणले सन् २०१०/११ मा थप अध्ययन गरेर पुरानो प्रतिवेदनलाई अद्यावधिक गरेको थियो। आयोजनाको सम्भाव्यता अध्ययन, विस्तृत डिजाइन तथा बोलपत्र दस्तावेज तयारीका लागि डिसेम्बर २०१२ मा फ्रान्सको ट्र्याक्टेवेल इन्जिनियरिङसँग प्राधिकरणले ठेक्का सम्झौता गरेको थियो। उक्त कम्पनीले एक हजार दुई सय मेगावाटमा यो आयोजना निर्माण गर्ने गरी ३१ अक्टोबर २०१५ मा आफ्नो अध्ययन प्रतिवेदन नेपाललाई बुझाएको थियो। सन् ०२२ मा यसको डिपिआर अद्यावधिक गरिएको थियो। अहिले पुनः यसको ड्याम र हाइड्रोलोजी पुनरवलोकन गर्न लागिएको हो।

दुई सय ६३ मिटर अग्लो ड्याम बनाउँदा ६३ वर्ग किलोमिटर ताल बन्नेछ। जसबाट धादिङका साबिकका १४ गाविस (हाल ४ गाउँपालिका तथा १ नगरपालिका) र गोरखाका १३ गाविस (हाल ४ गाउँपालिका) प्रभावित हुनेछन्। त्यसका लागि जग्गा प्राप्ति भइसकेको छ। आयोजनाबाट भौतिक तथा आर्थिक रूपमा गोरखा र धादिङका आठ हजार एक सय १७ घरपरिवारका प्रभावित हुनेछन्। यसमध्ये तीन हजार पाँच सय ६० घरपरिवार पूर्ण रूपमा विस्थापित हुनेछन्।



### बुढीगण्डकी जलविद्युत् कम्पनीका सिइओ अरुण रजौरिया भन्छन्-



हामी छिट्टै परामर्शदाता छनोटको प्रक्रिया अघि बढाउँदै छौं। सोही परामर्शदाता कम्पनीले मुख्य प्राथमिकताका साथ परियोजनाको बाँध र हाइड्रोलोजीको विषयमा पुनरवलोकन गर्नेछ। अहिले सोहीअनुसार परामर्शदाता कम्पनीका लागि कार्यादेश बनाउने काम भइरहेको छ। छिट्टै यसको टेन्डर आह्वान हुन्छ।

यता ऊर्जा मन्त्रालय र परियोजनाका केही कर्मचारी भने ड्यामको उचाइ घटाउन नहुने पक्षमा छन्। 'अहिले ड्यामको उचाइ घटाउनुपर्ने भनेर छलफल भएको छ। यो कति ठिक हो, त्यो प्राविधिक मूल्यांकनले देखाउने विषय हो,' एक अधिकारीले भने, 'तर, नेपालमा अहिलेसम्म आर्च ड्याम बनाएका इन्जिनियर, विज्ञ छैनन्। फ्रान्सको ट्र्याक्टेवेल इन्जिनियरिङ अनुभवी कम्पनी हो। उसले मनमा लाग्यो भनेर दुई सय ६३ मिटर उचाइको बाध बनाउनुपर्छ भनेको होइन। अध्ययन नै गरेर भनेको हो। त्यसका लागि ६ वटा त परीक्षण सुरुङ खनिएको छ। विस्तृत अध्ययन गरेर नै यसको उचाइ निर्धारण गरिएको हो।'

यस्तै, ड्यामका लागि चाहिने जग्गा पनि ९० प्रतिशतभन्दा बढी प्राप्ति भइसकेको छ। त्यसले गर्दा पनि ड्यामको उचाइ घटाउनुको अर्थ नहुने स्रोतको भनाइ छ। 'जग्गा प्राप्ति भइसकेको छ। ड्यामको उचाइ घटाउँदा बाँकी हुने जग्गा के गर्ने ?' स्रोतले भन्यो, 'सामान्य लागत घट्न सक्छ। तर, ऊर्जा सुरक्षाका लागि यो परियोजना आवश्यक छ। जडित क्षमता पनि धेरै भएको राम्रो हुन्छ। यसको महत्त्वलाई बिर्सनुहुँदैन।'

ड्याम घटेको अवस्थामा परियोजनाको क्षमता पनि घट्न सक्छ। तर, बाँधको जलप्रवाह मापद (डिस्चार्ज मेजरमेन्ट) डिजाइनमा उल्लेख गरेभन्दा राम्रो हुने देखिएको छ। त्यो अवस्थामा जडित क्षमता बढ्न सक्ने सम्भावना पनि देखिएको छ।

### कुनै बहानामा छैन काम रोक्ने छुट

सन् १९७३/७४ मा पहिचान भएको यो आयोजनाको पूर्वसम्भाव्यता अध्ययन सन् १९८३/८४ मा भएको थियो। २०१५ मा १२ सय मेगावाट क्षमतामा बनाउने गरी यसको डिपिआर तयार गरिएको थियो। तर, नीतिगत अस्थिरताका कारण यो परियोजनाको निर्माण अझै सुरु हुन सकेको छैन।

सरकारले ०६९ मा बुढीगण्डकी जलविद्युत् आयोजना विकास समिति गठन गरेको थियो। सोही विकास समितिले यस आयोजनाको विकास निर्माण अघि बढाउने काम गरिरहेको थियो। तर, २०७३ विकास समिति खारेज गरेर यो आयोजना 'चाइना गेजुवा वाटर एन्ड पावर ग्रुप कम्पनी' (गेजुवा)लाई दिने निर्णय भयो। पछि ०७४ मा उक्त आयोजना गेजुवाबाट खोसियो र २०७५ मा आयोजना पुनः गेजुवालाई दिइएको थियो। त्यसपछि आफ्नै लगानीमा उक्त आयोजना बनाउने भनेर चैत ०७८ मा गेजुवाबाट परियोजना खोसियो र त्यसपछि १७ भदौ ०७९ मा कम्पनी स्थापना गरियो। पछिल्ला हरेक वर्षको बजेटमा यो परियोजना निर्माण गर्ने भनिएको छ। तर, निर्माण सुरु हुन सकेको छैन। चालू आवको बजेटमा पिपिपी मोडेलमा यो परियोजना बनाउने भनिएको अवस्थामा आगामी आवको बजेटमा भने प्राधिकरण मोडेलमा बनाउने भनिएको छ। चार खर्ब ६ अर्ब लागत अनुमान गरिएको यो परियोजनाको लगानी मोडालिटी पनि १२ फागुनको मन्त्रिपरिषद्ले स्वीकृति गरिसकेको छ। सरकारकै सेयर र ऋण लगानीमा यो परियोजना बनाउने भनिएको छ। २०२८ मा यसको निर्माण नै सुरु गर्ने लक्ष्य छ।


यसरी विगतमा अस्थिरताको सिकार भएको यो परियोजनाको काम अब यो या त्यो बहानामा रोक्न नहुने विज्ञहरू बताउँछन्। 'प्राधिकरण मोडेल पनि ठिक हो। ड्यामको उचाइ कति उपयुक्त हो भनेर प्राविधिक रूपमा अध्ययन गर्दा पनि हुन्छ। तर, हचुवाका भरमा यो या त्यो बहाना गरेर अब परियोजनाको निर्माणमा विलम्ब गर्ने छुट छैन,' परियोजनाका एक कर्मचारीले भने, 'यस्ता विषयलाई समानान्तर रूपमा अघि बढाउनुपर्छ।'

आयोजनाको विस्तृत परियोजना प्रतिवेदन र टेन्डर कागजात तयारी अवस्थामा छन्। आयोजनाको सबैभन्दा जटिल मानिएको जग्गा प्राप्तिको प्रगति करिब ९० प्रतिशत छ। जग्गाको मुआब्जा, संरचना, बोटबिरुवा तथा फलफूलको क्षतिपूर्तिबापत जग्गाधनीलाई ४३ अर्ब रुपैयाँभन्दा धेरै वितरण गरिएको छ। लगानी जुटेको अवस्थामा परियोजनाको निर्माण तत्काल अघि बढ्न सक्नेछ। काठमाडौं, चितवन, पोखराजस्ता विद्युत्भार (लोड) सेन्टरबाट नजिक रहेका कारण पनि बुढीगण्डकी ऊर्जा सुरक्षाका दृष्टिकोणबाट रणनीतिक महत्त्वको रहेको छ।

बाँध बाँधेपछि थुनिएको पानीको जलाशय माथिल्लो तटीय क्षेत्रमा ६३ वर्गकिलोमिटर फैलनेछ। आयोजनाबाट वार्षिक रूपमा तीन अर्ब ३८ करोड ३० लाख युनिट विद्युत् उत्पादन हुनेछ। यसैगरी रोजगारी, व्यवसाय, पर्यटन हब, माछापालनलगायतका लाभ लिन सकिने अवस्था पनि छ।

# उत्पादनमूलक उद्योगको वृद्धि सुस्त

## एक दशकमा समग्र अर्थतन्त्रको औसत वृद्धिदर ४ प्रतिशत हुँदा उत्पादनमूलक उद्योगको वृद्धिदर २.९ प्रतिशत मात्रै




**कृष्ण रिजाल**/नयाँ पत्रिका

नेपालमा उत्पादनमूलक उद्योगको विकास तथा विस्तार चिन्ताजनक देखिएको छ। पछिल्ला वर्षहरूमा यस क्षेत्रको विस्तार अत्यन्त सुस्त रहेको सरकारी तथ्यांकहरूले नै देखाएका छन्।

देशलाई आत्मनिर्भर बनाउन, स्रोतको सदुपयोग तथा पर्याप्त रोजगारी सिर्जना गर्न उत्पादनमूलक उद्योगको विकास र विस्तार अपरिहार्य छ। चालू आर्थिक वर्ष ०८२/८३ मा नेपालको आर्थिक वृद्धिदर ३.८५ प्रतिशत रहने राष्ट्रिय तथ्यांक कार्यालयले अनुमान गरेको छ। तर, उत्पादनमूलक उद्योग क्षेत्रको वृद्धिदर भने आर्थिक वृद्धिदरको तुलनामा १.०२ प्रतिशत विन्दुले न्यून अर्थात् २.८३ प्रतिशतले हुने कार्यालयको अनुमान छ। कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान ५.७२ प्रतिशत पुग्ने अनुमान गरिएको छ।

गत आव ०८१/८२ मा उत्पादनमूलक उद्योगको वृद्धिदर २.२७ प्रतिशत रहने संशोधित अनुमान गरिएको छ। अझ आव ०८०/८१ मा यस क्षेत्रको वृद्धिदर ऋणात्मक (-२.०२ प्रतिशत) कायम भएको राष्ट्रिय तथ्यांक कार्यालयले उल्लेख गरेको छ। आर्थिक वर्ष ०८०/८१ मा ऋणात्मक वृद्धिदर देखिए तापनि त्यसपछिका आर्थिक वर्षमा भने सुधारको संकेत देखिएको कार्यालयको विश्लेषण छ।

'खासगरी सिमेन्ट, वनस्पति घिउ, कंक्रिट, भटमासको कच्चा तेल, फलामे रड, खोटो, सुर्तीजन्य पदार्थ, वायरिङ तार, जुट, बियरलगायतका वस्तुको उत्पादनमा भएको वृद्धिले यस क्षेत्रमा सुधार आउने प्रारम्भिक अनुमान गरिएको छ,' कार्यालयको पछिल्लो प्रतिवेदनमा उल्लेख छ, 'साथै, भटमासको कच्चा तेल, जस्तापाता तथा फलामे रडको कच्चा पदार्थ, कोइलालगायत कच्चा पदार्थको आयातमा भएको वृद्धि र उत्पादित वस्तुको मागमा भएको वृद्धिका कारणले पनि उद्योग क्षेत्रको उत्पादन वृद्धिमा सकारात्मक प्रभाव पारेको देखिन्छ।'

### उत्पादन र निर्यात नबढ्दा व्यापार घाटा चुलिँदो

उद्योग क्षेत्रको वृद्धिदर न्यून हुँदा नेपालको परनिर्भरता झन्-झन् बढ्दो अवस्थामा छ। उत्पादन र निर्यात बढ्न नसक्दा व्यापार घाटा उच्च दरमा बढिरहेको छ। चालू आवको १० महिनामा नेपालको कुल व्यापार घाटा १४.९२ प्रतिशतले बढेर १४ खर्ब ४३ अर्ब ६८ करोड रुपैयाँ पुगेको छ। नेपालले कुल १९ खर्ब ४१ अर्ब ६१ करोडको व्यापारमा १६ खर्ब ९२ अर्ब ६४ करोडको आयात र दुई खर्ब ४८ अर्ब ९६ करोडको निर्यात गरेको हो। चालू आवमा कुल आयात जिडिपीको ३४.५२ प्रतिशत पुग्दा कुल निर्यात जिडिपीको ९.९७ प्रतिशत मात्रै रहने अनुमान छ। गत आव ०८१/८२ मा नेपालले १२ खर्ब ५६ अर्ब र त्यसअघि आव ०८०/८१ मा ११ खर्ब ७७ अर्ब व्यापार घाटा व्यहोरेको थियो।

### किन सुस्त भयो उद्योगको वृद्धि ?

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले वैशाखमा सार्वजनिक गरिएको 'नेपालको वर्तमान आर्थिक स्थितिपत्र'मा देश अनुत्पादनको चक्रमा फसेको औंल्याएका छन्। उनले उत्पादनमूलक उद्योगको अवस्था कमजोर रहेको भन्दै उनले आय र उत्पादकत्व अभिवृद्धिउन्मुख हुने गरी संरचनात्मक परिवर्तन हुनु आवश्यक रहेको बताएका छन्।

विगत एक दशकमा कुल गार्हस्थ्य उत्पादनमा उत्पादनमूलक औद्योगिक क्षेत्रको योगदान औसत ५.४ प्रतिशत मात्र रहेको अर्थमन्त्रीले स्थितिपत्रमा उल्लेख गरेका छन्। 'यस अवधिमा समग्र अर्थतन्त्र औसत ४.२ प्रतिशतले विस्तार हुँदा उत्पादनमूलक उद्योगको विस्तार औसत २.९ प्रतिशतले मात्र भएको छ,' स्थितिपत्रमा उल्लेख छ। लगानीको अपर्याप्तता, आयातित कच्चा पदार्थमाथिको उच्च निर्भरता, नवप्रवर्तन तथा उन्नत प्रविधिको न्यून अवलम्बन र उच्च उत्पादन लागतजस्ता कारणले गर्दा प्रतिस्पर्धात्मक क्षमता कमजोर भई मुलुकको औद्योगिकीकरणको अवस्था कमजोर रहेको अर्थमन्त्रीको विश्लेषण छ।




### बजेटमार्फत प्रोत्साहनको प्रयास

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले बजेटमार्फत उद्योग क्षेत्रलाई प्रोत्साहन गर्न खोजेको छ। औद्योगिक कच्चा पदार्थको भन्सार महसुल तयारी मालवस्तुभन्दा कम्तीमा एक तह न्यून हुने गरी दुई सय ७३ प्रकारका कच्चा पदार्थमा भन्सार दर घटाएका छन्। विद्यमान एघार तहको भन्सार दरलाई सात तहमा सीमित गरिएको छ। तीन सय ६० वस्तुमा लाग्दै आएको अन्तःशुल्क खारेज गरिएको छ। उद्योग र औद्योगिक नवप्रवर्तनमा सरकार दत्तचित्त रहेको अर्थमन्त्रीको भनाइ छ। विशेष आर्थिक क्षेत्रलाई कर, भन्सार, आयात, निर्यात र लगानीको सम्पूर्ण निर्णय एकै थलोबाट हुने गरी 'विशेष आर्थिक प्रशासन क्षेत्र'को व्यवस्था गर्ने उनको घोषणा छ।

'गुणस्तरीय औद्योगिक पूर्वाधार विस्तार गर्ने नीतिअनुरूप मोतीपुर र मयूरधापजस्ता औद्योगिक क्षेत्र निजी क्षेत्रले निर्माण र सञ्चालन गर्नेछन्। पाँचखाल विशेष आर्थिक क्षेत्रमा महिला उद्यमीलाई प्राथमिकता दिनेछौं। महिला उद्यमीलाई कर्जा प्रवाहमा थप सहुलियत प्रदान गर्नेछौं,' बजेटमा उल्लेख छ, 'विशेष आर्थिक क्षेत्रलाई कर, भन्सार, आयात, निर्यात र लगानीको सम्पूर्ण निर्णय एकै थलोबाट हुने विशेष आर्थिक प्रशासन क्षेत्रको व्यवस्था मिलाउनेछौं।'

उत्पादनमूलक उद्योगको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्न विद्युत्को डिमान्ड शुल्क पुनरवलोकन गर्दै विद्युत् महसुलमा छुट दिने उनले बताएका छन्। पुँजी अभावका कारण पूर्ण क्षमतामा सञ्चालन हुन नसकेका उद्योग तथा व्यवसायलाई व्यावसायिक पुनरुत्थान कर्जा उपलब्ध गराउने उनको भनाइ छ। 'नवउद्यमलाई पहिचान, सिप, बजार र वित्तीय पहुँचसँग अनुकूलित गर्दै नाफा-आबद्ध कर सहुलियत, सार्वजनिक खरिदमा प्राथमिक पहुँच, डिजिटल दर्ता तथा नियामकीय सहजीकरणमार्फत नवउद्यम सञ्चालन प्रणालीलाई सुदृढ बनाउनेछौं,' बजेटमा भनिएको छ, 'नवउद्यम वित्तपोषणलाई केवल ऋणमा आधारित मोडेलमा सीमित नराखी प्रारम्भिक चरणमा अनुदान, सम्भाव्यता प्रमाणित उद्यमका लागि सहुलियतपूर्ण कर्जा तथा विस्तार चरणमा वृद्धि पुँजीको व्यवस्था गरिनुका साथै निजी क्षेत्र र गैरआवासीय नेपालीको सहलगानीमा प्रोत्साहित गर्नेछौं।'

## असनमा रैथाने परिकार



असनमा रैथाने परिकार पस्कँदै स्थानीय महिला र परिकारको स्वाद लिने तयारीमा ग्राहक। काठमाडौं महानगरपालिकाले असनको मौलिकता जोगाउँदै रैथाने व्यापार-व्यवसाय प्रवर्द्धन गर्न प्रत्येक शनिबार असनमा 'भेहिकल फ्री असन' कार्यक्रम लागू गरेको छ। गत ५ वैशाखमा कामपाकी कावा मेयर सुनीता डंगोलले यो कार्यक्रमको औपचारिक उद्घाटन गरेकी थिइन्।

तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

## टिआइएमा १५ मिनेट 'पिक एन्ड ड्रप' निःशुल्क

**काठमाडौं**/ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा यात्रु लिन तथा पुऱ्याउन आउने सवारीसाधनका लागि १५ मिनेटसम्म निःशुल्क पार्किङ सुविधा लागू गरिएको छ। विमानस्थल कार्यालयले यात्रुहरूको आवतजावतलाई थप सहज बनाउने उद्देश्यले 'पिक एन्ड ड्रप' सेवाअन्तर्गत पार्किङ शुल्क नलाग्ने समयसीमा विस्तार गरेको हो। नयाँ व्यवस्थाअनुसार यात्रु छोड्न वा लिन आउने सवारीसाधनले विमानस्थलपरिसरभित्र प्रवेश गरेपछि १५ मिनेटभित्र बाहिरिएमा कुनै पनि पार्किङ शुल्क तिर्नुपर्नेछैन।

विमानस्थलले यात्रु सेवाको आवश्यकता र भिड व्यवस्थापनलाई ध्यानमा राख्दै यो निर्णय गरिएको जनाएको छ। यसअघि उक्त सुविधा सात मिनेटसम्म मात्र सीमित थियो। सेवाग्राहीको गुनासोलाई मध्यनजर गर्दै उक्त सेवा सञ्चालनमा ल्याइएको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका सूचना अधिकारी तेजबहादुर पौडेलले बताए। उनका अनुसार उक्त सेवा १ जेठदेखि सञ्चालन गरिएको हो। 'परीक्षणका लागि हामीले एक महिना १५ मिनेट 'पिक एन्ड ड्रप' गरेको पार्किङ शुल्क नलिने व्यवस्था गरेका छौं। यस व्यवस्थाविपरीत शुल्क लिनेलाई कारबाही गरिनेछ,' उनले भने।

## पोर्चुगल एनआरएनएमा लामा नेतृत्वलाई मान्यता

**काठमाडौं**/ पोर्चुगलमा सक्रिय गैरआवासीय नेपाली संघ (एनआरएनए) राष्ट्रिय समन्वय परिषद् (एनसिसी)का विभिन्न समूहबिच जारी संस्थागत विवादले निकास पाएको छ। त्यहाँको सरकारी निकायले सुजन लामा नेतृत्वको समितिलाई आधिकारिकता दिएको छ। संस्थाका सचिव सुरज भण्डारीले शुक्रबार जारी गरेको विज्ञप्तिअनुसार सन् २०२५ अक्टोबरमा लामाको नेतृत्वमा रहेको एनआरएनए एनसिसी पोर्चुगलले पोर्चुगलको न्याय मन्त्रालयअन्तर्गतको दर्ता तथा नोटरी संस्था (आइआरएन)मा दर्ता तथा अद्यावधिकका लागि निवेदन दिएको थियो। उक्त निवेदनको प्रक्रिया पूरा गर्दै आइआरएनले लामा नेतृत्वको कार्यसमितिलाई आधिकारिक अभिलेखमा अद्यावधिक गर्दै प्रमाणपत्र प्रदान गरेको जनाइएको छ।

सन् २००६ मा स्थापना भएको एनआरएनए पोर्चुगल पछिल्ला वर्षमा नेतृत्व विवादका कारण विभाजित हुँदै आएको थियो। सन् २०२३ देखि सुरु भएको आन्तरिक मतभेदका कारण हालसम्म तीनवटा समानान्तर कार्यसमिति सक्रिय थिए, जसले संस्थागत एकता र आधिकारिकताको विषयलाई जटिल बनाएको बताइएको थियो।

# आइएमएफले थप साढे ६ अर्ब ऋण दिने

## नेपालले सुधार र सुशासन मजबुत बनाउँदै लगेको अन्तर्राष्ट्रिय मुद्राकोषको विश्लेषण

**नयाँ पत्रिका**

नेपालले अन्तर्राष्ट्रिय मुद्राकोष (आइएमएफ) बाट विस्तारित कर्जा सुविधा (एक्स्टेन्डेड क्रेडिट फ्यासिलिटी (इसिएफ)अन्तर्गत थप साढे ६ अर्ब कर्जा पाउने भएको छ। आइएमएफको कार्यकारी बोर्डले इसिएफअन्तर्गतको सातौँ तथा अन्तिम समीक्षा सम्पन्न गरेसँगै नेपालले अन्तिम किस्ताबापतको कर्जासमेत पाउने भएको हो।

कार्यक्रमअन्तर्गत तय गरिएको तथा आइएमएफको सर्तअनुसार नेपालले सुधारका कार्यक्रम अघि बढाएपछि विस्तारित कर्जाको अन्तिम किस्ता उपलब्ध गराइने भएको हो। यसअन्तर्गत नेपालले एसडिआर ३१.३२ मिलियन (करिब ४२.९ मिलियन अमेरिकी डलर)बराबरको कर्जा पाउने भएको हो। यो भनेको शुक्रबारको विनिमयदरअनुसार ६ अर्ब ५० करोड ४४ लाख रुपैयाँबराबर हुन आउँछ।

यससँगै बजेटरी सहयताअन्तर्गत नेपालले आइएमएफबाट प्राप्त गरेको कुल विस्तारित कर्जा एसडिआर २८२.४२ मिलियन (करिब ३८४.१ मिलियन अमेरिकी डलर) पुगेको छ। यो भनेको शुक्रबारको विदेशी विनिमयदरअनुसार ५८ अर्ब २३ करोड ७२ लाख रुपैयाँबराबर हुन आउँछ।




आइएमएफको कार्यकारी बोर्डले १२ जनवरी २०२२ मा नेपालका लागि इसिएफ कार्यक्रम स्वीकृत गरेको थियो। जसअन्तर्गत नेपालले कोटाको १८० प्रतिशत अर्थात् २८२.४२ मिलियन एसडिआर पाउने व्यवस्था गरिएको थियो। सातौँ तथा अन्तिम किस्ताका लागि समय अपुग हुने देखिएपछि गत मंसिरमा इसिएफको म्याद ११ मे सम्मका लागि थप गरिएको थियो। नेपालले उक्त कार्यक्रमअनुसार सुधार कार्यान्वयनमा उल्लेखनीय प्रगति हासिल गरेको आइएमएफले जनाएको छ। यसले आर्थिक पुनरुत्थानलाई सहयोग पुऱ्याउनुका साथै आर्थिक स्थिरता कायम राख्न, सुरक्षात्मक क्षमता निर्माण गर्न तथा कमजोर वर्गको संरक्षण गर्न मद्दत गरेको आइएमएफले उल्लेख गरेको छ। थप कर्जामा पहुँच पाएसँगै नेपाललाई सार्वजनिक वित्त व्यवस्थापनमा केही सहज हुने भएको हो।

यस कार्यक्रमअन्तर्गत तोकिएका सुधारमा उल्लेखनीय उपलब्धि हासिल भएको पनि आइएमएफले जनाएको छ। 'कार्यक्रमअन्तर्गत लागू गरिएका संरचनात्मक सुधार भएका छन्, नीति-निर्माण प्रक्रियामा सुधार आएको छ, मौद्रिक सञ्चालनको आधुनिकीकरण, वित्तीय क्षेत्रको नियमन तथा अनुगमनमा सुधार भएको छ, ऋण पोर्टफोलियो समीक्षा सम्पन्न भएको छ,' आइएमएफले भनेको छ।

त्यसैगरी, सम्पत्ति शुद्धीकरणसम्बन्धी ढाँचामा सुधार, कानुन संशोधन, नेपाल राष्ट्र बैंकले बाह्य लेखा परीक्षणलाई थप प्रभावकारी बनाएको तथा सार्वजनिक संस्थानहरूको जवाफदेहितामा सुधारमार्फत सुशासन र उत्तरदायित्व पनि मजबुत बनाइएको आइएमएफले जनाएको छ।

## रामेछापमा तीनवटा पक्की मोटरेबल पुल बन्ने

**नयाँ पत्रिका**

गत वर्ष असोजमा आएको बाढीले रामेछाप, सिन्धुली र काभ्रे जिल्ला जोड्ने तीनवटा पक्की मोटरेबल पुल बगाएपछि ती स्थानमा तत्काल बेलिब्रिज जडान गरेर हलुका सवारीसाधन पास गरिए पनि अब ती स्थानमा तीनवटा पक्की मोटरेबल पुल निर्माण हुने भएका छन्।

बाढीले सिन्धुली र रामेछाप जोड्ने मुख्य नाका खुर्कोट र खैरेनीघाटको पुल बगाएको थियो। त्यसैगरी, काभ्रे र रामेछापको सिमानामा पर्ने दोभानटारमा नयाँ मोटरेबल पुल निर्माण हुने भएको छ। यी तीनवटा पुल निर्माणका लागि डिभिजन सडक कार्यालय खाल्टेले एकैपटक ठेक्का आह्वानसमेत गरेको छ।

०८० असोज १२ गते पुल बगेपछि खुर्कोटमा तत्कालै बेलिब्रिज जडान गरेर रामेछापलाई बिपी राजमार्गसँग जोडिएको थियो। खैरेनीमा हालै केही दिनअघि मात्रै भारत सरकारले उपलब्ध गराएको बेलिब्रिज जडान गरी आवागमन सञ्चालनमा ल्याइएको छ। डिभिजन कार्यालयले खुलाएको ठेक्काअनुसार अब पुल निर्माण गर्ने स्थानको चयन, डिजाइन र लागत अनुमान स्वयं निर्माण व्यवसायीले नै गर्नुपर्नेछ।

खुर्कोटमा हाल रहेको पुलआसपासको क्षेत्रमा पुल निर्माण हुन सक्ने भए पनि खैरेनीघाटमा पहिला हालेको स्थानभन्दा केही तल बनाउन उपयुक्त हुने स्थानीयहरू बताउँछन्। उक्त पुल निर्माण गर्दा सिन्धुलीको दुम्जानजिकको टुप्पीडाँडामा एकातर्फको जग हुने गरी पुल बनाउँदा राम्रो हुने सुझाव स्थानीयले दिएको खाँडादेवी गाउँपालिकाका शिवहरि श्रेष्ठले बताए।

# संखुवासभामा पर्यटन प्रवर्द्धन गरिँदै

## चीनबाट बढीभन्दा बढी पर्यटक नेपाल भित्र्याउने, किमाथांका नाकासम्मको आवागमन सहज बनाउने, नेपाल-चीन सम्बन्धलाई थप सुदृढ बनाउने तथा व्यापार, पर्यटन र सांस्कृतिक सम्बन्ध विस्तार गर्ने विषयमा छलफल

संखुवासभामा **नवीन गुरुङ**



पूर्वी पहाडी जिल्ला संखुवासभाको धर्मदेवी नगरपालिकाको केन्द्र मुढे बजारमा नेपाल-चीन व्यापारिक सम्बन्ध विस्तार गर्ने उद्देश्यसहित 'पर्यटन विकास तथा प्रवर्द्धनसम्बन्धी अन्तर्क्रिया कार्यक्रम' सुरु भएको छ। खाँदबारी सेवा समाजको मुख्य संयोजनमा धर्मदेवी नगरपालिका, धर्मदेवी नगर उद्योग वाणिज्य संघ, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय तथा नेपाल पर्यटन बोर्डको संयुक्त आयोजनामा तीनदिने अन्तर्क्रिया कार्यक्रम सुरु भएको हो, जुन आजसम्म चल्नेछ।

चीनको राजदूतावासका डेपुटी चिफ अफ मिसन (डिसिएम) छोउ पानले पानसमा दीप प्रज्वलन गरी कार्यक्रमको उद्घाटन गरे। उनले नेपाल र चीनबिच लामो समयदेखि मैत्रीपूर्ण सम्बन्ध रहेको उल्लेख गर्दै नेपालको विकासमा चीन सरकार साझेदार बन्न इच्छुक रहेको बताए। 'नेपाल र चीनबिचको सम्बन्धलाई अझ प्रगाढ बनाउँदै नेपालको पर्यटन, जडीबुटी र कृषि क्षेत्रको विकासमा साझेदारी गर्न चाहन्छौं,' उनले भने। चीनले बिआरआईअन्तर्गत सहयोग गरिरहेको र आगामी दिनमा पनि सहयोग गर्न इच्छुक रहेको उनको भनाइ छ। 'तिब्बत र संखुवासभालाई जोड्ने किमाथांका नाका भएकाले दुई देशबिचको कनेक्टिभिटी थप विस्तार गर्न चाहन्छौं,' उनले भने, 'किमाथांका नाकाको स्थलगत अध्ययन तथा अवलोकन गरी आवश्यकताअनुसार विकासका लागि सहयोग गर्ने हाम्रो चाहना छ।'

छोउ पानका अनुसार सन् २०२५ मा करिब एक लाख चिनियाँ पर्यटक नेपाल भ्रमणमा आएका थिए। हालै काठमाडौंदेखि चीनको सेनझेनसम्म हिमालयन एयरलाइन्सले सिधा हवाई सेवा सञ्चालन सुरु गरेकाले यसले दुई देशबिचको व्यापारिक सम्बन्ध विस्तारमा टेवा पुग्ने विश्वास उनले व्यक्त गरे। कार्यक्रममा जिल्ला समन्वय समिति संखुवासभाका प्रमुख सुमन शाक्यले नेपाल-चीनबिच आयात-निर्यातलाई सहज बनाउन खुला व्यापारिक पहुँच आवश्यक रहेको धारणा राखे। उनले किमाथांका नाका हुँदै नेपाली उत्पादन चीनसम्म सहज रूपमा निर्यात गर्न सके व्यापारिक सम्बन्ध अझ सुदृढ हुने बताए।

त्यसैगरी, कोशी प्रदेशका पूर्वमन्त्री भक्तिप्रसाद सिटौला, प्रतिनिधिसभा सदस्य डा. सुजाता तामाङ, कोशी प्रदेशका पूर्वसांसद पदमकुमारी गुरुङ, खाँदबारी नगरपालिकाका प्रमुख महेश थपलिया, धर्मदेवी नगरपालिकाका प्रमुख उदयचन्द्र पौडेल तथा चैनपुर नगरपालिकाका प्रमुख कृष्णकुमार तामाङले नेपाल-चीन सम्बन्ध ऐतिहासिक र बहुआयामिक रहेको उल्लेख गर्दै व्यापारिक सहकार्यमार्फत पर्यटन विकास गर्नुपर्नेमा जोड दिए। अन्तर्क्रिया कार्यक्रममा कोशी प्रदेशअन्तर्गत संखुवासभा, तेह्रथुम, इलाम, पाँचथर र झापा जिल्लाका पर्यटन व्यवसायी तथा सरोकारवालाको सहभागिता रहेको थियो।

कार्यक्रम कोशी करिडोरअन्तर्गतका पर्यटकीय क्षेत्रहरूको विकास, प्रवर्द्धन तथा नेपाल-चीन पर्यटन सम्बन्ध विस्तारमा केन्द्रित रहेको आयोजकले जनाएको छ। धार्मिक, प्राकृतिक तथा सांस्कृतिक पर्यटकीय क्षेत्रहरूको पहिचान, संरक्षण, विकास र प्रवर्द्धन, पर्यटन पूर्वाधार विस्तार तथा पर्यटनलाई स्थानीय आर्थिक विकाससँग जोड्ने विषयमा छलफल गरिएको थियो। विशेषगरी किमाथांका नाका हुँदै चिनियाँ पर्यटकलाई नेपाल भित्र्याउने विषयमा व्यापक छलफल भएको बताइएको छ। खाँदबारी सेवा समाजका उपाध्यक्ष जीवनाथ खनालका अनुसार चीनबाट बढीभन्दा बढी पर्यटक नेपाल भित्र्याउने, किमाथांका नाकासम्मको आवागमन सहज बनाउने, नेपाल-चीन सम्बन्धलाई थप सुदृढ बनाउने तथा व्यापार, पर्यटन र सांस्कृतिक सम्बन्ध विस्तार गर्ने विषयमा विशेष छलफल गरिएको छ।

कार्यक्रममा खाँदबारी सेवा समाजका उपाध्यक्ष जीवनाथ खनाल तथा नेपाल पर्यटन बोर्डका वरिष्ठ अधिकृत सिद्धार्थ विश्वकर्माले नेपाल-चीन सम्बन्ध, पर्यटन तथा व्यापारका विविध पक्षबारे अध्ययनसहितका कार्यपत्र प्रस्तुत गरेका थिए।

# सल्यानमा नागरिकको घरदैलोमै पुगेर राहदानी वितरण

## यो व्यवस्थाले नागरिकलाई छिटो र पहुँचयोग्य सेवा उपलब्ध गराउने विश्वास



**सल्यान**/ सल्यानमा नागरिकको घरदैलोमै राहदानी पुऱ्याउने सेवाको औपचारिक सुरुवात गरिएसँगै नागरिकले घरमै राहदानी प्राप्त गरेका छन्। २३ वैशाखमा जिल्ला प्रशासन कार्यालय र जिल्ला हुलाक कार्यालयबिच भएको सम्झौताअनुसार राहदानी बनाएका सेवाग्राहीको घरमै पुगेर राहदानी वितरण गर्ने कार्य कार्यान्वयनमा ल्याइएको हो।

सेवाको सुरुवातस्वरूप वनगाड कुपिन्डे नगरपालिका- १ निवासी डिल्लीबहादुर रावत र सन्तोषी रावतको राहदानी उनीहरूका आफन्तलाई घरमै पुगेर हस्तान्तरण गरिएको छ। जिल्ला हुलाक कार्यालयका अनुसार यस सेवाले राहदानी प्राप्तिका लागि सदरमुकाम धाउनुपर्ने नागरिकको झन्झट कम भएको छ।

पहिलो चरणमा ६९ थान राहदानी जिल्ला हुलाक कार्यालय सल्यानले प्राप्त गरेको छ। प्राप्त राहदानीहरू सम्बन्धित स्थानीय तहका हुलाक कार्यालयमार्फत वितरणका लागि पठाइसकिएको जनाइएको छ।

हुलाक अधिकृत चिन्तामणि रेग्मीका अनुसार कालीमाटी गाउँपालिकामा ९, वनगाड कुपिन्डे नगरपालिकामा सात, कपुरकोट गाउँपालिकामा सात, त्रिवेणी गाउँपालिकामा सात, छत्रेश्वरी गाउँपालिकामा नौ, बागचौर नगरपालिकामा १६, दार्मा गाउँपालिकामा तीन, कुमाख गाउँपालिकामा एक, सिद्धकुमाख गाउँपालिकामा पाँच र शारदा नगरपालिकामा पाँच गरी कुल ६९ थान राहदानी सम्बन्धित पालिकामा पठाइएको छ।

रेग्मीले एक-दुई दिनभित्र सबै राहदानी सेवाग्राहीलाई वितरण गरिसक्ने तयारी रहेको जानकारी दिए। राहदानी वितरणको नयाँ व्यवस्थाले नागरिकलाई सहज, छिटो र पहुँचयोग्य सेवा उपलब्ध गराउने विश्वास गरिएको छ।

## कर्पोरेट

# रुपन्देहीको विद्यालयलाई कामना सेवाले गऱ्यो डस्टबिन हस्तान्तरण



**काठमाडौं**/ कामना सेवा विकास बैंक लिमिटेडले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत शाखा कार्यालय सालझन्डीमार्फत सैनामैना नगरपालिका- १०, रुपन्देहीस्थित पशुपति माध्यमिक विद्यालयलाई डस्टबिन हस्तान्तरण गरेको छ। बैंकका बुटवल क्षेत्र प्रमुख हेमन्तबाबु आचार्यले विद्यालयका प्रधानाध्यापक हरिप्रसाद थापालाई १२ थान डस्टबिन हस्तान्तरण गरेका हुन्। हस्तान्तरण कार्यक्रममा बैंकका कर्मचारी, विद्यालयका प्रधानाध्यापक, शिक्षक तथा विद्यार्थीको उपस्थिति थियो।

बुटवल प्रदेश प्रमुख आचार्यले सामुदयिक विद्यालयमा यस्ता आधारभूत सरसफाइ सामग्रीको अभाव रहने भएकाले डस्टबिन सहयोगले विद्यालयको सरसफाइ व्यवस्थापनलाई थप प्रभावकारी बनाउने विश्वास व्यक्त गरे। विद्यालयमा वितरण गरिएका डस्टबिनले विद्यार्थीमा सरसफाइको संस्कार विकास गर्न, वातावरणीय सचेतना अभिवृद्धि गर्न तथा विद्यालयपरिसरलाई स्वच्छ राख्न महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास प्रधानाध्यापक थापाले व्यक्त गरे।

स्वच्छ विद्यालय, स्वस्थ विद्यार्थी र सफा समाज निर्माणका लागि फोहोर व्यवस्थापन आवश्यक रहेको उनको भनाइ थियो। यो सहयोगले स्वच्छ र व्यवस्थित वातावरणमा अध्ययन गर्न पाउनुका साथै विद्यार्थीको सिकाइ उपलब्धि, अनुशासन तथा आत्मविश्वासमा समेत सकारात्मक प्रभाव पर्ने प्रधानाध्यापक थापाले बताए।

# सकियो सांग्रिला साइकल च्याली



**काठमाडौं**/ सांग्रिला डेभलपमेन्ट बैंकले आयोजना गरेको चौथो सांग्रिला साइकल च्याली भव्यतापूर्वक सम्पन्न भएको छ। विश्व वातावरण दिवसका अवसरमा शनिबार काठमाडौंमा आयोजना गरिएको साइकल च्यालीमा १५ सय जना सहभागी भएको बैंकले जनाएको छ।

काठमाडौंको गैरीधारास्थित एलिस रिसेप्सनबाट सुरु भएको च्यालीमा नारायणचौर, दरबारमार्ग, सुन्धारा, त्रिपुरेश्वर, माइतीघर मण्डल, नयाँ बानेश्वर, पुरानो बानेश्वर, गौशाला, रातोपुल, जैनभवन, नक्साल भगवती, भाटभटेनी, सांग्रिला डेभलमपेन्ट बैंकको केन्द्रीय कार्यालय बालुवाटार, हुँदै पुनः एलिस रिसेप्सन गैरीधारासम्मको १४ किलोमिटर दूरी पूरा गरिएको थियो।

कार्यक्रममा सहभागीलाई बैंकका सञ्चालक समिति सदस्य लिसा शेरचनले स्वागत गरेकी थिइन्। यस्तै, लक्की ड्रमार्फत विजेता बनेकी अञ्जु पराजुलीलाई बैंकका प्रमुख कार्यकारी अधिकृत सुयोग श्रेष्ठले साइकल प्रदान गरेका थिए। साथै, लक्की ड्रमार्फत नै सहभागीलाई विभिन्न गिफ्ट ह्याम्पर पनि प्रदान गरिएको थियो।

# टिभिएसका दुई मोडेल सार्वजनिक

**काठमाडौं**/ जगदम्बा मोटर्स प्रालिले नेपालमा टिभिएस रोनिनका दुई नयाँ भेरियन्ट मोनोटोन र एगोन्डा सार्वजनिक गरेको छ। ठमेलस्थित क्लब नोभामा आयोजित एक विशेष सांगीतिक कार्यक्रमबिच यी मोटरसाइकलको अनावरण गरिएको हो। नयाँ टिभिएस रोनिन मोनोटोन लाइटनिङ ब्ल्याक र म्याग्मा रेड रङमा उपलब्ध हुनेछ। यसको मूल्य चार लाख २९ हजार नौ सय रुपैयाँ (एक्स-सोरुम) निर्धारण गरिएको छ। त्यसैगरी, टिभिएस रोनिन एगोन्डा पर्ल ह्वाइट रङमा चार लाख ३९ हजार नौ सय रुपैयाँ (एक्स-सोरुम)मा उपलब्ध हुने बताइएको छ।

कम्पनीका अनुसार एगोन्डा भेरियन्ट भारतको गोवास्थित प्रसिद्ध एगोन्डा बिचबाट प्रेरित डिजाइनमा आधारित छ।

सेतो आधार रङ, रेट्रो पिनस्ट्राइप तथा विशेष स्टालियन लोगोले यसलाई आकर्षक बनाएको दाबी गरिएको छ। टिभिएस रोनिनमा २२५.९ सिसी इन्जिन जडान




गरिएको छ, जसले २०.४ पिएस पावर र १९.९३ एनएम टर्क उत्पादन गर्छ। मोटरसाइकलमा ग्लाइड थ्रु टेक्नोलोजी, असिस्ट एन्ड स्लिपर क्लच तथा ४१ एमएम युएसडी फ्रन्ट फोर्कजस्ता आधुनिक फिचर समावेश रहेका कम्पनीले जनाएको छ।

# विश्वकपलक्षित सेन्सेईको अफर : २३ हजारसम्म क्यासब्याक र फ्री एसी

**काठमाडौं**/ प्रिमियम टेलिभिजन ब्रान्ड सेन्सेईले 'सेन्सेईमा विश्वकप हेरौंला' उपहार योजना सार्वजनिक गरेको छ। कम्पनीले फिफा विश्वकपलाई लक्षित गर्दै घरबाट स्टेडियमकै अनुभूति दिलाउने उद्देश्यले यो योजना ल्याएको जनाएको छ। अफरमा आकर्षक उपहार, विस्तारित वारेन्टी तथा सहज किस्ताबन्दीलगायत सुविधा समावेश छन्।

सेन्सेई टिभी खरिद गर्ने ग्राहकले लक्की ड्रमार्फत फ्री एसीका साथै २३ हजार चार सय रुपैयाँसम्मको आकर्षक क्यासब्याक सुविधा पनि प्राप्त गर्न सक्ने कम्पनीले जनाएको छ। विश्वकपको उत्साहलाई अझ लामो समयसम्म कायम राख्ने उद्देश्यले सेन्सेईले यस अभियानमा विशेष चार वर्षको सर्भिस वारेन्टीसमेत उपलब्ध रहेको बताइएको छ।

कम्पनीका अनुसार स्मार्ट टिभीमा फोरके अल्ट्रा एचडी डिस्प्ले, डल्बी अडियो साउन्ड तथा वेबोस स्मार्ट प्लाटफर्मजस्ता अत्याधुनिक प्रविधि छन्। यी प्रविधिले विश्वकपका हरेक गोल, हरेक उत्साह र हरेक क्षणलाई जीवन्त रूपमा अनुभव गर्न मद्दत गर्ने बताइएको छ। उत्कृष्ट चित्र गुणस्तर, स्पष्ट ध्वनि र सहज स्मार्ट फिचरहरूको संयोजनले घरलाई नै विश्वकप हेर्ने आदर्श गन्तव्य बनाउने कम्पनीको दाबी छ।




'विश्वकप हेर्ने मात्र होइन, प्रत्येक खेललाई स्टेडियमकै अनुभूति दिने हाम्रो लक्ष्य हो। सेन्सेईको अत्याधुनिक प्रविधि, विशेष वारेन्टी र आकर्षक उपहार योजनाले ग्राहकलाई चार वर्षको विश्वकप, चार वर्षकै विश्वसनीयताले अझ विशेष बनाउनेछ,' कम्पनीको भनाइ छ।

यो योजना ३ साउनसम्म लागू हुने बताइएको छ। सिजी इलेक्ट्रोनिक्सअन्तर्गतको सेन्सेई ब्रान्डले नेपाली बजारमा रेफ्रिजेरेटर, वासिङ मेसिन, एयर कुलर, भ्याकुम क्लिनर, चेस्ट फ्रिजर र एलइडी टिभीजस्ता विभिन्न उत्पादन उपलब्ध गराउँदै आएको छ।

# एनआइसी एसिया बैंकले दियो तीन संस्थालाई सहयोग सामग्री

**काठमाडौं**/ एनआइसी एसिया बैंकले तीनवटा संस्थालाई सहयोग सामग्री दिएको छ। बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत परोपकारी संस्था तथा विद्यालयलाई विभिन्न सहयोग सामग्री प्रदान गरेको छ।





बिर्तामोड, झापास्थित हाम्रो साझा घरलाई फर्निचर, निजगढ, बारास्थित श्री सत्यश्वर शिवशक्ति आधारभूत विद्यालय र मेची नगरस्थित श्री अरनिको माध्यमिक विद्यालयमा शैक्षिक सामग्री सहयोग गरेको हो।

एक कार्यक्रमबिच बैंकका केन्द्रीय सञ्चालन विभाग प्रमुख प्रकाश श्रेष्ठ र बिर्तामोड सर्कल हेड डेनराज सुब्बाले हाम्रो साझा घरकी अध्यक्ष विष्णु दिदी कार्कीलाई बेड हस्तान्तरण गरेका हुन्। उक्त संस्थामा हाल ४४ भन्दा धेरै असहाय, अशक्त तथा वृद्ध व्यक्तिलाई खान बस्ने व्यवस्थासहित सहारा प्रदान गर्दै आइरहेको छ।

त्यसैगरी, वीरगन्जका सर्कल हेड गोपालप्रसाद सुवेदीले श्री सत्यश्वर शिवशक्ति आधारभूत विद्यालयका प्रधानाध्यापक उमेशकुमार स्वर्णकारलाई ल्यापटप तथा प्रोजेक्टर प्रदान गरे। यस्तै, केन्द्रीय सञ्चालन विभाग प्रमुख श्रेष्ठ र बिर्तामोड सर्कल सुब्बाले श्री अरनिको माध्यमिक विद्यालयका प्रधानाध्यापक विशाल भट्टराईलाई स्मार्टबोर्ड र ल्यापटप हस्तान्तरण गरेका हुन्। श्री सत्यश्वर शिवशक्तिमा दुई सय ६३ र अरनिको माध्यमिकमा तीन सय ५० भन्दा धेरै विद्यार्थी अध्ययनरत छन्।

यो सहयोगले संस्थामा आश्रित व्यक्तिको दैनिक जीवन अझ सहज तथा स्वस्थकर हुने अपेक्षा गरिएको छ। साथसाथै सरकारी-सामुदायिक विद्यालयलाई उपलब्ध गराइएको शैक्षिक सामग्रीले डिजिटल सिकाइ अभ्यासलाई सुदृढ बनाउने, विद्यालयमा विद्यार्थी सहभागिता बढाउने तथा गुणस्तरीय शिक्षामा सबैको पहुँच सुनिश्चित गर्नसमेत सहयोग पुग्ने बैंकले विश्वास लिएको छ।

# सगरमाथा संरक्षण अभियानमा सिबिसिएफ र एसपिसिसीको सहकार्य

**काठमाडौं**/ साइमेक्स बिवाइडी च्यारिटी फाउन्डेसन (सिबिसिएफ) र सगरमाथा प्रदूषण नियन्त्रण समिति (एसपिसिसी) र हिमाली पारिस्थितिक प्रणाली संरक्षणप्रतिको आफ्नो प्रतिबद्धतालाई पुनः पुष्टि गरेका छन्। विश्व वातावरण दिवस २०२६ को अवसरमा 'एभरेस्ट १० इनिसिएटिभ' अन्तर्गत दुवै संस्थाले सगरमाथा क्षेत्रको दिगो फोहोर व्यवस्थापन, स्वच्छ ऊर्जा प्रवर्द्धन, जलवायु सहनशीलता अभिवृद्धि तथा वातावरणीय संरक्षणका क्षेत्रमा सहकार्यलाई थप सुदृढ बनाएका हुन्।

बिवाइडीको 'कुल द अर्थ बाई १० सेल्सियस' अवधारणाबाट प्रेरित भई सिबिसिएफले सन् २०२५ देखि एसपिसिसीसँग सहकार्य सुरु गरेको थियो। यस सहकार्यको उद्देश्य सगरमाथा र खुम्बु क्षेत्रले सामना गरिरहेका वातावरणीय चुनौती समाधानका लागि नवीन तथा दीर्घकालीन उपाय विकास गर्नु रहेको बताइएको छ। यसैबिच, सिबिसिएफको सहयोगमा एसपिसिसीले पहिलोपटक क्याम्प-२ मा 'एभरेस्ट रेन्जर्स बेस' स्थापना गरेको जनाएको छ। उच्च हिमाली क्षेत्रमा परिचालित दुईजना एभरेस्ट रेन्जर्सले वातावरणीय मापदण्ड पालना, फोहोर व्यवस्थापन अनुगमन, आरोही सचेतना अभिवृद्धि तथा आपत्कालीन सहयोग सेवामा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन्।




आरोहण सिजनभर रेन्जर्सहरूले आधार शिविरभन्दा माथिका क्षेत्रमा फोहोर व्यवस्थापन गतिविधिको निगरानी गरेका थिए। विशेषगरी क्याम्प-३ र क्याम्प-४ बाट प्रत्येक आरोहीले अनिवार्य रूपमा कम्तीमा दुई केजी फोहोर फिर्ता ल्याउनुपर्ने व्यवस्थाको प्रभावकारी अनुगमन गरिएको एसपिसिसीले जनाएको छ।

एसपिसिसीको फोहोर व्यवस्थापन तथा अनुगमन प्रणालीमार्फत क्याम्प-३ र साउथ कोल क्षेत्रबाट एक हजार दुई सय २६ किलोग्राम जलाउन मिल्ने फोहोर संकलन गरिएको छ। त्यस्तै, दुई सय १० वटा इपिआई ग्यास क्यानिस्टर तथा एक हजार सात सय ६९ वटा मानवमल व्यवस्थापनका लागि प्रयोग गरिएका 'पुप ब्याग' तल्लो क्षेत्रमा झारिएको बताइएको छ।


## औद्योगिक बचत तथा ऋण सहकारी संस्था लि.
बा. औ. क्षे. बालाजु-१६, काठमाडौंको

### धितो राखेको चल अचल सम्पत्ती लिलाम बिक्रि गर्ने सम्बन्धी ३५ दिने अन्यन्तै जरुरी सूचना

(सूचना प्रकाशित मिति २०८३/०२/२४, आइतबार)

यस बचत तथा ऋण सहकारी संस्थामा तपसिलमा उल्लेखित ऋणीले यस संस्थाबाट उपभोग गर्नु भएको कर्जा रकम संस्थासंग गर्नु भएको कर्जा सम्झौता बमोजिम बुझाउनको लागी संस्थाबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिमको मिति २०८२/१२/२५ गते राष्ट्रिय दैनिक "प्रभाव दैनिक" मा कर्जा चुक्ता गर्न आउने ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणीले ऋण तिर्ने तर्फ पूर्ण वेवास्ता गरी चुक्ता गर्ने तर्फ कुनै पहल नगरेको हुँदा धितोमा राखेको चल-अचल सम्पत्ति लिलाम बिक्री गर्ने सम्बन्धी ३५ दिने अत्यन्तै जरुरी सूचना प्रकाशित गरिएको छ। लिलाम हुने दिन भित्र उक्त कर्जाको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउन सकिने व्यहोरा सम्बन्धित ऋणी सदस्यलाई यसै सूचना मार्फत जानकारी गराईन्छ। उक्त म्यादभित्र कर्जा सुरक्षणको रुपमा संस्थालाई धितोबन्धक लेखिदिएका सम्पत्ती जे जस्तो अवस्थामा छ सोही अवस्थामा प्रचलित ऐन, कानूनले दिएको अधिकार प्रयोग गरी उल्लेखित मिति, समय र स्थानमा गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले सो सम्पत्ती खरिद गरिलिन ईच्छुक महानुभावहरुको लागी समेत यो सूचना प्रकाशित गरिएको छ। उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, ईच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ। कुनै कारणवश तपशिलमा उल्लेखित सम्पती लिलाम बिक्री नभएमा सो सम्पती अन्य व्यवस्था गरी बेचविखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम संस्थाले सकार गरी लिनसक्ने र उक्त सम्पत्तीबाट संस्थाको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ।

- बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८३-०३-२८ (आइतबार)
- बोलपत्र खोलिने मिति : २०८३-०३-२९ (सोमबार)
- समय दिनको बजे : १०:००-४:०० सम्म
- लिलाम बोलपत्र खोलिने स्थान : बालाजु औद्योगिक बचत तथा ऋण सहकारीको कार्यालय सम्पर्क नं. : ०१-४९७१३६५

**तपशील**

| क.सं. | ऋणीको विवरण | फोटो | धितो/व्यक्तिगत धन जमानीकर्ताको विवरण |
|---|---|---|---|
| १. | ऋणी : **बिदुर प्रसाद श्रेष्ठ**<br>बुवा : कमल प्रसाद श्रेष्ठ<br>बाजे : गणेश प्रसाद श्रेष्ठ<br>ठेगाना : बाफल-१३, काठमाण्डौ<br>नागरिकता नं : ७७९०/१८६८८<br>जारी मिति : २०३३/०३/१८ |  | धन जमानी : **रिना खयाउँजु श्रेष्ठ**<br>बुवा : लक्ष्मी शंकर खयाउँजु<br>बाजे : शेर शंकर खयाउँजु<br>ठेगाना : बाफल-१३, काठमाण्डौ<br>नागरिकता नं : १६२१६/१८६९०<br>जारी मिति : २०४०/०३/२७<br>  |
| २. | ऋणी : **रिना खयाउँजु श्रेष्ठ**<br>बुवा : लक्ष्मी शंकर खयाउँजु<br>बाजे : शेर शंकर खयाउँजु<br>ठेगाना : बाफल-१३, काठमाण्डौ<br>नागरिकता नं : १६२१६/१८६९०<br>जारी मिति : २०४०/०३/२७ |  | धन जमानी : **बिदुर प्रसाद श्रेष्ठ**<br>बुवा : कमल प्रसाद श्रेष्ठ<br>बाजे : गणेश प्रसाद श्रेष्ठ<br>ठेगाना : बाफल-१३, काठमाण्डौ<br>नागरिकता नं : ७७९०/१८६८८<br>जारी मिति : २०३३/०३/१८<br>  |
| २. | ऋणी : **रितु श्रेष्ठ**<br>बुवा : बिदुर प्रसाद श्रेष्ठ<br>बाजे : कमल प्रसाद श्रेष्ठ<br>ठेगाना : बाफल-१३, काठमाण्डौ<br>नागरिकता नं : ०६०/९५८२०<br>जारी मिति : २०६९/०२/२४ |  | धन जमानी : **बिदुर प्रसाद श्रेष्ठ**<br>बुवा : कमल प्रसाद श्रेष्ठ<br>बाजे : गणेश प्रसाद श्रेष्ठ<br>ठेगाना : बाफल-१३, काठमाण्डौ<br>नागरिकता नं : ७७९०/१८६८८<br>जारी मिति : २०३३/०३/१८<br>  |

धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचनाः उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तान गरी, गराई आफ्नो सम्पत्तीको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनामार्फत जानकारी गराईन्छ। उल्लेखित दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाको दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ती लिलाम बिक्री गरी वा संस्था आँफैले सकार गर्दा समेत साविकमा संस्थाबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा पछि मेरो, हाम्रो सम्पत्तीको उचित मुल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा संस्था आँफैले सकार गरिलियो भनी कहिँ कतै उजुर बाजुर गर्न पाउनु हुनेछैन। साथै धितो लिलाम बिक्री सम्बन्धी अन्य शर्तहरु देहाय बमोजिम हुनेछन्।

***बोलपत्रका लागि शर्तहरु*** :

१. बोलपत्रदाताले आफुले कबोल गर्ने दररेट र कुल मूल्यलाई अङ्क र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ।
२. कबोल गरिएको उल्लेखित अङ्क र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिइने छ।
३. फारम भर्दा नबिराइकन स्पष्ट बुझिनेगरी लेख्नुपर्ने छ। बिग्रिन गई सच्याउनु परेमा अङ्क र अक्षर खुर्किन वा मेट्ने नगरी बिग्रिएको अङ्क वा अक्षर स्पष्ट पढ्न सकिने गरी केही थप्नपर्ने भएमा थपगरेका अगाडी र पछाडी सहिछाप गरेको हुनु पर्नेछ। सो नभएका बोलपत्रलाई मान्यता दिइने छैन।
४. आफुले कबोल गरेको कुल रकमको न्यूनतम १०% ले हुने रकम प्राइम बैंक लि. बालाजु शाखामा रहेको यस संस्थाको खाता नं. ००७०१०००००००८५९००१२७ मा धरौटी जम्मा गरी सक्कल बैंक भौचर बोलपत्रका साथ पेश गर्नु पर्नेछ।
५. बोलपत्र खोलिने दिनमा बिदा पर्न गएमा सो पछि लगत्तै कार्यालय खुलेको दिन बोलपत्र खोलिने छ।
६. संस्थामा प्राप्त भएका शिलबन्दी बोलपत्रहरु खोलिने दिनमा बोलपत्रदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा परेको मानिने छैन।
७. लिलामीको स्वीकृत आदेश पाएको बोलपत्रदाताले आफुले कबोल गरेको रकम मध्ये धरौटी वापत जम्मा गरेको १०% रकम कटाई सहकारी नियमावली २०७५ को नियम ३४ बमोजिम तोकिएको म्याद ७ दिन भित्र बांकी ९०% रकम दाखिला गरी लिलाम सम्पत्ति नामसारी दाखिला खारेजगरी लिइसक्नु पर्नेछ। तोकिएको म्याद भित्रमा सम्पत्ती नामसारी गरी नलिएमा निजले धरौटी वापत जम्मा गरेको रकम जफत गरी निजपछि सबैभन्दा बढी डाँक बोल्ने अर्को बोलपत्रदातालाई निजको नाममा उल्लेखित सम्पत्ति दाखिला खारेज गरी नामसारी गरिलिन संस्थाले आदेश दिनसक्ने छ।
८. नामसारी गर्दा लाग्ने राजश्व लगायत अन्य सम्पूर्ण खर्चहरु बोलपत्रदाता स्वयम्ले व्यहोर्नु पर्नेछ।
९. तोकिएको म्याद भित्र प्राप्त नभएका र रीत नपुगेका बोलपत्र उपर कुनै कार्वाही गरिने छैन।
१०. कारण खुलाई वा नखुलाई बोलपत्र स्वीकृत तथा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार संस्थामा निहित रहने छ।
११. बोलपत्रदाताले बोलपत्र साथ आफ्नो नागरीकता प्रमाणपत्रको प्रतिलिपि र फर्म/कम्पनी/संस्थागत भएमा दर्ता प्रमाण पत्र, स्थाई लेखा नम्बर दर्ता प्रमाण पत्र, कर चुक्ता/दाखिला प्रमाण पत्र तथा कम्पनीको निर्णयको प्रतिलिपि पेश गर्नुपर्नेछ।
१२. यो बोलपत्र फारम रु.५००/- अक्षरेपी रु. पाँचसय (फिर्ता नहुने) तिरी संस्थाबाट प्राप्त गर्न सकिने छ।
१३. लिलाम हुने सम्पत्ती सम्बन्धमा वा अन्य आवश्यक कुराहरु बुझ्नका लागि सार्वजनिक बिदा बाहेकका दिनहरुमा कार्यालय समयमा संस्थामा सम्पर्क राख्न सकिने छ।

का.नि.इ.नं.१२८/०६३/६४, म.से.हु.नि.इ.न. १७/०६९/०७०

■ एसिसी महिला प्रिमियर कप

# नेपाली टिमको बिर्सनलायक प्रदर्शन

**नयाँ पत्रिका**

खराब ब्याटिङलाई निरन्तरता दिएको नेपालले इतिहासमै बिर्सनलायक प्रदर्शन गरेको छ। मलेसियामा चलिरहेको एसिसी महिला प्रिमियर कपमा नेपाल शनिबार हङकङसँग मात्र ४० रन बनाउन पुग्यो। योसँगै नेपाली महिला टोली टी-२० अन्तर्राष्ट्रियमा सबैभन्दा कम योगफलमा समेटिएको छ। समूह चरणको अन्तिम खेलमा नेपाल कम योगफल बनाउँदा हङकङसँग ६९ रनले पराजित भयो।

यसअघि दक्षिण एसियाली खेलकुदमा बंगलादेशसँग ५० रनमा र दुई वर्षअगाडि मलेसियासँग ५० रनमा समेटिएको थियो। चीनसँग पराजित भएर एसियन्स गेम्समा छनोट हुन चुकेको नेपाल एकपछि अर्को प्रदर्शनमा कमजोर प्रदर्शन गर्न पुगेको हो।

नेपालकी कप्तान इन्दु बर्माले ब्याटिङ नचल्दा लज्जास्पद हार व्यहोरेको बताएकी छिन्। 'यो नेपालले खेल्ने वास्तविक क्रिकेट होइन। ओपनर र मध्यक्रमका ब्याटर नै चल्न सकेननु। सोचेजस्तो प्रदर्शन भएन। निकै निराश छौं।' कप्तान इन्दुले आगामी क्वार्टरफाइनलमा गल्ती सुधार गर्दै खेल्ने बताएकी छिन्। 'हङकङसँग जुन खेल भयो। त्यो सोचेकै थिएनौं। आगामी खेलमा यस्तो प्रदर्शन हुनेछैन।'

नेपाल र हङकङ यसअघि नै समूह 'डी'बाट क्वार्टरफाइनलमा प्रवेश गरिसकेका छन्। लगातार तेस्रो जितसँगै हङकङ समूह विजेता र एक खेलमा पराजित नेपाल उपविजेता बनेर क्वार्टरफाइनलमा पुगेका छन्। यो समूहबाट दुई अंकको भुटान र विनाअंकको कतार बाहिरिए। नेपालले भुटानलाई ५१ रन तथा कतारलाई ८ विकेटले पराजित गरेको थियो। अब, नेपालले समूह 'ए'को विजेतासँग क्वार्टरफाइनल खेल्नेछ। समूह 'ए'मा विजेता बन्न थाइल्यान्ड र जापान प्रतिस्पर्धामा छन्। क्वार्टरफाइनल जित्ने टिमले एसिया कपमा स्थान बनाउनेछ।



खराब ब्याटिङ गरेको नेपाल हङकङविरुद्ध इतिहासकै सबैभन्दा कम ४० रनमा समेटियो, उपकप्तान पूजा महतोसमेत चार खेलाडी शून्यमा आउट भएका थिए

### ४० रनमा समेटिँदा ६९ रनको हार

बलिङ र ब्याटिङमा कमजोर प्रदर्शन गरेको नेपाल ४० रनमा समेटिँदा ६९ रनले पराजित हुनपुग्यो। नेपालले कुल बनाएको रन हङकङकी यास्मिन डसवानीले एक्लै बनाइन्। उनले ४४ बलमा सर्वाधिक ४२ रन जोडेकी थिइन्। पहिले ब्याटिङ गरेको हङकङले २० ओभरमा ३ विकेट गुमाउँदै १ सय १० रनको लक्ष्य दियो। प्रत्युत्तरमा नेपालले १३.३ ओभरमा सबै विकेट गुमाएर मात्र ४० रन बनाएको थियो।

पहिलो ३ विकेट नेपालले मात्र ३ रन बनाउँदा गुमायो। पहिलो ओभरको ५ बल सकिँदा नेपालले ३ रन बनाएको थियो। ४ विकेट गुमाउँदा ७ रन बनाएको नेपालले कप्तान इन्दु बर्मालाई पनि ६ रनमा गुमायो। कप्तान इन्दु आउट हुँदा नेपालले ६.४ ओभरमा मात्र १९ रन जोडेको थियो।

सोनी पाख्रिनले १२ रन बनाउनुबाहेक अन्य खेलाडीले ठुलो स्कोर जोड्नै सकेनन्। पूर्वकप्तान रुविना क्षेत्री १० तथा सीता रानामगर र रिया शर्मा समान १ रन जोडेका थिए। उपकप्तान पूजा महतोसँगै चार खेलाडी शून्यमा आउट भएका थिए। हङकङका लागि इक्रा सहरले ४ ओभरमा ४ रन दिएर ४ विकेट लिइन्। चान का यिङ र मर्याम बिबीले समान २ विकेट आफ्नो नाममा लेखाएका थिए।

### हङकङकी यास्मिनको ४२ रन

हङकङका लागि यास्मिन डसवानीले ४४ बलमा अविजित सर्वाधिक ४२ रन बनाइन्। मारिको हिल २९, मारिना लामप्लोग १८ रन तथा चानका बिङले ११ रन जोडेकी थिइन्। नेपालका लागि रिया शर्मा र रुविना क्षेत्रीले समान १ विकेट लिए।

**अंक तालिका**

| टिम | खेल | जित | बराबर | हार | अंक |
|---|---|---|---|---|---|
| हङकङ | ३ | ३ | ० | ० | ६ |
| नेपाल | ३ | २ | ० | १ | ४ |
| भुटान | ३ | १ | ० | २ | २ |
| कतार | ३ | ० | ० | ३ | ० |

## ■ फाइनल पुग्न नेपाल र ओमान खेल्दै



एसिया कपमा स्थान बनाइसकेको नेपालले एसियाली खेलकुद छनोट प्रतियोगिताको फाइनल प्रवेश गर्न आज ओमानसँग खेल्दै छ। सिंगापुरमा हुने खेल नेपाली समयअनुसार बिहान ७:१५ मै हुनेछ।

नेपाल लगातार प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्दै फाइनलमा पुग्ने योजनामा छ। दीपेन्द्रसिंह ऐरीको कप्तानीमा नेपालले लगातार दुई खेल जितिसकेको छ। दुबै खेलमा ओपनर कुशल भुर्तेलले शतक बनाउँदा नेपालले सहज जित निकालेको हो। पहिलो खेलमा चीनविरुद्ध नेपाल २२१ रनले विजयी भएको थियो। दोस्रो खेलमा पनि मलेसियाविरुद्ध नेपाल हाबी हुँदै १६७ रनको जित निकाल्यो। नेपाल समूह 'ए'को विजेता बन्दै सेमिफाइनलमा प्रवेश गरेको थियो। समूह 'बी' तीनमध्ये दुई खेल जित्दै ओमान उपविजेता बनेको हो।

ओमानले पहिलो खेलमा डिएलएस पद्धतिमा आयोजक सिंगापुरलाई ७ रनले पराजित गर्‍यो। दोस्रो खेलमा बहराइनलाई २० रनले पराजित गर्दा तेस्रो खेलमा हङकङसँग भने १५४ रनले पराजित भएको थियो। प्रतियोगिताको दुई समूहको शीर्ष दुईमा रहेको नेपाल र हङकङसँगै ओमान र मलेसिया एसियन्स गेमका लागि छनोट भइसकेका छन्।

# एसियन गेम्समा भारतको बलियो टोली घोषणा

एसियाली खेलकुदमा स्वर्ण पदक जित्ने लक्ष्य बनाएको भारतले युवा स्टार वैभव सूर्यवंशीसहित अभिषेक शर्मा, जसप्रित बुमराह, अक्षर पटेल, ईशान किसनजस्ता सिनियर टिमबाट खेलेका अधिकांश खेलाडीलाई टिममा समावेश गरेको छ



**नयाँ पत्रिका**

नेपाली राष्ट्रिय पुरुष क्रिकेट टोलीले पनि सहभागिता जनाउने पक्का भइसकेको २० औं संस्करणको एसियाली खेलकुदका लागि बलियो भारतीय क्रिकेट टोलीको घोषणा भएको छ। शनिबार भारतीय क्रिकेट बोर्ड (बिसिसिआई)ले नयाँ कप्तान श्रेयस अय्यरको कप्तानीमा १५ सदस्यीय टिम घोषणा गर्‍यो।

तिलक बर्मालाई उपकप्तानको जिम्मेवारी दिइएको टोलीमा वैभव सूर्यवंशीले पहिलोपटक स्थान बनाएका छन्। उनी १५ वर्षमै टिममा स्थान बनाउन सफल भएका छन्। इन्डियन प्रिमियर लिगमा उत्कृष्ट प्रदर्शन गरेपछि सूर्यवंशी एसियाली खेलकुदसँगै इंग्ल्यान्ड र आयरल्यान्डविरुद्ध हुने टी-२० आई शृंखलामा पनि स्थान बनाएका छन्। स्वर्ण पदक जित्ने लक्ष्य बनाएको भारतले अभिषेक शर्मा, जसप्रित बुमराह, अक्षर पटेल, ईशान किसनजस्ता सिनियर टिमबाट खेलेका अधिकांश खेलाडीलाई स्थान दिएको छ।

आगामी सेप्टेम्बरमा जापानमा हुने यस संस्करणको एसियाली खेलकुदको पुरुष क्रिकेटमा नेपालले छनोट चरण पार गरेर सहभागिता जनाउन लागेको हो। नेपालसँगै ओमान, मलेसिया र हङकङले एसिया छनोटबाट एसियाली खेलकुद खेल्ने पक्का भएको छ। यस्तै, जापानले आयोजकको नाताले सिधै प्रतियोगिता खेल्नेछ। त्यसबाहेक भारतसँगै टेस्ट राष्ट्रहरू पाकिस्तान, श्रीलंका, बंगलादेश र अफगानिस्तानले सिधै एसियाली खेलकुद खेल्नेछन्।

### ■ १५ वर्षीय सूर्यवंशी टिममा

बिसिसिआईले कप्तान सूर्यकुमार यादवलाई कप्तानबाट हटाएर पहिलोपटक अय्यरलाई कप्तानीको जिम्मेवारी दिएको छ। भारतीय राष्ट्रिय टिममा १५ वर्षीय किशोर वैभव सूर्यवंशीले पहिलोपटक स्थान बनाएका छन्। भारतीय टोलीमा भर्खरै आइपिएल च्याम्पियन टोली बेंगलुरुका भने कुनै खेलाडी समावेश रहेका छैनन्। टिममा कप्तान श्रेयसँगै तिलक बर्मा, रवि बिस्नोई, अभिषेक शर्मा, नीतिशकुमार रेड्डी, जसप्रित बुमराह, सञ्जु स्यामसन, अक्षर पटेल, हर्षित राना, ईशान किसन, वासिङटन सुन्दर, अर्सदीप सिंह, शिभम दुबे, बरुण चक्रवर्ती र वैभव सूर्यवंशी छन्।

### ■ राहुल र गिलको शतकमा सानदार सुरुवात

भारतले अफगानिस्तानविरुद्धको टेस्टमा सानदार सुरुवात गरेको छ। भारतको न्यु चन्दिगर टस जितेर ब्याटिङ गरेको घरेलु टोलीको लागि केएल राहुल र कप्तान शुभमन गिलले शतक बनाएका छन्। भारतले पहिलो दिनको खेल सकिँदा तीन विकेट गुमाएर ३ सय ६८ रन बनाएको छ। पहिलो दिन पाँच ओभर हुन सकेन। भारतले दोस्रो दिनको बिहानीसत्र पनि ब्याटिङ गर्ने सम्भावना छ। भारत ४ सयमाथिको लक्ष्य दिने योजनामा देखिन्छ।

भारतका लागि कप्तान गिलले १०३ रन बनाएर खेलिरहेका छन्। उनले ११ चौका र १ छक्का हिर्काएका छन्। गिललाई क्रिजमा ५० रन बनाएर ऋषभ पन्तले साथ दिएका छन्। पन्तले २ चौका र ३ छक्का हिर्काएका छन्। त्यसअघि ओपनर राहुलले ११ चौकासहित १ सय रन बनाएर आउट भए। अर्का ओपनर यशस्वी जैसवाल २४ रन बनाएर आउट हुँदा तेस्रो नम्बर क्रिजमा आएका साई सुदर्शनले ८१ रन जोडेका थिए। दोस्रो विकेटको लागि राहुल र सुदर्शनले १३९ रन तथा चौथो विकेटका लागि पन्त र गिलले अविजित १२१ रनको साझेदारी गरिरहेका छन्।

## खेल संक्षेप

### लाङटाङ ट्रेल रनको उपाधि मिलन र अञ्जली

**काठमाडौं**/ लाङटाङ ट्रेल रनको उपाधि पुरुषतर्फ मिलन कुलुङ र महिलातर्फ अञ्जली गुरुङले जितेका छन्। शनिबार रसुवाको गोसाइँकुण्ड गाउँपालिकाअन्तर्गत लाङटाङको क्यान्जेन गुम्बादेखि स्याफ्रुबेँसीसम्म ३२ किलोमिटर दूरी मिलनले २ घण्टा १६ मिनेट ४३ सेकेन्डमा पूरा गरेका हुन्। धीरबहादुर बुढा २ घण्टा १८ मिनेट ४७ सेकेन्डका साथ दोस्रो, विशाल राई २ घण्टा २० मिनेट ०२ सेकेन्डका साथ तेस्रो, गोपाल तामाङ २ घण्टा २० मिनेट ३९ सेकेन्डका चौथो तथा चन्द्र रावत पाँचौं भए। यस्तै, महिला प्रतिस्पर्धातर्फ अञ्जलीले ४ घण्टा ४५ मिनेट ०३ सेकेन्डमा दौड पूरा गर्दै प्रथम स्थान हासिल गरिन्। दोस्रो स्थानमा सुरक्षा तामाङ र तेस्रो स्थानमा अस्ट्रेलियन खेलाडी आना लेना फर्टनर भइन्। रसुवा नुवाकोट पर्यटन समाजको आयोजना तथा बागमती प्रदेश संस्कृति तथा पर्यटन मन्त्रालयको सहयोगमा सम्पन्न म्याराथनमा १०६ जना खेलाडी सहभागी भएका थिए। जसमा १८ महिला र ८८ पुरुष खेलाडी रहेका थिए।

### बुद्धिचाल उपाधि क्षितिजलाई

**काठमाडौं**/ राष्ट्रव्यापी प्रथम वडाध्यक्ष कप खुल्ला फिडे रापिड रेटिङ बुद्धिचाल प्रतियोगिताको उपाधि एफएम क्षितिज भण्डारीले जितेका छन्। प्रतियोगिताका उच्च वरीयता २२०० रेटेड खेलाडी क्षितिजले ९ चरणको खेलमा ८ जित र एक बराबरी नतिजा प्राप्त गर्दै ८.५ अंकका साथ विजय हासिल गरेका हुन्। काठमाडौं महानगरपालिका वडा नं. १० को आयोजनामा सम्पन्न प्रतियोगिताको विजेता क्षितिजलाई प्रमुख अतिथि बागमती प्रदेशका सांसद दीपेन्द्र श्रेष्ठ र काठमाडौं महानगरपालिका वडा नं. १० का अध्यक्ष रामकुमार केसीले नगद ३५ हजारसहित सम्मान गरे। प्रतियोगितामा तीनजना खेलाडीले समान ७.५ अंक बनाउँदा सिएम सुश्रुत दाहालले टाइब्रेक प्वाइन्टका आधारमा दोस्रो स्थान हासिल गर्दै ३० हजार पाए। यसैगरी, महिला विधातर्फ रिया श्रेष्ठ प्रथम हुँदै १२ हजार प्राप्त गरिन्।

### कृष्ण र अञ्जु प्रथम

**काठमाडौं**/ पाँचौं काठमाडौं महानगरपालिका वडा नं. ४ स्तरीय दौड प्रतियोगिताको उपाधि कृष्ण राई र अञ्जु बुढाले जितेका छन्। शनिबार सम्पन्न ५ किमि दौडमा कृष्णले पुरुष र अञ्जुले महिलातर्फ उपाधि जितेका हुन्। काठमाडौं वडा नं. ४ द्वारा आयोजित दौड प्रतियोगितामा कृष्णले १९ मिनेट ५६ सेकेन्डमा दूरी पार गर्दै सफलता हात पारेका हुन्। रमेश सिंह २० मिनेट ३२ सेकेन्डका साथ दोस्रो तथा रावल तिनवा २० मिनेट ३६ सेकेन्डसहित तेस्रोमा रहे। अञ्जुले २१ मिनेटमा ५ किमि पूरा गर्दै महिलातर्फ पहिलो स्थान हासिल गरेकी हुन्। गोमा राई २१ मिनेट २७ सेकेन्डसहित दोस्रो भइन् भने जानकी श्रेष्ठले ३८ मिनेट ५ सेकेन्डसाथ तेस्रो स्थान हासिल गरिन्। तीन किमि छात्रतर्फ धुम्रवराह मावितका सुमन तामाङ (११ मिनेट २० सेकेन्ड) पहिलो, बाँसबारी मावितका राजेश शाही (११ मिनेट २४ सेकेन्ड) दोस्रो र सलमान सेख (११ मिनेट २८ सेकेन्ड) तेस्रो भए।

### बाघभैरव टिम च्याम्पियन

**काठमाडौं**/ नेपालको बाघभैरव डोजोले १८औं इन्डो-नेपाल खुला कराँते प्रतियोगिताको उपाधि जितेको छ। शनिबार ७ स्वर्ण, ३ रजत र २ कांस्य पदकसाथ बाघभैरव समग्रमा टिम च्याम्पियन बन्यो। मित्रपार्कस्थित आयोजक टेक्सास इन्टरनेसनल कलेजमा भएको प्रतियोगितामा ६ स्वर्ण, ७ रजत र २३ कांस्यसहित भारत दोस्रो भयो। तेस्रो स्थानमा रहेको नेपालको ठैब डोजोले ४ स्वर्ण र १ कांस्य हात पाऱ्यो। नेपाल गोजुकाई कराँते डो संघको प्राविधिक सहयोगमा भएको प्रतियोगिताको पुरुषमा अरनिको डोजोका रोशन खत्री तथा महिलामा चिल्ड्रेन मोडेल मावितकी अयुष्मा मगर उत्कृष्ट खेलाडी घोषित भए। दुईदिने प्रतियोगितामा नेपालबाट २ सय ३२ र भारतबाट २२ गरी जम्मा २ सय ५४ खेलाडीले २२ स्पर्धामा प्रतिस्पर्धा गरेका थिए।

## डिएभी र सैनिक आवासीय सेमिफाइनलमा



**काठमाडौं**/ काठमाडौं जिल्ला क्रिकेट संघको आयोजनामा चलिरहेको तेस्रो एसियन इलर्निङ 'जयकुमारनाथ शाह स्मृति' यू-१६ इन्टरस्कुल क्रिकेट प्रतियोगितामा डिएभी सुशील केडिया विश्व भारती स्कुल र सैनिक आवासीय महाविद्यालय सेमिफाइनलमा प्रवेश गरेका छन्। शनिबार माथिल्लो मूलपानी क्रिकेट मैदानमा सम्पन्न पहिलो क्वार्टरफाइनल खेलमा डिएभीले केएमसी स्कुललाई ९४ रनले पराजित गऱ्यो।

टस जितेर पहिले ब्याटिङ गरेको डिएभीले निर्धारित २० ओभरमा ७ विकेट गुमाएर १५८ रनको लक्ष्य थियो। प्रत्युत्तरमा केएमसी १३.२ ओभरमा सबै विकेट गुमाउँदा मात्र ६३ रन बनायो। टोलीका लागि आरुष झाले ४६ बलमा ६ चौका र १ छक्कासहित सर्वाधिक ५९ रन बनाए। कमल शाहीले ४१ तथा प्रसिद्ध जैसीले १८ बलमा २६ रनको योगदान दिए। केएमसीका श्रीजल भट्टले २ तथा अमितकुमार दासले १ विकेट लिए।

केएमसीका अमितकुमार दासले १५ तथा विधान सापकोटाले ११ रन बनाए पनि टोलीलाई जिताउन सकेनन्। यस्तै, दोस्रो क्वार्टरफाइनलमा सैनिक आवासीय महाविद्यालयले अपी स्कुललाई १ विकेटले पराजित गर्दै सेमिफाइनल यात्रा तय गऱ्यो। टस जितेर पहिले ब्याटिङ गरेको अपी स्कुल १९.२ ओभरमा सबै विकेट गुमाउँदा ८४ रनको लक्ष्य दियो। प्रत्युत्तरमा सैनिक आवासीयले निकै रोमाञ्चक खेलमा १९.५ ओभरमा ९ विकेट गुमाएर जित निकालेको हो। अपीका युगान्त कार्कीले सर्वाधिक ३४ रन बनाए। यसअघि सैनिकका लागि सुशान्त नेपालले २४ तथा आभाष केसीले अविजित २० रन बनाए। डिएभीले अब सेमिफाइनलमा मोक्षदा स्कुल र जेम्स स्कुलबिचको विजेतासँग सोमबार खेल्नेछ। यस्तै, सैनिकले नेपाल पुलिस स्कुल र रत्नराज्य माध्यमिक विद्यालयबिचको विजेतासँग खेल्नेछ।

## ■ भारत फेरि च्याम्पियन



**काठमाडौं**/ भारत सात वर्षपछि साफ महिला च्याम्पियनसिपको उपाधि जित्न सफल भएको छ। दक्षिण एसियाली फुटबल महासंघ (साफ)ले आयोजना गरेको च्याम्पियनसिपमा भारत छैटौंपटक उपाधि हात पार्न सफल भयो। पछिल्लो दुई संस्करण भने बंगलादेशले जितेको थियो। यसपटक उपाधि ह्याट्रिक गर्ने बंगलादेशको योजनामा भारत बाधक बन्यो। शनिबार गोवास्थित नेहरू रंगशालामा भारतले बंगलादेशलाई ३-१ ले हरायो। भारतको जितमा प्यारी छाका, सान्फिदा नोनग्रुम र ल्यान्डी कोमले समान एक गोल गरे। बंगलादेशका लागि ऋतु पोर्णा चक्माले एक गोल फर्काएकी हुन्। पछिल्लोपटक सन् २०१९ मा भारतले उपाधि जितेको थियो।

■ फिफा विश्वकप-२०२६

# घरेलु मैदानमै इतिहास रच्ने क्यानडाको योजना

एजेन्सी

आफैंले प्रतियोगिता आयोजना गरिरहँदा क्यानडाको राष्ट्रिय टिमलाई इतिहासमै पहिलोपटक विश्वकपको समूह चरण पार गर्ने दबाबले सधैं थिचिरहनेछ। क्यानडा प्रतियोगिताको समूह 'बी'मा स्विट्जरल्यान्ड, कतार र बोस्निया हर्जगोभिनासँग परेको छ। बोस्निया हर्जगोभिना त्यही टोली हो, जसले विश्वकप स्थानका लागि भएको युरोपियन प्लेअफमा चारपटकको च्याम्पियन इटालीलाई निराश पारेको थियो। क्यानडाले समूहका सबै खेल घरेलु मैदानमा खेल्नेछ। जहाँ समर्थकको पर्याप्त साथ पाउँदा सुखद नतिजाको अपेक्षा हुनेछ।

क्यानडा खासमा हक्कीका लागि बढी चिनिन्छ। तर, यसपालि टोली विश्व खेलकुदकै सबभन्दा ठुलो प्रतियोगिताको आयोजकमध्ये एक भइरहँदा फुटबलमा पनि विशेष छाप छोड्न चाहन्छ। क्यानडा यसअघि दुईपटक विश्वकपलाई छनोट भएको थियो। सन् १९८६ र २०२२ मा यसअघि विश्वकप खेले पनि टोली समूह चरण पार गर्न भने सफल भएको थिएन। अमेरिकी प्रशिक्षक जेसी मार्स टिमको 'आक्रामक, आत्मविश्वासी र सशक्त' खेल शैलीले आसन्न प्रतियोगितामा प्रभाव छाड्ने विश्वास राख्छन्।

चार वर्षअघि कतारमा क्यानडा आफ्नो समूहको पुछारमा रहँदै घर फर्किएको थियो। तर, अल्फोन्सो डेभिसले क्रोएसियासँग ४-१ को नतिजामा पराजित भएको खेलमा एक गोल गरेका थिए। जुन फिफा विश्वकपको इतिहासमा क्यानडाको पहिलो गोल थियो। अहिले पनि क्यानडाको टिमले सबभन्दा बढी आशा गरेका खेलाडी बायर्न म्युनिखका डेभिस नै हुन्। यसैगरी, युभेन्टसका फरवार्ड जोनाथन डेभिड र साउथह्याम्पटनका काइल लारिन क्यानडाको टिमका अन्य स्टार नाम हुन्। फिफा विश्व वरीयताको ३०औं स्थानमा रहेको क्यानडाले जुन १२ मा टोरन्टोमा बोस्निया हर्जगोभिनासँग खेल्दै विश्वकप यात्रा सुरु गर्नेछ।



यस्तो छ क्यानडा रहेको समूह

### १ स्विट्जरल्यान्ड

स्विट्जरल्यान्ड पछिल्ला पाँच विश्वकपमा लगातार सहभागी थियो। पछिल्ला तीन विश्वकपमा टोली नकआउट चरण पुग्न पनि सफल भयो। तर, त्यसभन्दा माथि उक्लिन भने टोली सफल भएको छैन। स्विट्जरल्यान्ड तीनपटक विश्वकपको क्वार्टरफाइनल खेलिसकेको टिम हो। तर, त्यो सन् १९५४ यता सम्भव भएको छैन। स्विट्जरल्यान्डका कप्तान ग्रानिट जाका, जो इंग्लिस प्रिमियर लिगको क्लब सन्डरल्यान्डबाट व्यावसायिक फुटबल खेल्छन्, उनले राष्ट्रिय टिमका लागि १४० अन्तर्राष्ट्रिय खेल खेलिसकेका छन्। प्रशिक्षकको रूपमा पूर्वसेन्टर ब्याक मुरात याकिनले आसन्न विश्वकपमा स्विट्जरल्यान्डको नेतृत्व गर्नेछन्। उनले स्विस टिमका लागि ४९ अन्तर्राष्ट्रिय खेल खेलेका थिए।

### २ कतार

कतारका लागि यो विश्वकपमा दोस्रो सहभागिता हो। यसअघि सन् २०२२ मा आफैंले विश्वकप आयोजना गर्दा मध्यपूर्वको यो सानो देश विश्व फुटबलको सबभन्दा ठुलो प्रतियोगिताको हिस्सा बनेको थियो। जहाँ टोली समूह चरणबाटै बाहिरिएको थियो।

घरेलु मैदानमा सम्पन्न चार वर्षअघिको उक्त विश्वकपमा कतारका लागि एक मात्र गोल मोहम्मद मोन्टारीले गरेका थिए। फिफा विश्व वरीयताको ५६औं स्थानमा रहेको कतारलाई विश्वकपमा स्पेनिस प्रशिक्षक जुलेन लोप्तेगीले नेतृत्व गर्नेछन्। पूर्वगोलकिपर लोप्तेगीले वेस्ट ह्याममा ६ महिने जागिर खाएपछि कतारी टिममा जिम्मेवारी लिएका थिए। पछिल्लो दुई दशकदेखि निकै ठूलो महत्त्वाकांक्षाका साथ फुटबलमा लगानी गर्दै आएको कतारले चार वर्षअघि भव्य विश्वकप आयोजना गरिसकेको छ। अब भने कतारले आफ्नो राष्ट्रिय टिमलाई विश्वस्तरको बनाउने र घरेलु लिगलाई पनि बलियो पार्ने महत्त्वाकांक्षा बोकेको छ। यही कारण हो कतारी राष्ट्रिय टिमका सबैजसो खेलाडी देशमै व्यावसायिक फुटबल खेल्छन्।

### ३ बोस्निया हर्जगोभिना

बोस्निया हर्जगोभिनाले विश्वकपको अन्तिम दुईमध्ये एक स्थान हासिल गर्ने क्रममा चारपटकको विश्व च्याम्पियन इटालीलाई पेनाल्टी सुटआउटमा हराएको थियो। मार्च ३१ मा पाएको त्यो ऐतिहासिक जितले पूरा देशभर राष्ट्रिय महोत्सवको माहोल सिर्जना गरेको थियो। स्ट्राइकर इडिन जेको बोस्नियाको फुटबल इतिहासकै सर्वोत्कृष्टमध्येका एक खेलाडी हुन्। इटालीलाई पराजित गरेको त्यो छनोटको प्लेअफमा जेकोको पाखुरामा चोट लागेको थियो।

४० वर्षे जेको जर्मनीको साल्के ०४ बाट व्यावसायिक फुटबल खेलिरहेका छन्। उनी बोस्नियाका कीर्तिमानी अन्तर्राष्ट्रिय गोलकर्ता हुन्। उनले १४८ अन्तर्राष्ट्रिय खेलमा ७३ गोल गरेका छन्।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com